# सम्प्रेषण साहित्यिक पत्रिकाको अध्ययन र विश्लेषण

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका लागि
दसौं पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


शोधार्थी
**प्रतिमा न्यौपाने**
क्याम्पस रोल नं. ६/२०६२-६४
रजिष्ट्रेशन नं. : ६-१-२३९-११६-९९
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०६७

# सम्प्रेषण साहित्यिक पत्रिकाको अध्ययन र विश्लेषण

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका लागि
दसौं पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

शोधनिर्देशक
**कपिलमणि रेग्मी**


शोधार्थी
**प्रतिमा न्यौपाने**
क्याम्पस रोल नं. ६/२०६२-६४
रजिष्ट्रेशन नं. : ६-१-२३९-११६-९९
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०६७

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिकशास्त्र सङ्काय
## वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
## नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका विद्यार्थी प्रतिमा न्यौपानेले नेपाली एम्.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **सम्प्रेषण साहित्यिक पत्रिकाको अध्ययन र विश्लेषण** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

**प्रा.डा. नारायणप्रसाद खनाल** ..................................
विभागीय प्रमुख हस्ताक्षर

**स.प्रा. कपिलमणि रेग्मी** ..................................
शोधनिर्देशक हस्ताक्षर

**प्रा.रामबाबु घिमिरे** ..................................
बाह्यपरीक्षक हस्ताक्षर

मिति : २०६७/ ०७ /३०

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागको स्नातकोत्तर दोस्रो वर्षकी छात्रा प्रतिमा न्यौपानेले **सम्प्रेषण साहित्यिक पत्रिकाको अध्ययन र विश्लेषण** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै अध्ययन गरी परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६७/ ०६ /१६

**कपिलमणि रेग्मी**

सह-प्राध्यापक

त्रिभुवन विश्वविद्यालय

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

**सम्प्रेषण साहित्यिक पत्रिकाको अध्ययन र विश्लेषण** नामक शीर्षकको यो शोधपत्र स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरू श्री कपिलमणि रेग्मीज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । कतिपय व्यावहारिक र कलेजका काममा व्यस्त रहँदा-रहँदै पनि आफ्नो अमूल्य समय दिएर मलाई सजग र सचेत गराई समुचित निर्देशन दिनुहुने शोधनिर्देशक आदरणीय गुरू कपिलमणि रेग्मीलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधशीर्षकलाई स्वीकृति प्रदान गरी आवश्यक सुझाव दिनुहुने विभागीय प्रमुख डा. नारायणप्रसाद खनालज्यूप्रति पनि कृतज्ञताज्ञापन गर्नु आफ्नो कर्तव्य सम्झन्छु । शोधपत्र तयार गर्नका लागि विभिन्न सुझाव प्रेरणा एवम् आवश्यक पुस्तक, पत्रपत्रिकाहरू उपलब्ध गराई हरतरहबाट सहयोग गर्नुहुने शहीदस्मृति कलेज, रत्ननगरका सहप्राध्यापक श्री रामबाबु घिमिरे र लक्ष्मण अर्यालप्रति म हृदयदेखि नै आभार व्यक्त गर्दछु । शोध सन्दर्भमा विभिन्न प्रकारले सहयोग र ऊर्जा प्रदान गर्नुहुने त्रि.वि.केन्द्रीय विभागका सहप्राध्यापक डा. लक्ष्मणप्रसाद गौतम, वीरेन्द्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा. गणेशप्रसाद खराल तथा प्रा. श्री दीनानाथ पण्डितज्यूप्रति पनि म चिर ऋणी छु । शोधको परिशिष्ट खण्डमा अन्तर्वार्ता दिई सहयोग गर्नुहुने प्राध्यापकहरू श्री धनराज गिरी, तिलकराज शर्मा, केदारनाथ खनाल, डी.आर. पोखरेल तथा पूर्णप्रसाद अधिकारीप्रति पनि अत्यन्त आभारी छु ।

यस शोधपत्र तयार गर्नका लागि विभिन्न पुस्तक तथा पत्रपत्रिका उपलब्ध गराइदिने त्रि.वि.केन्द्रीय पुस्तकालय, वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय, शहीदस्मृति क्याम्पस पुस्तकालय, **सम्प्रेषण** प्रकाशन कार्यालय तथा सम्बन्धित कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । शोधकार्यका लागि प्रोत्साहित गर्ने स्मल हेभन स्कुलका मेरा सहकर्मी साथीहरू श्री छविरमण न्यौपाने, ऋषिराम भट्टराई, विष्णुमाया अर्याल तथा सहपाठी साथी बिन्दु चौधरी पनि धन्यवादका पात्र हुनुहुन्छ । शोधपत्र तयारीका लागि प्रोत्साहन तथा पूर्ण सहयोग गर्नुहुने मेरी पूजनीय सासूआमा बालकुमारी अधिकारी, सदा झकझक्याइरहनुहुने मेरा आदरणीय बुबाआमा फनिन्द्रराज न्यौपाने र योगमाया न्यौपानेको योगदानलाई कदापि बिर्सन सक्दिनँ । हरतरहबाट साथ र सहयोग गर्नुहुने मेरा जीवनसँगी पुष्पराज अधिकारी (सहायक प्राध्यापक, मर्स्याङ्दी बहुमुखी क्याम्पस)लाई पनि विशेष धन्यवाद दिन चाहन्छु । लेखनका क्रममा आएका व्यवधान हटाई अगाडि बढ्न प्रोत्साहन दिनुहुने आदरणीय जेठाजु दाजुहरू उपप्राध्यापक श्री विष्णुविलास अधिकारी (रामपुर क्याम्पस), उपप्राध्यापक श्री अरूणविलास अधिकारी (शहीदस्मारक कलेज), शिक्षक राजनबाबु अधिकारी (लक्ष्मी मा.वि. लमजुङ), जेठानी दिदीहरू बिमला अधिकारी (सहायक प्राध्यापक, न्यू मिलेनियम कलेज), अम्बिका अधिकारी, रीता अधिकारीको सहयोगलाई सदा मनन् गर्नेछु । त्यस्तै दिदी-भिनाजुहरू शान्ति-दधिराम, निर्मला-उपेन्द्र तथा बहिनी-ज्वाइँहरू रोशना-देवप्रसाद, प्रमिला-रूपक, भाइहरू केदार, कुमार, बहिनी कविता, भतिजा-भतिजीहरू अनिल, अस्मिता, अनोज, अच्युत, आशुतोष, आयुषा, छोरा आर्जन, भान्जाभान्जीहरू प्रकाश, स्वप्निल, प्रनिल, अपेक्षा, अनुपम सबैको प्रत्यक्ष-अप्रत्यक्ष सहयोगको हार्दिक सराहना गर्दछु । यसैगरी शोधपत्र टङ्कण गर्ने काममा कत्ति पनि झन्झट नमानी शोधपत्र टाइप गरिदिने के.वि. डिजाईन, बालकुमारी कलेज गेट, नारायणगढप्रति पनि विशेष धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सविनय अनुरोध गर्दै त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुरसमक्ष पेश गर्दछु ।

मिति : २०६७/०६/१६

शोधार्थी

....................

प्रतिमा न्यौपाने

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| क्र.सं. | : क्रमसङ्ख्या |
| डा. | : डाक्टर |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |
| पृ. | : पृष्ठ |
| वि.सं. | : विक्रम संवत् |
| स्व. | : स्वर्गीय |
| सम्पा. | : सम्पादक |
| मा.वि. | : माध्यमिक विद्यालय |
| कि.मि | : किलो मिटर |
| प्रा. | : प्राध्यापक |
| स.प्रा | : सहायक प्राध्यापक |
| प्रा.डा. | : प्राध्यापक डाक्टर |

# विषयसूची


स्वीकृतिपत्र

शोधनिर्देशकको मन्तव्य

कृतज्ञताज्ञापन

सङ्क्षेपीकृत शब्दसूची

विषयसूची


### पहिलो परिच्छेद

## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | 1 |
| १.२ | समस्याकथन | 1 |
| १.३ | शोधकार्यका उद्देश्यहरू | 2 |
| १.४ | पूर्वकार्यको विवरण र समीक्षा | 2 |
| १.५ | शोधकार्यको औचित्य र महत्त्व | 4 |
| १.६ | शोधकार्यको सीमाङ्कन | 4 |
| १.७ | शोधविधि | 5 |
| १.८ | शोधपत्रको रूपरेखा | 5 |


### दोस्रो परिच्छेद

## चितवनको साहित्यिक पत्रपत्रिकाहरूमा


| | | |
|---|---|---|
| २.१ | चितवन जिल्लाको भौगोलिक परिचय | 7 |
| २.२ | भौगोलिक स्थिति, क्षेत्रफल र सिमाना | 7 |
| २.३ | पृष्ठभूमि | 8 |
| २.४ | निष्कर्ष | 9 |

## तेस्रो परिच्छेद
# सम्प्रेषण पत्रिकाको विधागत रचनाहरूको विवरण


३.१ सम्प्रेषण पत्रिकामा प्रकाशित सामग्रीहरूको अनुक्रमणिका 11
- ३.१.१ कविता 11
- ३.१.२ कथा/लघुकथा 26
- ३.१.३ चिन्तन/जीवनी/लेख/निबन्ध/संस्मरण/विचार 30
- ३.१.४ समालोचना 36
- ३.१.५ हास्यव्यङ्ग्य 39
- ३.१.६ अन्तर्वार्ता 39
- ३.१.७ स्रष्टा/कृति/संस्था परिचय 40
- ३.१.८ विविध (स्तम्भ/संस्कृति/काव्य) 41
- ३.१.९ सम्पादकहरूको विवरणात्मक सूची 41
  - ३.१.९.१ प्रधान सम्पादक 41
  - ३.१.९.२ कार्यकारी सम्पादक 42
  - ३.१.९.३ अन्य व्यवस्थापन 43


## चौथो परिच्छेद
# सम्प्रेषण पत्रिकामा प्रकाशित कविताहरूको विश्लेषण


४.१ सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित कविताहरूको विश्लेषण 48
- ४.१.१ विषय प्रवेश 48
- ४.१.२ कविताको वस्तुविश्लेषण 49
  - ४.१.२.१ सम्प्रेषण वर्ष १ अङ्क १ (२०४७) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल 49
  - ४.१.२.२ सम्प्रेषण वर्ष २ अङ्क २ (२०४९) मा कविता/मुक्तक/गीत/गजल 50
  - ४.१.२.३ सम्प्रेषण वर्ष ३ अङ्क ३ (२०५०) मा कविता/मुक्तक/गीत गजल 51

| | | |
|---|---|---|
| ४.१.२.४ | सम्प्रेषण वर्ष ३ अङ्क ४ (२०५०) मा कविता/मुक्तक/गीत गजल | 52 |
| ४.१.२.५ | सम्प्रेषण वर्ष ३ अङ्क ५ (२०५०) मा कविता/मुक्तक/गीत/गजल | 53 |
| ४.१.२.६ | सम्प्रेषण वर्ष ४ अङ्क ६ (२०५०) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल | 54 |
| ४.१.२.७ | सम्प्रेषण वर्ष ५ अङ्क ७ (२०५२) मा कविता/मुक्तक/गीत/गजल | 54 |
| ४.१.२.८ | सम्प्रेषण वर्ष ५ अङ्क ८ (२०५२) मा कविता/मुक्तक/गीत/गजल | 55 |
| ४.१.२.९ | सम्प्रेषण वर्ष ६ अङ्क ९ (२०५३) मा कविता/मुक्तक/गीत/गजल | 56 |
| ४.१.२.१० | सम्प्रेषण वर्ष ६ अङ्क १० (२०५३) मा कविता/मुक्तक/गीत/गजल | 57 |
| ४.१.२.११ | सम्प्रेषण वर्ष ७ अङ्क ११ (वि.सं. २०५४) मा कविता/मुक्तक/गीत/गजल | 58 |
| ४.१.२.१२ | सम्प्रेषण वर्ष ८ अङ्क १२ (वि.सं. २०५५) मा कविता/मुक्तक/गीत/गजल | 59 |
| ४.१.२.१३ | सम्प्रेषण वर्ष ९ अङ्क १३ (वि.सं. २०६१) मा कविता/मुक्तक/गीत/गजल | 61 |
| ४.१.२.१४ | सम्प्रेषण वर्ष ९ अङ्क १४ (वि.सं. २०६१) मा कविता/मुक्तक/गीत/गजल | 63 |
| ४.१.२.१५ | सम्प्रेषण वर्ष १० अङ्क १५ (वि.सं. २०६२) मा कविता/मुक्तक/गीत/गजल | 64 |
| ४.१.२.१६ | सम्प्रेषण वर्ष ११ अङ्क १६ (वि.सं. २०६४) मा कविता/मुक्तक/गीत/गजल | 65 |
| ४.१.२.१७ | सम्प्रेषण वर्ष १२ अङ्क १७ (वि.सं. २०६५) मा कविता/मुक्तक/गीत/गजल | 66 |
| ४.१.२.१८ | सम्प्रेषण वर्ष १३ अङ्क १८ (वि.सं. २०६६) मा कविता/मुक्तक/गीत/गजल | 67 |

४.१.३ अन्तर्वस्तु वा भावविधान 68
४.१.३.१ राष्ट्रप्रेमको भावना 69
४.१.३.२ औपदेशिकता 69
४.१.३.३ जीवनप्रतिको वितृष्णा 69
४.१.३.४ युद्धको चित्रण 70
४.१.३.५ शान्तिको चाहना 70
४.१.३.६ अस्तित्वको खोजी 70
४.१.३.७ परिवर्तनको चाहना 71
४.१.३.८ संस्कृति चित्रण 71
४.१.४ निष्कर्ष 71
४.२ सम्प्रेषण पत्रिकामा प्रकाशित कथा/लघुकथाहरूको विश्लेषण 72
४.२.१ विषयप्रवेश 72
४.२.२ सम्प्रेषण पत्रिकामा प्रकाशित कथा/लघुकथाहरूको विश्लेषण 73
४.२.३ निष्कर्ष 78
४.३ सम्प्रेषण पत्रिकामा प्रकाशित लेख/निबन्ध/विचार/संस्मरणहरूको विश्लेषण 78
४.३.१ विषयप्रवेश 78
४.३.२ सम्प्रेषण पत्रिकामा प्रकाशित लेख, निबन्ध, विचार एवम् संस्मरणहरूको विश्लेषण 80
४.३.३ निबन्धको भाषाशैलीको विश्लेषण 87
४.३.४ निष्कर्ष 88
४.४ सम्प्रेषण पत्रिकामा प्रकाशित समालोचना विधाको विश्लेषण 89
४.४.१ विषयप्रवेश 89
४.४.२ सम्प्रेषण पत्रिकामा प्रकाशित समालोचनाहरूको विश्लेषण 90
४.४.३ निष्कर्ष 93
४.५ सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित हास्यव्यङ्ग्य विधाको विश्लेषण 93
४.५.१ विषयप्रवेश 93
४.५.२ सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित हास्यव्यङ्ग्यको विश्लेषण 94
४.५.३ निष्कर्ष 95
४.६ सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित अन्तर्वार्ता, संस्कृति, काव्य र अन्य विविध सन्दर्भहरूको विश्लेषण 95

४.६.१ विषयप्रवेश 95

४.६.२ सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित अन्तर्वार्ता, काव्य र अन्य विविध सन्दर्भहरूको विश्लेषण 96

४.६.२.१ अन्तर्वार्ता 96

४.६.२.२ संस्कृति 97

४.६.२.३ काव्य 97

४.६.२.४ स्रष्टा, कृति र संस्था परिचय 97

४.६.२.५ विविध 98

४.६.३ चित्रात्मकता 99

४.६.४ निष्कर्ष 99

## पाँचौँ परिच्छेद

# उपसंहार

५.१ उपसंहार 101

**सन्दर्भग्रन्थसूची**

**परिशिष्टहरू**

# पहिलो परिच्छेद

# शोधपरिचय

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

भाषासाहित्यको विकासमा पत्रपत्रिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली भाषासाहित्यको सन्दर्भमा पनि विभिन्न पत्रपत्रिकाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । चितवनबाट प्रकाशित भएका विभिन्न साहित्यिक पत्रिकाहरूमध्ये **सम्प्रेषण** साहित्यिक पत्रिका पनि एक हो । **सम्प्रेषण** पत्रिका वि.सं. २०४७ सालमा वर्ष १ अङ्क १ त्रैमासिक पत्रिकाको रूपमा देखापरेको छ । यस पत्रिकाको प्रधान सम्पादकका रूपमा रामबाबु घिमिरे रहेका छन् । अन्य सम्पादकहरूमा भोजराज वाग्ले, रामहरि शर्मा, तिलकराज शर्मा, लीलामणि भट्टराई र अर्जुन पाण्डे रहेका छन् । वि.सं. २०४७ सालमा प्रथम प्रकाशन गरिएको **सम्प्रेषण** साहित्यिक पत्रिकालाई वि.सं. २०४६ सालको जनआन्दोलनको उपज मान्न सकिन्छ किनभने यसको प्रथम अङ्कका अधिकांश लेख रचनाहरूमा जनआन्दोलनका भावनाहरू वा आवाजहरूलाई समेटिएको देख्न सकिन्छ । व्यक्तिगत प्रयासमा प्रकाशन गरिएको यस पत्रिकाको २०५६ सालपछि मात्र वाल्मीकि साहित्य सदनले आफ्नो मुखपत्र बनाएर प्रकाशन गरेको छ । साहित्यका विविध विधाहरू समेटिएको यस पत्रिकामा कविता, मुक्तक, गीत, गजल, हाइकु, समालोचना, निबन्ध, समीक्षा, वार्ता, संस्मरण, लेख, स्रष्टा परिचय, संस्था परिचय, लघुलेख, कथा, लघुकथा, हास्यव्यङ्ग्य जस्ता विविध विधाहरूलाई स्थान दिइएको छ । नेपाली साहित्यको विकासमा **सम्प्रेषण** साहित्यिक पत्रिकाले पुऱ्याएको योगदानको बारेमा अध्ययन-अनुसन्धान आवश्यक देखिएकाले **सम्प्रेषण** साहित्यिक पत्रिकाको अध्ययन र विश्लेषण विषय चयन गरिएको हो ।

## १.२ समस्याकथन

नेपाली साहित्यमा **सम्प्रेषण** साहित्यिक पत्रिकाले पुऱ्याएको योगदानका बारेमा विशेष चर्चा गर्नु यस शोधपत्रको प्रमुख समस्या हो ।

प्रस्तुत शोधपत्रका अन्य समस्याहरू यसप्रकार छन् :

(क) चितवनको साहित्यिक योगदानमा **सम्प्रेषण** साहित्यिक पत्रिकाको स्थान के छ ?

(ख) **सम्प्रेषण** पत्रिकामा विभिन्न विधाका विधागत विवरण के कति रहेका छन् ?

(ग) **सम्प्रेषण** पत्रिकामा कुन-कुन विधाका कस्ता-कस्ता रचनाहरू छन् ?

(घ) विधागत रूपमा **सम्प्रेषणमा** कुन विधा अगाडि बढेको छ ?

यिनै समस्याको समाधान गर्नमा यस पत्रिकाको विश्लेषण केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

नेपाली साहित्यमा **सम्प्रेषण** पत्रिकाले पुऱ्याएको योगदानको अध्ययन गर्नु यस शोधकार्यको उद्देश्य हो । यस्तै गरेर **सम्प्रेषणमा** कुन विधा अगाडि बढेको छ भनी जानकारी दिनु र विविध विधाका विविध रचनाहरूबारे जानकारी गराउनु पनि यसको प्रमुख उद्देश्य हो ।

प्रस्तुत शोधका मुख्य उद्देश्यहरू यसप्रकार छन् :

(क) चितवनको साहित्यिक योगदानमा **सम्प्रेषण** साहित्यिक पत्रिकाको स्थान पत्ता लगाउनु ।

(ख) विभिन्न रचनाहरूको विधागत विवरण दिनु ।

(ग) **सम्प्रेषण** पत्रिकाको विधागत विश्लेषण गर्नु ।

(घ) **सम्प्रेषण**मा प्रयुक्त प्रमुख विधा थाहा पाउनु ।

यिनै उद्देश्यहरुको अध्ययन तर्फ यो शोधकार्य अग्रसर रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यको विकासमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान महत्त्वपूर्ण छ । चितवनबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरूको पनि महत्त्वपूर्ण योगदान देखिन्छ तर ती विभिन्न साहित्यिक पत्रपत्रिकाहरूको बारेमा अद्यावधिक अध्ययन हुन सकेको छैन । **सम्प्रेषण** साहित्यिक पत्रिकाको बारेमा पनि विभिन्न पत्रपत्रिकाहरूमा केही टिकाटिप्पणी र समालोचनात्मक लेखहरू लेखिएको भएतापनि सबै अङ्कहरूको अध्ययन र विश्लेषण नगरिएको हुनाले विधागत रूपमा नै विश्लेषण गर्न लागिएको हो ।

विभिन्न पत्रपत्रिकाहरूमा **सम्प्रेषण** साहित्यिक पत्रिकाको बारेमा गरिएको टीकाटिप्पणी र समालोचनात्मक लेखहरूको विवरण कालक्रमिक निम्नानुसार रहेको छ :

(क) पूर्णप्रसाद अधिकारीद्वारा लिखित *सम्प्रेषणका दश पाइलाहरू : एक परिक्रमा* (वागीश्वरी, वर्ष ९, अङ्क ५, २०५४) नामक कृतिको पृष्ठ २१ मा **सम्प्रेषण** साहित्यिक पत्रिकाको १ देखि १० अङ्कसम्मका कृतिहरूको सामान्य विश्लेषण गर्दै, साहित्यिक विधा छुट्याएर समेत चर्चा गरेका छन् । **सम्प्रेषण** वर्ष १ अङ्क १ मा नै अत्यन्त आकर्षक आवरणमा आएको र जसभित्र कविता, मुक्तक, गजल १०, कथा १, हास्यव्यङ्ग्य १, लेखरचना ७ गरी जम्मा १९ वटा रचना विद्यमान छन् भनेका छन् तर सबै अङ्कहरूको चर्चा गरिएको छैन ।

(ख) रामकला कोइरालाको चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरूको विवरणात्मक अध्ययन (२०६१) शीर्षकको अप्रकाशित शोधपत्रको पृष्ठ १४० मा **सम्प्रेषण** साहित्यिक पत्रिकाको अङ्क १ देखि अङ्क १२ सम्म सामान्य अध्ययन र विश्लेषण गरिएको छ । जसमा देशमा भएको राजनैतिक परिवर्तनको छाप **सम्प्रेषणमा** परेको कुरा चर्चा गरिएको छ तर सीमित अङ्कहरूको मात्र चर्चा गरिएकोले यसले पूर्णता पाएको छैन ।

(ग) रमेश प्रभातद्वारा लिखित चितवनको साहित्यिक इतिहास (रामेश्वर स्मारिका, २०६४, पृष्ठ १७२) शीर्षकको लेखमा चितवनका सम्पूर्ण पत्रिका तथा एफ.एमहरूको साहित्य विकासमा विशेष भूमिका रहेको छ भन्ने कुरा उल्लेख गर्दै चितवनको साहित्य विकासमा **सम्प्रेषण**को पनि योगदान रहेको कुरा उल्लेख गर्दै सामान्य चर्चा मात्र गरिएको छ ।

(घ) कपिल अज्ञातको लेख चितवनको संस्थागत साहित्य र विकास ( चितवन महोत्सव स्मारिका, चितवन २०६५, पृष्ठ १४३) मा चितवनको संस्थागत साहित्य र विकासमा वाल्मीकि साहित्य सदनको परिचयका क्रममा **सम्प्रेषण** साहित्यिक पत्रिकाको नाम उल्लेख गरिएको छ । वाल्मीकि साहित्य सदनले सम्प्रेषणको १३ औं अङ्कदेखि आफ्नो मुखपत्र बनाएर प्रकाशन गर्न थालेको हो भनेर परिचय दिइएको छ तर विधागत र विश्लेषणात्मक अध्ययन गरिएको छैन ।

(ङ) डी.आर. पोखरेलद्वारा लिखित **सम्प्रेषण** पत्रिकाको दशवटा अङ्क सरसर्ती पढ्दा (पारदर्शी राष्ट्रिय दैनिक, चितवन, वर्ष १४ अङ्क ७४, पूर्णाङ्क २७६७, २०६६ असार २५) पृष्ठ २ मा रहेको लेखमा **सम्प्रेषण** साहित्यिक पत्रिकाको लेख रचनाहरूको र लेखकहरूको सामान्य चर्चा मात्र गरिएको छ ।

यसप्रकार **सम्प्रेषण** पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको योगदानका बारेमा सामान्य चर्चा गर्नुभन्दा बाहेक विस्तृत अध्ययन र विश्लेषण नगरिएको हुनाले यस साहित्यिक पत्रिकाको शोधकार्य गर्न लागिएको हो ।

चितवनबाट प्रकाशित हुने विभिन्न पत्रिपत्रिकाहरूमध्ये **सम्प्रेषण** पनि एक हो । अङ्क १ देखि अङ्क १८ सम्म प्रकाशित भइसकेको **सम्प्रेषण**को शोध गरिनु अत्यन्त महत्त्वपूर्ण देखिन्छ । यस पत्रिकाको शोधकार्य पश्चात् **सम्प्रेषण** साहित्यिक पत्रिकामा जिज्ञासा राख्ने व्यक्ति एवम् सङ्घ संस्था जोसुकैका लागि पनि यसले पूर्ण रूपमा सहयोग गर्ने हुनाले प्रस्तुत शोध अत्यन्त उपयोगी रहेको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

साहित्यिक पत्रिका नै पाठक समक्ष विधागत साहित्यिक रचना पुऱ्याउने सञ्चारमाध्यम हुन् । उत्कृष्ट रचना दिएर राष्ट्रिय साहित्य निर्माणमा सहयोग पुऱ्याउने पनि पत्रिका नै हुन् । त्यसैले **सम्प्रेषण** नामक पत्रिका पनि एकदेखि अठारौँ अङ्कसम्म प्रकाशित भइसकेको हुनाले हरेक क्षेत्रमा सहयोग पुऱ्याउन सक्षम छ । चितवनबाट नेपाली साहित्यको विकासमा अग्रणी स्थान हासिल गर्न सफल यस साहित्यिक पत्रिकाको बारेमा शोध गर्न औचित्यपूर्ण पनि देखिन्छ । यस शोधकार्यबाट अन्य शोधकर्ता तथा **सम्प्रेषण**का विविध पक्षमा जानकारी राख्न चाहने जो सुकैका लागि पनि मार्ग प्रशस्त हुने हुँदा प्रस्तुत शोधकार्य औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

**सम्प्रेषण** साहित्यिक पत्रिकाको अध्ययन, विश्लेषण गर्ने क्रममा यस शोधकार्यका लागि **सम्प्रेषण** पत्रिकाको अङ्क १ देखि अङ्क १८ सम्मलाई मात्र यस शोधमा समावेश गरी विधागत अध्ययन र विश्लेषण गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ । १८ औं भन्दा पछाडिका अङ्कहरूलाई समावेश गरिएको छैन । सामग्री सङ्कलनका लागि विभिन्न साहित्यिक संस्थाहरू र पुस्तकालयहरूलाई आधार बनाइएको छ ।

## १.७ शोधविधि

**सम्प्रेषण** साहित्यिक पत्रिकाको शोध गर्ने क्रममा सामग्री सङ्कलनका लागि पुस्तकालयीय पद्धति अपनाइएको छ र प्राप्त गरिएको सामग्री निगमन विधिद्वारा विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा आगमन विधिको प्रयोग गरिएको छ । आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

विभिन्न परिच्छेदहरूमा विभाजन गरेर शोधपत्रको रूपरेखा निम्नानुसार तयार पारिएको छ :

(क) **परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेदमा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको क्षेत्र र सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा रहेका गरिएको छ ।

(ख) **परिच्छेद दुई : चितवनको भौगोलिक परिचय र चितवनको विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा सम्प्रेषणको स्थान**

यस परिच्छेदमा चितवनको भौगोलिक परिचयको साथै चितवनबाट प्रकाशन हुने पत्रपत्रिकाहरूमा **सम्प्रेषण**बाट प्रकाशन हुने पत्रपत्रिकाहरूमा सम्प्रेषणको के-कस्तो स्थान रहेको छ सोको जानकारी दिइएको छ ।

(ग) **परिच्छेद तीन : सम्प्रेषण पत्रिकाका विधागत रचनाहरूको विवरण**

यस परिच्छेदमा **सम्प्रेषण** साहित्यिक पत्रिकाको अङ्क १ देखि अङ्क १८ सम्म प्रकाशित भएका, कविता, मुक्तक, गीत, गजल, कथा, निबन्ध, समालोचना, समीक्षा, अन्तर्वार्ता जस्ता विविध स्तम्भलाई विधागत वर्गीकरण गरी लेखकको नाम, रचना, शीर्षक अङ्क प्रकाशन वर्ष र पृष्ठ सङ्ख्या समेत राखेर देखाइएको छ ।

(घ) **परिच्छेद चार : सम्प्रेषण साहित्यिक पत्रिकाको विधागत रचनाहरूको विश्लेषण**

यस परिच्छेदमा सम्प्रेषण साहित्यिक पत्रिकाको अङ्क १ देखि अङ्क १८ सम्म प्रकाशित कथा, कविता, मुक्तक, लेख, रचना र समालोचनाहरूको विधागत रूपमा विश्लेषण गरिएको छ ।

(ङ) **परिच्छेद पाँच : उपसंहार**

यसमा अध्ययन गरिएका प्रत्येक परिच्छेदको सारांश दिइएको छ । यसरी प्रस्तुत शोधपत्रका प्रत्येक परिच्छेदमा आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरू दिइएको छ । त्यसपछि सन्दर्भ सामग्री सूची समावेश गरिइएको छ ।

यसरी प्रस्तुत शोधपत्रका आन्तरिक र बाह्य संरचना तथा आदि भाग, मध्यभाग र अन्तभाग निर्माण गरेर सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

## दोस्रो परिच्छेद

# चितवनको साहित्यिक पत्रपत्रिकाहरूमा सम्प्रेषणको स्थान

## दोस्रो परिच्छेद

# चितवनको साहित्यिक पत्रपत्रिकाहरूमा सम्प्रेषणको स्थान

### २.१ चितवन जिल्लाको भौगोलिक परिचय

नेपाल एसिया महादेशको दक्षिणमा हिमालयको काखमा रहेको स्वतन्त्र अधिराज्य हो । यस अधिराज्यलाई धरातलीय स्वरूपको आधारमा हिमाली, पहाडी र तराई प्रदेश गरी तीन प्रदेशमा विभाजन गरिएको छ । नदीको हिसाबले पनि यस अधिराज्यलाई कोशी, गण्डकी र कर्णाली प्रदेश गरी तीन भागमा विभाजन गर्न सकिन्छ । यस विभाजन बाहेक नेपाल अधिराज्यलाई प्रशासनिक दृष्टिकोणबाट पाँच विकास क्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा बाँडिएको छ । चितवन मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलका पाँच जिल्लाहरूमध्ये एक हो ।

### २.२ भौगोलिक स्थिति, क्षेत्रफल र सिमाना

'नेपालको दक्षिणमा रहेको चितवन जिल्ला पचहत्तर जिल्लाहरूमध्ये एक प्रमुख जिल्ला मानिन्छ । यसको उत्तरमा महाभारत पहाड र दक्षिणमा चुरे डाँडा रहेका छन् । चितवन जिल्ला ८५°५५' पूर्वदेखि ८४°४८' पूर्वी देशान्तरसम्म र २७°२१' उत्तरदेखि २७°४६' उत्तर अक्षांशसम्म छ । यो जिल्ला भारतको विहार प्रान्तसँग जोडिएको छ । यसको सदरमुकाम भरतपुर हो ।'[1]

चितवन जिल्लाको आकार समकोणिक त्रिभुजको जस्तो छ । यसको पूर्वपश्चिम लम्बाइ लगभग ९८ कि.मि. र चौडाइ सबै ठाउँमा एकनास छैन । पूर्वतिर फराकिलो र पश्चिमतिर साँघुरिँदै गएको छ । सबभन्दा बढी चौडाइ ४६ कि.मि. र सबभन्दा कम चौडाइ १/२ कि.मि. मात्र छ । यसको क्षेत्रफल करिब २५१० वर्ग किलोमिटर छ ।

---

1 बालकृष्ण शर्मा, *चितवन जिल्लाको भौगोलिक परिचय,* **विवेक चितवन परिचय विशेषाङ्क,** (चितवन : वीरन्द्र बहुमुखी क्याम्पस, २०४६) ।

## २.३ पृष्ठभूमि

'मानवीय अनुभूतिको कलात्मक अभिव्यक्ति साहित्य हो ।'[2] साहित्यमा समाजको यथार्थता झल्किने हुनाले यसलाई 'समाजको ऐना' पनि भन्ने गरिन्छ । साहित्यलाई प्रकाशित गरी पाठकसम्म पुऱ्याउने माध्यम पत्रपत्रिकालाई मानिन्छ । साहित्यलाई अगाडि बढाउनका लागि विभिन्न साहित्यिक पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

कुनै पनि राष्ट्रको भाषा साहित्यको उन्नति र विकासको लागि पत्रपत्रिकाको प्रकाशनले उल्लेखनीय भूमिका खेलेको देखिन्छ । स्रष्टाका साहित्ययात्राका प्रारम्भिक पाठशाला नै पत्रपत्रिका मानिन्छ ।

'चितवन जिल्लामा साहित्यिक पत्रकारिताको सिलसिला २०२१ बाट सुरू भयो । २०२१ मा प्रकाशित **चितवनको चिनो** नै चितवनको पहिलो साहित्यिक पत्रिकाको रूपमा स्थापित भयो । २०२५ मा प्रकाशित **दोभान** साहित्यिक पत्रिकाको जन्म भएपछि वर्तमान समयसम्म प्रकाशित पत्रपत्रिकाहरूको सङ्ख्या लगभग २०० को हाराहारीमा पुगेको देखिन्छ । चितवनबाट प्रकाशित दर्ता भएका पत्रपत्रिकाहरूको सङ्ख्या १०९ पुगेको छ भने दर्ता नभएका पत्रपत्रिका तथा मुखपत्रको सङ्ख्या ९० को हाराहारीमा रहेको देखिन्छ ।'[3]

'चितवनको साहित्यिक फाँटमा सामूहिक प्रयासबाट संस्थागत रूपमा नेपाली साहित्यको विकासको लागि अनेक प्रयासहरू भएका छन् । चितवनमा सिर्जनात्मक गतिविधिको प्रादुर्भावसँगसँगै साहित्यिक संस्थाहरूको स्थापना भएको देखिन्छ । औपचारिक रूपमा २०२२/२०२३ सालदेखि मात्र साहित्यिक गतिविधिमा क्रियाशील देखिए पनि २०१६ सालदेखि नै संस्थागत रूपमा साहित्यिक कार्यक्रमहरू भएको बुझिन्छ र ती विभिन्न संस्थाहरूबाट साहित्यिक पत्रिका प्रकाशित भएको पाइन्छ ।'[4]

साहित्य सर्जकहरूलाई प्रोत्साहित गर्दै सर्वप्रथम २०१६ सालमा नारायणी पुस्तकालयको स्थापना भएको देखिन्छ । त्यसपछि क्रमिक रूपमा *नारायणी कला मन्दिर (२०१८), चितवन साहित्य परिषद् (२०४५), पल्लव साहित्य प्रतिष्ठान (२०५२), हाम्रो मझेरी साहित्य प्रतिष्ठान (२०५७), प्रगतिशील लेखक संघ चितवन (२००८),*

---

2 प्रणिता थापा, **नेपाली साहित्यमा गोधूलि पत्रिकाको योगदान**, (त्रि.वि. अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६२), पृ. १३ ।

3 डी.आर. पोखरेल, *चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा,* (**हाम्रो सिर्जना, अनुसन्धानमुलक साहित्यिक सांस्कृतिक त्रैमासिक**) अङ्क ८ र ९, असोज, २०६६ ।

4 सरिता अधिकारी, **नेपाली साहित्यमा मधूलिका पत्रिकाको योगदान** (त्रि.वि. अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६६), पृष्ठ १४ ।

*मध्य क्षितिज वाङ्मय प्रतिष्ठान (२०६३), वाल्मीकि साहित्य सदन (२०५७), र चितवन वाङ्मय प्रतिष्ठान (२०५१)* जस्ता संस्थाहरूले चितवनको साहित्य विकासमा ठूलो योगदान पुऱ्याएका छन् । यस्ता संस्थाहरूले विभिन्न किसिमका साहित्यिक गतिविधि गर्दै साहित्यिक पत्रिकाको प्रकाशन समेत गरेको देखिन्छ ।

२०२५ मा **दोभान** साहित्यिक पत्रिकाको प्रकाशनपछि चितवनबाट प्रकाशित साहित्यिक पत्रिकाहरूको सङ्ख्या क्रमश: अगाडि बढ्दै गएको देखिन्छ । त्यसपछि क्रमश: *नौलो राँको (२०२६), छहरो (२०२७), नयाँ गोरेटो (२०२७), तिर्सना (२०२७), मारूनी (२०२८), जाँगर (२०३६), नौलो समाज (२०३७), इन्द्रकमल (२०३७), ऋचा (२०३८), आरन (२०३८), गोधुली (२०४०), कविता कुसुम (२०४१), वागीश्वरी (२०४७), सम्प्रेषण (२०४७), जनसाहित्य (२०४८), पाइला र प्रवाह (२०४८), प्रेरणा (२०५०), सुनगाभा (२०५१), मधूलिका (२०५१), उपहार (२०५१), पल्लव (२०५२), समुन्नत (२०५२), बाडुली (२०५६), नवप्राञ्जली (२०५६), हाम्रो मझेरी (२०५७), पल्लवी सन्देश (२०५८), सौदामिनी (२०५८), हाम्रो नयन (२०५८), उडान (२०५८), आदर्श (२०५८), छाँगा छहरो (२०५९), दीपज्योति (२०५९), नवसर्जक (२०५९), नवचेतना (२०५९), चितवन साहित्य (२०५९), छहारी (२०६०), चेतना (२०६०), शान्तिपुञ्ज (२०६१), अभिलाषा (२०६१), रत्नवाटिका (२०६१), कैलाश (२०६२), मितेरी (२०६२), गुराँस (२०६२), प्रभात सिर्जना (२०६२), आभा (२०६२), सरोजिनी (२०६२), सिराइचुली (२०६३), युवा आवाज (२०६३)* आदि साहित्यिक पत्रपत्रिकाहरूको प्रकाशन भएको देखिन्छ ।

यसरी प्रकाशित भएका कतिपय पत्रिकाहरू नियमित देखिन्छन् भने कतिपय पत्रिकाहरू एक दुई अङ्क मात्र प्रकाशित भएर इतिहास बनिसकेका छन् । चितवनबाट प्रकाशित साहित्यिक पत्रिकाहरूमा **वागीश्वरी, सम्प्रेषण, मधूलिका, पल्लव** लगायतका केही पत्रिकाहरू नियमित देखिन्छन् । एक दुई अङ्क प्रकाशित भएपछि बन्द हुने पत्रिकाको सङ्ख्या अत्यन्त ठूलो छ । कुनै अत्यन्त साना हवाइपत्रिका पनि निस्केका छन् भने कुनै पत्रिकामा सन्देश र ज्ञान दिने किसिमका लेख रचनाहरूको ह्रास हुँदै गइरहेको पनि देखिन्छ ।

## २.४ निष्कर्ष

**सम्प्रेषण** साहित्यिक पत्रिकाको प्रकाशन अगावै चितवनमा धेरै पत्रपत्रिकाहरू निस्किसकेको देखिन्छ । २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप २०४७ सालमा **सम्प्रेषण** साहित्यिक पत्रिकाको जन्म भएको मान्न सकिन्छ । **सम्प्रेषण** प्रथम

अङ्कका  लेख तथा रचनाहरूमा जनआन्दोलनका आवाजहरूलाई समेटिएको देख्न सकिन्छ । प्रधान सम्पादक *रामबाबु घिमिरे*को व्यक्तिगत प्रयासमा प्रकाशन भएको प्रथम अङ्कमा *सूर्यमणि अधिकारी, प्रेमविनोद नन्दन, कपिल 'अज्ञात', गोविन्दराज विनोदी* जस्ता सर्जकहरूको सामग्रीले सम्प्रेषणले आफ्नो वजन बढाएको देख्न सकिन्छ ।

पहिलो अङ्कदेखि अठारौँ अङ्कसम्म आइपुग्दा **सम्प्रेषण** व्यक्तिगत प्रयासबाट संस्थागत बनेको छ भने *वाल्मीकि साहित्य सदन*को मुखपत्रको रूपमा प्रकाशित हुन थालेको देखिन्छ । यस पत्रिकाले आफ्ना विभिन्न अङ्कहरूमा राष्ट्रिय रूपमा ख्यातिप्राप्त साहित्यकारका लेख/रचना समेट्न सफल देखिन्छ । **सम्प्रेषण** समाजको यथार्थताको चित्रण गर्दै साहित्यिक रूचि राख्ने पाठकहरूको प्रिय पत्रिका बन्न सफल भएको देखिन्छ । सामाजिक, राजनैतिक, प्रकृति प्रेम र हास्यव्यङ्ग्यात्मक लेख रचनाहरूका साथै गीत/गजल र कवितामा पनि उत्तिक्कै रूपमा अगाडि बढ्न सफल **सम्प्रेषण** विभिन्न पत्रपत्रिकाहरूको तुलनामा अग्रस्थानमा रहेको देखिन्छ ।

## तेस्रो परिच्छेद

# सम्प्रेषण पत्रिकाको विधागत रचनाहरूको विवरण

## तेस्रो परिच्छेद
# सम्प्रेषण पत्रिकाको विधागत रचनाहरूको विवरण

### ३.१ सम्प्रेषण पत्रिकामा प्रकाशित सामग्रीहरूको अनुक्रमणिका

वि.सं. २०४७ सालदेखि प्रकाशित हुन थालेको **सम्प्रेषणले** आफ्नो यात्रा अवधिमा के कस्ता र कति सामग्रीहरूलाई प्रकाशित गरेको छ भन्ने नै यस पच्छिेदहरूको उद्देश्य रहेको छ । यस पत्रिकाको प्रारम्भदेखि १८ औं अङ्कसम्म आइपुग्दा प्रकाशित *कविता, गीत, गजल, निबन्ध, कथा, समालोचना, अन्तर्वार्ता* र विविध स्तम्भलाई वर्गीकरण गरी लेखकको नाम, रचनाको शीर्षक, अङ्क, प्रकाशन वर्ष र पृष्ठ सङ्ख्या समेत राखेर देखाइएको छ । यहाँ राखिएका ती सामग्रीहरू क्रमश: कविता, कथा, लेख, निबन्ध, अन्तर्वार्ता रहेका छन् ।

### ३.१.१ कविता

सम्प्रेषण पत्रिकामा एकदेखि अठारौँ अङ्कसम्म प्रकाशित कविताहरूको सूची यसप्रकार रहेको छ :

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 1. | प्रेमविनोद नन्दन | आन्दोलन | १/१ | २०४७ | १ |
| 2. | कपिल अज्ञात | प्रतिभा | १/१ | २०४७ | १६ |
| 3. | गोविन्द विनोदी | एक मुक्तक | १/१ | २०४७ | १७ |
| 4. | दुर्गाप्रसाद पौडेल | भत्किएका बस्तीहरूमा | १/१ | २०४७ | २२ |
| 5. | लीलामणि भट्टराई | ऊ फेरि आएछ | १/१ | २०४७ | २३ |
| 6. | विजयराज भट्टराई | पर्ख पर्ख | १/१ | २०४७ | ३७ |
| 7. | हरि भट्टराई | मलाई लाग्छ | १/१ | २०४७ | ५४ |
| 8. | हरिहर खनाल | चोक र लालबहादुर | १/१ | २०४७ | ५५ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 9. | केली | चेतना | १/१ | २०४७ | ७२ |
| 10. | गोपालप्रसाद लम्साल | मेरो प्रण | १/१ | २०४७ | ८० |
| 11. | प्रेमविनोद नन्दन | युग,सडक र पाइलाहरू | २/२ | २०४९ | ७ |
| 12. | गोविन्दराज विनोदी | कविता र गरिबी | २/२ | २०४९ | ९ |
| 13. | कृष्ण गौतम | चम्चा हुँ | २/२ | २०४९ | ११ |
| 14. | चक्रपाणि अधिकारी | मुक्तक | २/२ | २०४९ | ३१ |
| 15. | होमनाथ सापकोटा | स्वदेशको माया | २/२ | २०४९ | ३३ |
| 16. | मुकुन्दप्रसाद प्रसाईं | दुई टुक्रा | २/२ | २०४९ | ३८ |
| 17. | केदारनाथ खनाल | केही टुक्रा | २/२ | २०४९ | ३९ |
| 18. | दुर्गाप्रसाद पौडेल | सेरोफेरोभित्र | २/२ | २०४९ | ४२ |
| 19. | चन्द्रविलास अधिकारी | बन्द कोठाभित्र | २/२ | २०४९ | ४३ |
| 20. | होमनाथ सापकोटा | निर्माणको फूल फुलाउँछु | २/२ | २०४९ | ४५ |
| 21. | नारायणप्रसाद खनाल | किसानको चिन्तन: चितौनको फाँट | २/२ | २०४९ | ४६ |
| 22. | रेवतीरमण खनाल | उठ उठ तन्नेरी हो | ३/३ | २०५० | १० |
| 23. | हिक्मत थापा | गजल | ३/३ | २०५० | १६ |
| 24. | दुर्गाप्रसाद पौडेल | मेरो माटो | ३/३ | २०५० | १७ |
| 25. | प्रेमविनोद ‘नन्दन’ | म त गोरू हैन | ३/३ | २०५० | १९ |
| 26. | गोविन्दराज विनोदी | आज शरद शरदजस्तो छैन | ३/३ | २०५० | २५ |
| 27. | होमनाथ सापकोटा ‘सिद्धार्थ’ | मेरो राष्ट्र र म | ३/३ | २०५० | ३१ |
| 28. | लकाश पौडेल | विसङ्गतिभित्र बाँचेको यो जिन्दगी | ३/३ | २०५० | ३५ |
| 29. | अञ्जना पोखेल | लाखौंलाख वर्ष बाँच तिमी | ३/३ | २०५० | ४० |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 30. | केदारनाथ खनाल | श्रद्धाञ्जलि | ३/३ | २०५० | ४९ |
| 31. | शराह | भिक्षाटन | ३/३ | २०५० | ५२ |
| 32. | लीलामणि भट्टराई | पोखिएका केही कनिकाहरू | ३/३ | २०५० | ५२ |
| 33. | मनु ब्राजाकी | गजल | ३/४ | २०५० | १ |
| 34. | कुन्ता शर्मा | मन उर्वर माटो हो | ३/४ | २०५० | २ |
| 35. | पेशल आचार्य | देश दुख्न थालेको बेला | ३/४ | २०५० | ४ |
| 36. | विवश बस्ती | काठमाडौं: केही रूप | ३/४ | २०५० | ५ |
| 37. | मुकुन्द आचार्य | दुई टुक्रा | ३/४ | २०५० | ६ |
| 38. | केशवलाल श्रेष्ठ | मान्छे भनेको राक्षस हो | ३/४ | २०५० | ७ |
| 39. | नकुल सिलवाल | ठीक यतिखेर | ३/४ | २०५० | २१ |
| 40. | कविराज पोखरेल | बत्ती निभेको बेला: श्रीमती एकछिन मसित | ३/४ | २०५० | २३ |
| 41. | रवि प्राञ्जल | गजल | ३/४ | २०५० | २४ |
| 42. | बलराम बञ्जारा | गजल | ३/४ | २०५० | २५ |
| 43. | राजकुमार के.सी. | तिमीले बनाइदिएको पुलबाट | ३/४ | २०५० | ३५ |
| 44. | गोविन्दराज 'विनोदी' | गजल | ३/४ | २०५० | ३७ |
| 45. | साम्ब | सहरिया हुनुको तिक्तता | ३/४ | २०५० | ४६ |
| 46. | पुरूषोत्तम सुवेदी | कोरस | ३/४ | २०५० | ४८ |
| 47. | भीम विराग | आस्था बोकेका आकाश | ३/५ | २०५० | १ |
| 48. | इन्द्रकुमार श्रेष्ठ 'सरित' | गीत | ३/५ | २०५० | ३ |
| 49. | ललिजन रावल | गजल | ३/५ | २०५० | ४ |
| 50. | भीष्म काफ्ले | पीडासँग मन बहलाइरहेछन् | ३/५ | २०५० | ५ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 51. | घनश्याम न्यौपाने ‘परिश्रमी’ | गजल | ३/५ | २०५० | ६ |
| 52. | पाण्डवराज कार्की | गजल | ३/५ | २०५० | १० |
| 53. | प्रमोद स्नेही | गजल | ३/५ | २०५० | ११ |
| 54. | पदम गौतम | गजल | ३/५ | २०५० | १२ |
| 55. | केशव श्रेष्ठ ‘ज्योति’ | बन्द शिविरमा | ३/५ | २०५० | १९ |
| 56. | अर्जुन पाण्डे | दुई टुक्रा | ३/५ | २०५० | २४ |
| 57. | अच्युत खनाल | जीवन र जगत् | ३/५ | २०५० | ३१ |
| 58. | माधवप्रसाद पोखरेल | एक चस्का | ३/५ | २०५० | ४२ |
| 59. | वासु पासा | मान्छे झुक्छ | ३/५ | २०५० | ५० |
| 60. | अलि मिया | गीत | ४/६ | २०५१ | १ |
| 61. | केशव ‘तौजले’ | गजल | ४/६ | २०५१ | २ |
| 62. | देवीप्रसाद वनवासी | बालगीत | ४/६ | २०५१ | ३ |
| 63. | वसन्त प्रकाश | जीवन | ४/६ | २०५१ | ४ |
| 64. | ज्ञानुवाकर पौडेल | तीन अनुभूति क्षण क्षणका | ४/६ | २०५१ | १० |
| 65. | श्रवण मुकारूङ | गीत | ४/६ | २०५१ | ११ |
| 66. | कृष्ण कँडेल | गीत/गजल | ४/६ | २०५१ | १२ |
| 67. | अविनाश श्रेष्ठ | गीत | ४/६ | २०५१ | २३ |
| 68. | पेशल आचार्य | विभाजित खुसीहरू | ४/६ | २०५१ | २४ |
| 69. | कृष्ण प्रधान | गोल ऋतु | ४/६ | २०५१ | ३४ |
| 70. | रोशन शेरचन | जाऔं प्रतिबन्ध लगाऔं | ४/६ | २०५१ | ३९ |
| 71. | सानुराजा श्रेष्ठ ‘अञ्जान’ | जीवन: अनपेक्षित दिशा | ४/६ | २०५१ | ४० |
| 72. | दुर्बोध गुरागाईं | जीवन हराएको छ | ४/६ | २०५१ | ४४ |
| 73. | प्रोल्लास सिन्धुलीय | चिबेचरा र गाउँ | ४/६ | २०५१ | ४५ |
| 74. | महेश भट्टराई ‘दिंलाली’ | गजल | ५/७ | २०५२ | ४ |
| 75. | हरिहर पौडेल | केही मुक्तकहरू | ५/७ | २०५२ | ५ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 76. | रमेश क्षितिज | गीत | ५/७ | २०५२ | ७ |
| 77. | अमिर निशाचर | गजल | ५/७ | २०५२ | ८ |
| 78. | गोपाल भण्डारी | मेरो एल्बम | ५/७ | २०५२ | १७ |
| 79. | शोभाकान्त सुवेदी 'वर्षा' | गीत | ५/७ | २०५२ | १९ |
| 80. | सुविद गुरागाईं | गजल | ५/७ | २०५२ | २० |
| 81. | प्रमोद स्नेही | गीत | ५/७ | २०५२ | २७ |
| 82. | गोविन्दराज 'विनोद' | हर्के र उसको देश: नयाँ परिवेशमा | ५/७ | २०५२ | २८ |
| 83. | नारायणप्रसाद खनाल | कर्तव्यको तराजुमा जोखिनुपर्दा | ५/७ | २०५२ | २९ |
| 84. | जयन्ता पोखरेल | क्यालेण्डर | ५/७ | २०५२ | ३३ |
| 85. | गोविन्द नेपाल | रहर | ५/७ | २०५२ | ४५ |
| 86. | आर.पी.ढुङ्गाना | एक टुक्रा | ५/७ | २०५२ | ४०/४७ |
| 87. | प्रकाश बस्नेत 'गफाडी' | गीत | ५/७ | २०५२ | ४८ |
| 88. | भीम विराग | मुद्राहरूको मञ्चन | ५/८ | २०५२ | १ |
| 89. | रेशमलाल श्रेष्ठ | आफ्नै गीत | ५/८ | २०५२ | ३ |
| 90. | खुमनारायण पौडेल | यातना शिविरभित्र | ५/८ | २०५२ | १३ |
| 91. | शरण 'आँसु' | मेरो देशको भूगोल, इतिहास | ५/८ | २०५२ | १४ |
| 92. | शान्तिप्रिय | मृत्युबोध | ५/८ | २०५२ | १६ |
| 93. | भीम राना 'जिज्ञासु' | गजल | ५/८ | २०५२ | २७ |
| 94. | दुर्बोध गुरागाईं | कति भएछ....? | ५/८ | २०५२ | ३९ |
| 95. | गोविन्दराज विनोदी | जिजीविषाको रङ्ग | ५/८ | २०५२ | ४९ |
| 96. | दिनेशप्रसाद अधिकारी | गीत | ५/८ | २०५२ | ५३ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/ अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 97. | हर्ष सुब्बा | एक गीत | ६/९ | २०५३ | १ |
| 98. | मोहन बन्जाडे | गीत | ६/९ | २०५३ | ८ |
| 99. | नारायणप्रसाद कोइराला | शहीदसँग गुहार | ६/९ | २०५३ | ९ |
| 100. | चङ्की श्रेष्ठ | गजल | ६/९ | २०५३ | ११ |
| 101. | जगन्नाथ पण्डित | अवसरको खेती | ६/९ | २०५३ | १५ |
| 102. | शशी लुसुम्बु | ...र अपरिचित आवाज | ६/९ | २०५३ | १६ |
| 103. | सुनिल पुरी | गजल | ६/९ | २०५३ | २० |
| 104. | बद्री पालिखे | प्रदूषण | ६/९ | २०५३ | २१ |
| 105. | शिव रेग्मी 'प्रणत' | खुसीहरू | ६/९ | २०५३ | २७ |
| 106. | मदन ढकाल | मेरो घर | ६/९ | २०५३ | ३५ |
| 107. | महेश घिमिरे | गजल | ६/९ | २०५३ | ४३ |
| 108. | पदम गौतम | गीत | ६/९ | २०५३ | ४५ |
| 109. | शराह | अध्यात्मवाद | ६/९ | २०५३ | ४६ |
| 110. | सरस्वती श्रेष्ठ 'सरू' | गजल | ६/९ | २०५३ | ४९ |
| 111. | सङ्गीता स्वेच्छा | पर्ख सँगै हाँसौला | ६/९ | २०५३ | ५३ |
| 112. | गोपालकृष्ण आचार्य | गजल | ६/९ | २०५३ | ५६ |
| 113. | श्रेष्ठ प्रिया 'पत्थर' | बेरोजगार | ६/९ | २०५३ | ५७ |
| 114. | गोविन्दराज 'विनोदी' | यक्ष प्रश्न | ६/९ | २०५३ | ६१ |
| 115. | रामप्रसाद ढुङ्गाना | एक मुक्तक | ६/९ | २०५३ | ६२ |
| 116. | प्रभा बराल | गीत | ६/१० | २०५३ | १ |
| 117. | रवीन्द्र समीर | गजल | ६/१० | २०५३ | ५ |
| 118. | इन्द्रकुमार श्रेष्ठ 'सरित' | नीलो स्वेटर | ६/१० | २०५३ | ६ |
| 119. | प्रमोद स्नेही | नीलो स्वेटर | ६/१० | २०५३ | ८ |
| 120. | प्रकाश पाण्डे 'प्रेमी' | नीलो स्वेटर | ६/१० | २०५३ | १० |
| 121. | कमला 'निर्दोषी' | नीलो स्वेटर | ६/१० | २०५३ | ११ |
| 122. | कृष्णराज चौधरी 'सर्वहारा' | दुई टुक्रा | ६/१० | २०५३ | १३ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 123. | सीमारेखा | शान्तिको गीत | ६/१० | २०५३ | १४ |
| 124. | राम प्रधान | अनुत्तरित प्रश्न | ६/१० | २०५३ | १६ |
| 125. | साम्ब ढकाल | एकछिन सपनाहरूसँग | ६/१० | २०५३ | २२ |
| 126. | केशव श्रेष्ठ 'ज्योति' | समयका प्रश्नहरू | ६/१० | २०५३ | २३ |
| 127. | जगन्नाथ पण्डित | समाजको दुर्गति रोकिँदैन | ६/१० | २०५३ | २५ |
| 128. | गोपालकृष्ण आचार्य | गीत | ६/१० | २०५३ | २८ |
| 129. | रमेशचन्द्र घिमिरे | नारीप्रति | ६/१० | २०५३ | २९ |
| 130. | राजेश्वरी रेग्मी | गीत | ६/१० | २०५३ | २९ |
| 131. | मोहनचन्द्र दाहाल | केही मुक्तक | ६/१० | २०५३ | ३० |
| 132. | सुदीपभन्द्र खनाल | पानीमरूवा | ६/१० | २०५३ | ३१ |
| 133. | रमेश प्रभात | दूबोजस्तै फैलिरहोस् | ६/१० | २०५३ | ३३ |
| 134. | मुरारीप्रसाद सिग्देल | अन्तहीन अन्त | ६/१० | २०५३ | ३४ |
| 135. | हिक्मत खड्का | नदी र एक टुकडा मैन | ६/१० | २०५३ | ३५ |
| 136. | सुविद गुरागाईं | नयाँ वर्षमा | ६/१० | २०५३ | ३६ |
| 137. | विश्वमणि 'खार्पाली' | देश गौरब | ६/१० | २०५३ | ३७ |
| 138. | प्रकाश बस्नेत 'गफाडी' | गजल | ६/१० | २०५३ | ३८ |
| 139. | छविरमण सिलवाल | गीत | ६/१० | २०५३ | ३९ |
| 140. | निमेष शर्मा 'पापी' | अस्तित्व हराएको जीवन | ६/१० | २०५३ | ४० |
| 141. | नारायणप्रसाद खनाल | बाह्रखरी | ६/१० | २०५३ | ४१ |
| 142. | गोविन्दराज विनोदी | गुरू र गोरू | ६/१० | २०५३ | ४३ |
| 143. | सुरेन्द्र अस्तफल | गजल | ६/१० | २०५३ | ४३ |
| 144. | केदारनाथ खनाल | अस्वत्थामा | ६/१० | २०५३ | ४५ |
| 145. | कर्णबहादुर कुँवर 'अञ्जान' | दुई छेस्का | ६/१० | २०५३ | ४७ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 146. | कर्णबहादुर थापा | यसपटक तिमीलाई | ६/१० | २०५३ | ४८ |
| 147. | सरस्वती श्रेष्ठ 'सरू' | भो नकुण्ठाऊ आफूलाई | ६/१० | २०५३ | ६१ |
| 148. | कुमार शिशिर | गजल | ६/११ | २०५४ | १ |
| 149. | गोपाल भण्डारी | गीत | ६/११ | २०५४ | ६ |
| 150. | बासु पासा | मशान जस्तो लाग्छ | ६/११ | २०५४ | १४ |
| 151. | प्रकट पगेनी 'शिव' | गीत | ६/११ | २०५४ | २३ |
| 152. | ज्ञानेन्द्र विवश | केही हाइकु | ६/११ | २०५४ | ३५ |
| 153. | प्रमोद प्रधान | तीन मुक्तक | ६/११ | २०५४ | ३७ |
| 154. | प्रकाश बस्नेत 'गफाडी' | गजल | ६/११ | २०५४ | ३८ |
| 155. | गोविन्द नेपाल | म अभियुक्त प्रेमी | ६/११ | २०५४ | ४१ |
| 156. | राजकुमार बानियाँ | गजल | ६/११ | २०५४ | ४२ |
| 157. | राकृत | समय यसरी चिप्लिरहेछ | ६/११ | २०५४ | ४३ |
| 158. | भैरवनाथ रिमाल 'कदम' | एक भावना | ६/११ | २०५४ | ४४ |
| 159. | गोविन्दराज 'विनोदी' | म जस्तै मेरा कविताहरू | ६/११ | २०५४ | ५३ |
| 160. | वीरेन्द्रप्रसाद सुवेदी | भावना | ६/११ | २०५४ | ५७ |
| 161. | कर्णबहादुर थापा | दूधको मूल्य | ६/११ | २०५४ | ५५ |
| 162. | हरिप्रसाद अधिकारी | सपनै सपनामा मैले | ६/११ | २०५४ | ५७ |
| 163. | सूर्य 'पुष्कर' कँडेल | गीत | ६/११ | २०५४ | ६२ |
| 164. | शराह | राष्ट्रै उचालौं अब | ६/११ | २०५४ | ६४ |
| 165. | केदारनाथ खनाल | भिष्म पितामह | ६/११ | २०५४ | ६५ |
| 166. | मणि काफ्ले | धर्मको एकालाप स्वर्गीय बन्दीसँग | ८/१२ | २०५५ | १ |
| 167. | पेशल आचार्य | बाढी आएको छ | ८/१२ | २०५५ | ७ |
| 168. | गगनदीप सर्व | चराहरू अर्थात् तिमी | ८/१२ | २०५५ | ९ |
| 169. | रमेशप्रसाद सागर | केही हाइकुहरू | ८/१२ | २०५५ | १३ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 170. | दुर्गाप्रसाद पोखेल | कसरी ज्यूँनु हो यो जीवन ? | ८/१२ | २०५५ | १४ |
| 171. | कृष्ण शाह 'यात्री' | गीत | ८/१२ | २०५५ | १५ |
| 172. | छविरमण सिलवाल | यौवनका तरङ्गहरू | ८/१२ | २०५५ | १६ |
| 173. | नवराज पुडासैनी 'ज्योत्स्ना' | गीत | ८/१२ | २०५५ | १७ |
| 174. | विवश पोखरेल | समाचार | ८/१२ | २०५५ | १८ |
| 175. | उत्सव नेपाल | गजल | ८/१२ | २०५५ | १९ |
| 176. | इन्द्रकुमार श्रेष्ठ 'सरित' | गीत | ८/१२ | २०५५ | २६ |
| 177. | निर्मोही व्यास | म पाऊँ परम् तृप्ति यो फेरि फेरि | ८/१२ | २०५५ | २७ |
| 178. | व्याकुल पाठक | चार हाइकु | ८/१२ | २०५५ | २८ |
| 179. | सुरेन्द्र अस्तफल | गीत | ८/१२ | २०५५ | २९ |
| 180. | घनश्याम न्यौपाने 'परिश्रमी' | तिम्रो मुटुभित्र | ८/१२ | २०५५ | ३२ |
| 181. | केदारनाथ खनाल | तिक्त सम्झना: चौवन्न सालको | ८/१२ | २०५५ | ३३ |
| 182. | लावण्यप्रसाद ढुङ्गाना | त्यो काष्ठमण्डपमहाँ नवरङ्ग छायो | ८/१२ | २०५५ | ३४ |
| 183. | श्रेष्ठ प्रिया 'पत्थर' | गजल | ८/१२ | २०५५ | ३७ |
| 184. | सर्वेश्वरदयाल सक्सेना | पोष्टमार्टमको रिपोर्ट | ८/१२ | २०५५ | ३८ |
| 185. | भीष्म उप्रेती | सम्वाद | ८/१२ | २०५५ | ३९ |
| 186. | यज्ञविक्रम शाही | परिवर्तन | ८/१२ | २०५५ | ४० |
| 187. | गोवर्द्धन पूजा | अबुझ सपना | ८/१२ | २०५५ | ४१ |
| 188. | दुर्बोध गुरागाईं | 'आमा तिमी....।' | ८/१२ | २०५५ | ४२ |
| 189. | गोपी सापकोटा | कम्पन | ८/१२ | २०५५ | ४३ |
| 190. | रमेश प्रभाव | गीत | ८/१२ | २०५५ | ४४ |
| 191. | नवराज तिमिल्सिना | गोपी | ८/१२ | २०५५ | ४५ |
| 192. | अमर त्यागी | गजल | ८/१२ | २०५५ | ४६ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 193. | भीम विराग | कतै सिङ्गो छैन धरती | ८/१२ | २०५५ | ४७ |
| 194. | मनु ब्राजाकी | गजल | ८/१२ | २०५५ | ४८ |
| 195. | लक्ष्मण अर्याल | नेपालीहरूको झोपडीमा बास छ | ८/१२ | २०५५ | ४९ |
| 196. | जुनू क्षेत्री | माया | ८/१२ | २०५५ | ४९ |
| 197. | साम्ब ढकाल | सम्वेदित/असम्वेदित | ८/१२ | २०५५ | ५१ |
| 198. | गोविन्द विकल | चार टुक्रा मुक्तक | ८/१२ | २०५५ | ५२ |
| 199. | गोविन्द 'विनोदी' | दुखेको मन | ८/१२ | २०५५ | ५६ |
| 200. | कपिल अज्ञात | चढ्थे पजेरो किन ? | ८/१२ | २०५५ | ६० |
| 201. | तीर्थराज कोइराला | यी पुष्प छन् समर्पित | ९/१३ | २०६१ | १ |
| 202. | मञ्जुल | घरवार विहीन | ९/१३ | २०६१ | ५ |
| 203. | प्रेम रिमाल | केही हाइकु | ९/१३ | २०६१ | ५ |
| 204. | विवश पोखरेल | स्नेहकी सुनगाभालाई | ९/१३ | २०६१ | ६ |
| 205. | गोपाल आचार्य, मन्दिरा कोइराला मञ्जुश्री | गजल दोहोरी | ९/१३ | २०६१ | ११ |
| 206. | राजेन्द्र सिलवाल 'घायल' | फर्के नि हुन्थ्यो दिन | ९/१३ | २०६१ | १५ |
| 207. | गिरिधारी 'विशिष्ट' | राजेन्द्र 'घायलप्रति' | ९/१३ | २०६१ | १६ |
| 208. | भूमिका भिषण | गजल | ९/१३ | २०६१ | १९ |
| 209. | सीमा आभाष | परिवर्तित अवस्था | ९/१३ | २०६१ | २९ |
| 210. | भूपिन व्याकुल | जीवनको नक्सा | ९/१३ | २०६१ | २९ |
| 211. | सरस्वती घिमिरे | गजल | ९/१३ | २०६१ | ३३ |
| 212. | उमेश आचार्य | मुक्तक | ९/१३ | २०६१ | ३३ |
| 213. | अच्युत 'असीम दर्पण' | गजल | ९/१३ | २०६१ | ३४ |
| 214. | केशव भट्टराई | गजल | ९/१३ | २०६१ | ३४ |
| 215. | पार्वती 'आँशु' तिमिल्सिना | गजल | ९/१३ | २०६१ | ३५ |
| 216. | बबिता खनाल | गजल | ९/१३ | २०६१ | ३५ |
| 217. | सिर्जना अविरल | प्राप्ति | ९/१३ | २०६१ | ३६ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 218. | गायत्री लम्साल | चिता | ९/१३ | २०६१ | ३६ |
| 219. | प्रेमविनोद नन्दन | निमन्त्रणा | ९/१३ | २०६१ | ३७ |
| 220. | उत्सव खरेल | गजल | ९/१३ | २०६१ | ४१ |
| 221. | बूँद राना | गजल | ९/१३ | २०६१ | ४१ |
| 222. | शराह | सर्जकाकांक्षा | ९/१३ | २०६१ | ४२ |
| 223. | गोविन्दराज विनोदी | मरणोत्सव | ९/१३ | २०६१ | ४२ |
| 224. | खनाल रेवतीरमण | गीत | ९/१३ | २०६१ | ५० |
| 225. | ऋषिप्रसाद लामिछाने | गजल | ९/१३ | २०६१ | ५० |
| 226. | केदारनाथ खनाल | हाइकु | ९/१३ | २०६१ | ५३ |
| 227. | राजेन्द्र हमाल | कलम र मान्छे | ९/१३ | २०६१ | ५३ |
| 228. | बद्री पालिखे | हृदयको बत्ती झ्याप्प निभ्यो | ९/१३ | २०६१ | ५४ |
| 229. | शीतल गुरूङ्ग | गीत | ९/१३ | २०६१ | ५८ |
| 230. | पुष्प अधिकारी ‘अञ्जलि’ | गजल | ९/१३ | २०६१ | ५८ |
| 231. | तितेपाती | हाइकु | ९/१३ | २०६१ | ५८ |
| 232. | चुडा ढकाल | हाइकु | ९/१३ | २०६१ | ५८ |
| 233. | सङ्गीत आयाम | गजल | ९/१३ | २०६१ | ६१ |
| 234. | धर्म प्रधान ‘अकिंचन’ | गीत | ९/१३ | २०६१ | ६१ |
| 235. | दुर्गा दाहाल | मुक्तक | ९/१३ | २०६१ | ६१ |
| 236. | सुधा भट्टराई | गजल | ९/१३ | २०६१ | ६१ |
| 237. | दिव्यश्री क्षेत्री | कविता | ९/१३ | २०६१ | ६७ |
| 238. | नवराज कँडेल ‘अविरल’ | गजल | ९/१३ | २०६१ | ७५ |
| 239. | तीर्थराज कोइराला | तिमी अग्निशिखा बन | ९/१४ | २०६१ | १ |
| 240 | सुरेन्द्र देवकोटा | अठोट | ९/१४ | २०६१ | ७ |
| 241. | डा. बालकृष्ण थापा | बडा दशैं | ९/१४ | २०६१ | २१ |
| 242. | प्रकट पगेनी ‘शिव’ | गजल | ९/१४ | २०६१ | २७ |
| 243. | रूपा कुसुम | गजल | ९/१४ | २०६१ | २८ |
| 244 | अमृता ठकुरी | गजल | ९/१४ | २०६१ | २८ |

| क्र.सं. | कविको नाम | शीर्षक | वर्ष/अङ्क | प्रकाशन वर्ष | पृष्ठ |
|---|---|---|---|---|---|
| 245. | रामशरण थपलिया 'रमण' | गीत | ९/१४ | २०६१ | ३५ |
| 246. | सुधा भट्टराई | गजल | ९/१४ | २०६१ | ३५ |
| 247. | सजल नयन | प्रश्न: मान्छेका मनहरूलाई | ९/१४ | २०६१ | ३७ |
| 248 | मधुसुदन दुवाडी | गजल | ९/१४ | २०६१ | ३७ |
| 249. | नारायणप्रसाद गौतम | तरलता | ९/१४ | २०६१ | ३८ |
| 250. | तारा भट्ट 'पल्लवी' | गजल | ९/१४ | २०६१ | ४५ |
| 251. | महानन्द ढकाल | गजल | ९/१४ | २०६१ | ४५ |
| 252. | गोविन्दराज विनोदी | अमृतांशु तिमी नित्य रहस्य सिर्जना गर | ९/१४ | २०६१ | ४७ |
| 253. | धनराज गिरी | गजल | ९/१४ | २०६१ | ४८ |
| 254. | नारायणप्रसाद पोखरेल | शान्तिलाई निमन्त्रणा | ९/१४ | २०६१ | ५१ |
| 255. | कृष्ण सुदामा | मुक्तक | ९/१४ | २०६१ | ५२ |
| 256. | प्रेमविनोद नन्दन | गीत | ९/१४ | २०६१ | ५३ |
| 257. | झलकजी 'विकल्प' | गजल | ९/१४ | २०६१ | ५९ |
| 258. | गणेशप्रसाद पौडेल | गजल | ९/१४ | २०६१ | ५९ |
| 259. | शुशील राजोपाध्याय | गजल | ९/१४ | २०६१ | ६० |
| 260. | सङ्गीत आयाम | तरलता | ९/१४ | २०६१ | ६४ |
| 261. | तिलकराज शर्मा | नाइटो महात्म्य | ९/१४ | २०६१ | ८५ |
| 262. | अच्युत घिमिरे | निरपेक्ष जीवन | ९/१४ | २०६१ | ९३ |
| 263. | तीर्थराज कोइराला | जयगान गाउनुपर्छ | १०/१५ | २०६२ | १ |
| 264. | बालकृष्ण थापा | कठै ! समयको महत्त्व बढेछ | १०/१५ | २०६२ | ७ |
| 265. | प्रेमविनोद नन्दन | गजल | १०/१५ | २०६२ | १५ |
मनु ब्राजाकीको *गजल*मा शब्दवाणहरूको प्रहार पाइन्छ । जसमा गजलकारले आफ्नो हृदयको आत्मप्रकाशन गरेका छन् । कुन्ता शर्माको *मन उर्वर माटो हो* गद्यकवितामा मनलाई उर्वर माटोसँग समीकरण गर्दै युद्ध र हिंसा होइन शान्ति र मानवताका बीज रोप्नुपर्ने सन्देश पाइन्छ । पेशल आचार्यको *देश दुख्न थालेको बेला* गद्यकवितामा पीडा र अभावमा बाँचिरहेका नेपालीहरूको यथार्थ अवस्था प्रस्तुत गरिएको छ । विवश बस्तीको *काठमाण्डौ : केही रूप* गद्यकवितामा सभ्यता र संस्कृति हराउँदै गएको काठमाण्डौ धेरै जानेर पनि नजानेझैँ बन्न विवश छ । बाटो देखेर पनि टोलाएको यात्री जस्तै बनेको सन्दर्भलाई प्रकाश पारिएको छ । मुकुन्द आचार्यको *दुई टुक्रा* गद्य कवितामा मानिसको जीवन नै भ्रमपूर्ण छ । शून्यमा उदाउँछ र शून्यमा नै अस्ताउँछ । सँधै बाँच्ने मृगतृष्णाले ऊ झन् मृत्युको मुखमा पुगेको अभिव्यक्ति दिइएको छ । केशवलाल श्रेष्ठको *मान्छे भनेको राक्षस हो* गद्यकवितामा प्रकृतिलाई विनाश गर्ने राक्षसको रूपमा मानिसलाई हेरिएको छ । नकुल सिलवालको *ठीक यतिखेर* गद्यकवितामा अभाव र नियतिको बज्रपातले ठगिएका व्यक्तिहरूको पीडामा कविता र देश पनि रोएको यथार्थ चित्रण गरिएको छ । कविराज पोखेलको *बत्ति निभेको बेला : श्रीमती एकछिन मसित* छन्दोबद्ध कवितामा खोक्रो भाषणमा मात्र देश विकास नहुने यथार्थमा देश विकास हुनका लागि सारा झुपडीका अन्धकार अटाइदिनुपर्ने भाव व्यक्त गरिएको छ । रवि प्राञ्जलको *गजल*मा समय परिवर्तनशील छ । आज एउटाको भागमा भएको खुसी भोलि अर्काको भागमा पर्न सक्छ भन्ने यथार्थताको चित्रण पाइन्छ । बलराम बन्जाराको गजलमा प्रणयको साथै अवसरवादी प्रेमको चर्चा समेत पाइन्छ । राजकुमार के.सी.को *तिमीले बनाइदिएको पुलबाट*

गद्यकवितामा मानवजीवन क्षणिक छ तर उसका कर्महरू बाँचिरहन्छन् भन्ने विचार व्यक्त भएको छ । गोविन्दराज 'विनोदी'को *गजल*मा आज मानिस स्वार्थी बनेको छ । राक्षसी प्रवृत्तितर्फ उन्मुख मानिसले जतातते विकृति र विसङ्गतिपूर्ण काममात्र गर्दछ भन्ने भाव व्यक्त भएको छ । साम्बको *शहरिया हुनुको तिक्तता* गद्यकवितामा सभ्यताको नाममा निरशताले भरिएका पट्यारलाग्दो शहरीया परिवेशको प्रताडनाले भरिएको जीवनको चित्रण पाइन्छ । पुरूषोत्तम सुवेदीको *कोरस* गद्यकवितामा विजय प्राप्त नगरे पनि पराजित मानसिकताबाट टाढा रहेर विसङ्गत र विखण्डित बन्दै गएको मानवताबीच मानव जीवनको सङ्गीतमय यात्राको आशा राखिएको छ ।

### ४.१.२.५ सम्प्रेषण वर्ष ३ अङ्क ५ (२०५०) मा कविता/मुक्तक/गीत/गजल

भीम विरागको *आस्था बोकेको आकाश* गद्यकवितामा आस्था र विश्वासका पर्खालहरू भत्काउन खोज्ने तत्त्वहरू अनगिन्ती हुन सक्छन्, त्यसलाई पवित्रताले जोगाउनु पर्छ भन्ने सन्देश प्राप्त गर्न सकिन्छ । इन्द्रकुमार श्रेष्ठ 'सरित'को *गीत*मा प्रियसीको आगमन नहुँदा दु:ख र पीडा भएको भाव व्यक्त गरिएको छ । ललिजन रावलको *गजल*मा सँधै दु:ख र त्रासले भरिएको जीवनमा कहिले त्रासमुक्त दिन हेर्न पाइएला र भन्ने भाव पाइन्छ । भीष्म काफ्लेको *पीडासँग मन बहलाई रहेछन्* गद्यकवितामा उज्यालो स्वप्नको चाहना भए पनि मानवीय आत्माको पीडा र उदासीनतामा मन बहलाउनुपर्ने बाध्यता दर्शाइएको छ । घनश्याम न्यौपाने 'परिश्रमी'को *गजल*मा सबैको मन एउटै भए धर्ती स्वर्ग बन्थ्यो भन्ने भाव पाइन्छ । पाण्डवराज कार्कीको *गजल*मा कामभन्दा कुरा धेरै गर्ने नेपाली परिवेशको चित्रण पाइन्छ । प्रमोद स्नेहीको *गजल*मा विगत र वर्तमानको मानवीय परिवर्तनले ल्याएको स्थितिप्रति व्यङ्ग्य गरिएको छ । पदम गौतमको *गजल*मा जीवनलाई आशावादी नजरले हेर्नुपर्ने भाव व्यक्त गरिएको छ । केशव श्रेष्ठ 'ज्योति'को *बन्द शिविर*मा गद्यकवितामा राजनैतिक व्यक्तित्वहरूको बन्द शिविरभित्रको यथार्थ जीवनको चित्रण पाइन्छ । अर्जुन पाण्डेको *दुई टुक्रा* कवितामा *कमजोरी* र *तिमी* शीर्षकका दुईवटा कविताहरू रहेका छन् । *कमजोरी* कवितामा सुरा र सुन्दरीले मानिसलाई कमजोर बनाउने वास्तविकतालाई सङ्केत गरिएको छ । त्यस्तै *तिमी* शीर्षकमा लेखिएको कवितामा प्रणयभाव पाइन्छ । अच्युत खनालको *जीवन र जगत* छन्दोबद्ध कवितामा शैली, शिल्प र कलाले भरिएको संसारमा पशुले जस्तै जीवन बाँचेर मानवता बिर्सेका व्यक्तिहरूप्रति व्यङ्ग्य गरिएको छ । माधवप्रसाद पोखरेल 'निरासी'को *एक चस्का* कवितामा आफ्नो अस्मिता बेचेर हिँडेका कन्याकुमारीहरूलाई व्यङ्ग्य गरिएको छ ।

**४.१.२.६ सम्प्रेषण वर्ष ४ अङ्क ६ (२०५०) मा प्रकाशित कविता/मुक्तक/गीत/गजल**

लोककवि अलिमियाको *गीत*मा देश विकासको लागि स्वदेशमा नै बसेर आफ्नो कर्तव्य पूरा गर्नुपर्ने विचार व्यक्त गरिएको छ । केशव 'तौजले'को *गजल*मा जीवनमा विश्वास हराएको पीडित मानसिकताको चित्रण गरिएको छ । वसन्त प्रकाशको *जीवन* गद्यकवितामा जीवनमा सुख मात्र होइन दु:ख पनि छ भन्ने यथार्थ झल्काइएको छ । ज्ञानुवाकर पौडेलको *तीन अनुभूति क्षण क्षण*का भन्ने मुक्तकमा जीवन अमूर्त छ, जोखिमपूर्ण र दु:खले भरिएको छ भन्दै जीवन बाँच्न गाह्रो भएको रहस्य उद्घाटन गरेका छन् । श्रवण मुकारूङको *गीत*मा आफ्नी प्रेयसीको बिछोडमा हरेक वस्तुको महत्त्व हराएको भाव व्यक्त गर्दछन् । कृष्ण कँडेलको *गीत/गजल*मा गलत प्रवृत्तिका मानिसहरूको भेष बदलेर फेरि आगमन भएको यथार्थताको चित्रण पाइन्छ । अविनाश श्रेष्ठको *गीत*मा ढुङ्गाको महत्त्व दर्शाइएको छ । पेशल आचार्यको *विभाजित खुसीहरू* गद्यकवितामा शक्तिशाली समयको गुणगान गाइएको छ । समयले चाहेमा जे पनि गर्न सक्छ भन्ने भाव व्यक्त गरिएको छ । रोशन शेरचनको *जाऔँ प्रतिबन्ध लगाऔँ* गद्यकवितामा समस्या रोप्न जान्नेले समस्या उखेल्न पनि जान्नु पर्छ भन्ने भाव पाइन्छ । सानुराजा श्रेष्ठ 'अञ्जान'को *जीवन : अनपेक्षित दिशा* गद्यकवितामा जीवनमा गरिएका धेरै भूलहरूबाट टाढा रहेर एउटा सुन्दर भविष्यको परिकल्पना गरिएको तर त्यो अनपेक्षित दिशा भएको भाव व्यक्त गरिएको छ । दुर्बोध गुरागाईंको *जीवन हराएको छ* गद्यकवितामा वर्तमान समयमा मान्छेको हाँसो हराएको छ । आधुनिकताको नाममा यान्त्रिक जीवन बाँचेको मान्छेको यथार्थ जीवनको चित्रण गरिएको छ । प्रोल्लास सिन्धुलीएको *चिवे चरा र गाउँ* गद्यकवितामा चिवे चरालाई अन्याय, अत्याचार र शोषणमा पिल्सिएकाहरूको प्रतीकको रूपमा लिइएको छ भने यसबाट बच्न विद्रोहका आवाजहरू घन्काउनु पर्ने सङ्केत गरिएको छ ।

**४.१.२.७ सम्प्रेषण वर्ष ५ अङ्क ७ (२०५२) मा कविता/मुक्तक/गीत/गजल**

महेश भट्टराई 'दिंलाली'को *गजल*मा प्रणयपरक अभिव्यक्ति पाइन्छ । हरिहर पौडेलको *केही मुक्तकहरू*मा *आत्मचित्रण, बदनाम* र *अँध्यारोको जून* शीर्षकका तीन मुक्तकहरू रहेका छन् । *आत्मचित्रण*मा आफूलाई नदीको छालसँग समीकरण गरिएको छ । *बदनाम*मा प्रेमको नाममा आफूले बदनाम हुनु परेको चित्रण गरिएको छ । *अँध्यारोको जून*लाई प्रेयसीको आँखासँग समीकरण गरिएको छ । रमेश क्षितिजको *गीत*मा मानवीय मनलाई प्रकृतिसँग चित्रण गरिएको छ । अमिर निशाचरको *गजल*मा

प्रेमपीडाको भाव व्यक्त गरिएको छ । गोपाल भण्डारीको *मेरो एलबम* गद्यकवितामा एलबमलाई पृथ्वीको प्रतीकका रूपमा समीकरण गर्दै क्रमश: उजाड बन्दै गइरहेको पृथ्वीलाई सङ्केत गरिएको छ । शोभाकान्त सुवेदी 'वर्षा'को *गीत*मा प्रणयपीडाको स्वर गुञ्जिएको पाइन्छ । सुविद गुरागाईंको *गजल*मा फलप्राप्ति नभए तापनि कर्तव्यमा लाग्नु पर्ने सन्देश पाइन्छ । प्रमोद स्नेहीको *गीत*मा प्रणयमूलक भाव व्यक्त भएको पाइन्छ । गोविन्दराज 'विनोदी'को *हर्के र उसको देश : नयाँ परिवेश*मा छन्दोबद्ध कवितामा हर्के समस्त नेपालीहरूको प्रतीक हो र उसको इच्छा र चाहनाले सम्पूर्ण नेपालीहरूको चाहनालाई समेटेको पाइन्छ । नेपालीको चाहनाको विपरीत देशको नयाँ परिवेश देखिएको चित्रण गरिएको छ । नारायणप्रसाद खनालको *कर्तव्यको तराजुमा जोखिनु*पर्दा गद्यकवितामा अभिभावकको सोचाइ एकातिर छ भने बालबालिकाहरूको यथार्थ अर्कोतिर छ । जुन पूर्व र पश्चिम दुई ध्रुवमा बाँडिएका छन् । जसको मिलन हुनु असम्भव देखिन्छ भन्ने भाव व्यक्त गरिएको छ । जयन्ता पोखरेलको *क्यालेण्डर* गद्यकवितामा क्यालेण्डरलाई युद्धको प्रतीक ठानिएको छ । 'ऊ' पात्रलाई अभाव र पीडाको जीवन बाँच्ने प्रत्येक नेपालीहरूको प्रतिनिधित्व गर्ने पात्रको रूपमा प्रस्तुत गरिएको छ । आर.पी. ढुङ्गानाको *एक टुक्रा* मुक्तकमा जीवनको यथार्थ चित्रण गरिएको छ । यथार्थमा जीवन बाँच्नु सङ्घर्षशील छ भन्ने भाव पाइन्छ । गोविन्द नेपालको *रहर* गद्यकवितामा कुनै पनि कुरा प्राप्त गर्ने रहरहरू प्राप्त गर्नुपूर्व नै सिद्धिन्छन् भन्ने यथार्थता पाइन्छ । आर.पी. ढुङ्गानाकै *एक टुक्रा* मुक्तकमा गुलाबभन्दा सिस्नुलाई महत्त्वपूर्ण मानिएको छ किनकि सिस्नुले पेट भर्ने क्षमता बोकेको चर्चा गरिएको छ । प्रकाश बस्नेत 'गफाडी'को *गीत*मा जीवनप्रति असन्तोषको भाव व्यक्त भएको देखिन्छ ।

### ४.१.२.८ सम्प्रेषण वर्ष ५ अङ्क ८ (२०५२) मा कविता/मुक्तक/गीत/गजल

भीम विरागको *मुद्राहरूको मञ्चन* गद्यकविताले राजनैतिक परिवेश र सामाजिक क्षेत्रमा अभिनय गर्नेहरूप्रति सङ्केत गरिएको छ । रेशमलाल श्रेष्ठको *आफ्नै गीत*मा अतीतका प्रणयमूलक क्षणहरूको संस्मरण गरिएको छ । खुमनारायण पौडेलको *यातना शिविरभित्र* गद्यकवितामा यातनाले वैचारिक समाप्ति नहुने तथ्य प्रकाशित गरिएको छ । शरण 'आँसु'को *मेरो देशको भूगोल इतिहास* गद्यकवितामा राष्ट्रप्रेमको भाव व्यक्त गरिएको छ । शान्तिप्रियको *मृत्युबोध* गद्यकवितामा मृत्युबोधपछि मान्छेमा प्रबल जिजीविषाको चाहना भएको रहस्य उद्घाटन गरिएको छ । भीम राना 'जिज्ञासु'को *गजल*मा काल्पनिक प्रेयसीसँग अतीतको स्मरण गरिएको छ ।

दुर्बोध गुरागाईंको *कति भएछ...?* गद्यकवितामा नेताहरूको सत्तामोह र अपरिपक्क जनताहरूले बुझिनसकेको प्रजातन्त्रको आयु अब कति होला र ? भनेर नेपाल र नेपालीहरूको दशा व्यक्त गरिएको छ । गोविन्दराज विनोदीको *जिजीविषाको रङ्ग* छन्दोबद्ध कवितामा देह र आत्माको मेलले मात्र जीवनमा रङ्ग भर्छन् । जुन सुन्दर, अनौठो र व्यापक हुने तथ्य प्रकट गरिएको छ । दिनेशप्रसाद अधिकारीको *गीत*मा सुन्दर सपना बुन्ने मन निराश भएको अभिव्यक्ति पाइन्छ ।

### ४.१.२.९ सम्प्रेषण वर्ष ६ अङ्क ९ (२०५३) मा कविता/मुक्तक/गीत/गजल

हर्ष सुब्बाको *एक गीत*मा जीवनप्रतिको वितृष्णा प्रस्तुत गरिएको छ । मोहन बन्जाडेको *गीत*मा प्रणयभाव पाइन्छ । नारायणप्रसाद कोइरालाको *सहिदसँग गुहार* गद्यकवितामा नेपाल र नेपालप्रतिको कर्तव्य बिर्सेर व्यक्तिगत धन, इज्जत र प्रतिष्ठा कमाउन व्यस्त रहेका नेताहरूको स्वार्थी प्रवृत्तिको उद्घाटन गर्दै यो देश जोगाउन सहिदसँग गुहार मागिएको छ । चङ्की श्रेष्ठको *गजल*मा प्रेयसीको सम्झनाले पीडित भएको मानसिकताको चर्चा गरिएको छ । जगन्नाथ पण्डितको *अवसरको खेती* मुक्तकमा अवसरवादी नेताहरूको चर्चा गरिएको छ । शशी लुसुम्बुको *...... र अपरिचित अवाज* गद्यकवितामा तत्कालीन राजनैतिक परिवेशको चित्रण पाइन्छ । सुनिल पुरीको *गजल*मा जीवनप्रति आशावादी भाव व्यक्त भएको पाइन्छ । बद्री पालिखेको *प्रदूषण* कवितामा भ्रष्टाचारलाई प्रदूषणसँग समीकरण गर्दै बालुवाटार, संसद, सिंहदरबार आदि क्षेत्रमा हुने भ्रष्टाचारलाई सङ्केत गरिएको छ । शिव रेग्मी 'प्रणत'को *खुसीहरू* गद्यकवितामा खुसीहरूको आगमन विभिन्न ठाउँबाट हुने सन्दर्भ प्रस्तुत गरिएको छ । मदन ढकालको *मेरो घर* गद्यकवितामा जीवनको यथार्थता झल्किएको छ । महेश घिमिरेको *गजल*मा जीवनप्रतिको निराशाजनक भाव व्यक्त गरिएको छ । पदम गौतमको *गीत*मा प्रणयभाव झल्किएको पाइन्छ । शराहको *अध्यात्मवाद* छन्दोबद्ध कवितामा अध्यात्मवादबाट आत्मालाई कञ्चन बनाउन सकिने कुरामा जोड दिँदै अध्यात्मवादलाई नै सच्चा जागृतिको सफा बीज मानेका छन् । सरस्वती श्रेष्ठ 'सरू'को *गजल*मा जीवनको यथार्थ चित्रण गरिएको छ । सङ्गीता स्वेच्छाको *पर्खसँगै हाँसौला* गद्यकवितामा अर्काको हाँसो खुसी देख्न नचाहने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । गोपालकृष्ण आचार्यको *गजल*मा प्रणयभाव प्रस्तुत गरिएको छ । श्रेष्ठ प्रिया 'पत्थर'को *बेरोजगार* गद्यकवितामा बेरोजगारी समस्याको यथार्थ चित्रण गरिएको छ भने र योग्य व्यक्तिले बेरोजगार हुनु परेको यथार्थताको चित्रण गरिएको छ । गोविन्दराज विनोदीको *यक्ष प्रश्न* छन्दोबद्ध कवितामा मानवीय भेदभावबीच प्रश्न

चिह्न खडा गर्दै प्रकृतिले सबैलाई समान दृष्टिले हेर्दछ । स्वयम् मानिसले नै भेदभाव सृजना गरेको हो भन्ने विचार व्यक्त गरेको पाइन्छ । रामप्रसाद ढुङ्गानाको *एक मुक्तकमा* प्रकृतिको शास्वत पक्ष जीवन र मृत्युको उल्लेख पाइन्छ ।

### ४.१.२.१० सम्प्रेषण वर्ष ६ अङ्क १० (२०५३) मा कविता/मुक्तक/गीत/गजल

प्रभा बरालको *गीत*मा प्रणयभाव व्यक्त गरिएको छ । रवीन्द्र समिरको *गजल*मा प्रणयभाव व्यक्त भएको छ । इन्द्रकुमार श्रेष्ठ 'सरित्'को *नीलो स्वेटर* गद्य कवितामा कविताको मूल्य र मान्यता नै नबुझी कविताको क्षेत्रमा विकृति ल्याउने स्वघोषित कविहरूप्रति व्यङ्ग्य गरिएको छ । प्रमोद स्नेहीको *नीलो स्वेटर* गद्यकवितामा यथार्थ र वास्तविकतासँग डराउने स्रष्टाहरू माथि व्यङ्ग्य गरिएको छ । प्रकाश पाण्डे 'प्रेमी'को *नीलो स्वेटर* गद्यकवितामा नीलो स्वेटर लगाउने कविहरूको व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । कृष्णराज चौधरी *सर्वहारा* को दुईवटा कवितामा दुईवटा शीर्षक *शुभकामना र बधाई* र *चर्किएको मुटु* रहेका छन् । *शुभकामना र बधाई*मा धोका दिने प्रेयसीलाई शुभकामना र बधाई दिएका छन् भने *चर्किएको मुटु* गद्यकवितामा विरह वेदनाको भाव व्यक्त गरिएको छ । सीमारेखाको *शान्तिको गीत* गद्यकवितामा द्वन्द्व र आतङ्कका जालोमा फसेको धर्तीमा शान्तिको गीत गाइएको छ । राम प्रधानको *अनुत्तरित प्रश्न* गद्य कवितामा गरिबीले चिसो बनेको चुल्होमा सङ्घर्षशील नेपाली नारीको व्यथालाई यथार्थ चित्रण गरिएको छ । साम्ब ढकालको *एकछिन सपनाहरूसँग* गद्यकवितामा काल्पनिक भाव व्यक्त भएको छ । केशव श्रेष्ठ 'ज्योति'को *समयका प्रश्नहरू* गद्यकवितामा युद्धले त्रसित भएको मानसिकताले बनेको विसङ्गतिपूर्ण जीवनको चर्चा गरिएको छ । जगन्नाथ पण्डितको छन्दोबद्ध कविता *समाजको दुर्गति रोकिँदैन*मा प्रजातन्त्रको आगमन भएपनि समाजको दुर्गति नरोकिएको र विवेक र सदाचार हराएको प्रसङ्गप्रति प्रश्नचिह्न खडा गरेका छन् । गोपालकृष्ण आचार्यको *गीत*मा जीवनप्रतिको मोह पाइन्छ । रमेशचन्द्र घिमिरेको छन्दोबद्ध कविता *नारीप्रति*मा नारी नै समस्त सृष्टिकी महान् हुन् भन्ने भाव व्यक्त गरिएको छ र राजेश्वरी रेग्मीको *गीत*मा जीवनप्रति निस्सार भाव व्यक्त भएको छ । मोहनचन्द्र दाहालको *केही मुक्तक*अन्तर्गत तीन मुक्तकहरू देखिन्छन् । *उपहार, मनलाग्छ* र *गुम्फित रहरहरू*मा प्रणयभाव व्यक्त भएको छ । सुदीपभद्र खनालको *पानीमरूवा* गद्यकवितामा नियतिको शिकार बनेको मान्छे सधैँ दीन, हीन र निरीह हुँदै गएको भाव प्रकट गरिएको छ । रमेश प्रभातको *दूबो जस्तै फैलिरहोस्* गद्य कवितामा विरहमा डुबाउने प्रेयसीप्रति सद्भावहरू पोखिएका छन् । मुरारीप्रसाद सिग्देलको *अन्तहीन*

*अन्त* गद्यकवितामा युद्धले भयग्रस्त बन्दै गएको सामाजिक परिवेशको चित्रण गरिएको छ । हिक्मत थापाको *नदी र एक टुकडा मैन* गद्यकवितामा सन्ध्याकालीन र प्रातकालीन प्रकृतिको चित्रण गरिएको छ । सुविद गुरागाईंको *नयाँ वर्षमा* गद्यकवितामा नयाँ वर्षको शुभकामना व्यक्त भएको छ । विश्वमणि 'खार्पाली'को *देश गौरव*मा देशप्रेमका भावहरू व्यक्त गरिएका छन् । प्रकाश बस्नेत 'गफाडी'को *गजल*मा प्रणयभाव व्यक्त भएको छ । छविरमण सिलवालको *गीत*मा विरहको वेदना पोखिएको छ । निमेश शर्मा 'पापी'को *अस्तित्व हराएको जीवन* गद्य कवितामा जीवनको अस्तित्वहीनताको भाव व्यक्त गरिएको छ । नारायणप्रसाद खनालको *बाह्रखरी* छन्दोबद्ध कवितामा बालबालिकाहरूलाई बाह्रखरी सहज तरिकाले सिकाउन मिल्ने गरी स्वर तथा व्यञ्जन वर्णहरूको उल्लेख गरिएको छ । गोविन्दराज विनोदीको *गुरू र गोरू* छन्दोबद्ध कवितामा गुरू र गोरूमा तात्विक अन्तर नभएको तर ज्ञानको अन्तर भएको अर्थात् ज्ञान र अज्ञानको अन्तर भएको कुरा उल्लेख गरिएको छ । सुरेन्द्र अस्तफलको *गजल*मा प्रणयभाव व्यक्त गरिएको छ । केदारनाथ खनालको *अश्वस्थामा* गद्यकवितामा पौराणिक मिथकको प्रयोग गरिएको छ । शान्ति, सिर्जना र न्यायका विरूद्ध अन्याय अत्याचार र संत्रासको ढोल पिटेर देशलाई युद्धभूमि बनाएको भाव व्यक्त गरिएको छ । कर्णबहादुर कुँवर 'अञ्जान'को *दुइ छेस्का* गद्यकवितामा *ऊ* र *नेता* शीर्षकमा दुईवटा कविता समावेश गरिएका छन् । *ऊ* शीर्षकको कवितामा बेरोजगारी समस्याले, दीन र हीन बन्दैगएको देशको जनशक्तिको चित्रण गरिएको छ । *नेता* शीर्षकको कवितामा आजका भ्रष्ट नेता पैसा र सुविधाका लागि जस्तोसुकै काम गर्न पनि पछाडि हट्दैनन् भन्ने भाव व्यक्त छ । कर्णबहादुर थापाको *यसपटक तिमीलाई......* गद्यकवितामा प्रणयभाव व्यक्त गरिएको छ । सरस्वती श्रेष्ठ 'सरू'को *भो नकुष्छाऊ आफूलाई......* गद्यकवितामा जीवनप्रति निराशावादी भाव व्यक्त भएको देखिन्छ ।

**४.१.२.११ सम्प्रेषण वर्ष ७ अङ्क ११ (वि.सं. २०५४) मा कविता/मुक्तक/गीत/गजल**

कुमार शिशिरको *गजल*मा अनिश्चित भविष्यप्रति चिन्ता व्यक्त गरिएको छ । गोपाल भण्डारीको *गीत*मा प्रेमिकाप्रति विरह भाव पोखिएको छ । बासु पासाको *मशान जस्तो लाग्छ* गद्य कवितामा जीवनलाई निम्न लागेको बत्तीसँग समीकरण गरिएको छ । प्रकट पगेनी 'शिव'को गीतमा प्रणयभाव व्यक्त गरिएको छ । तीन मुक्तक शीर्षकमा *हिमाल, नेपोलियनको बैनी र विद्रोह* तीन उपशीर्षकहरू रहेका छन् ।

तीनवटै मुक्तकहरूमा व्यङ्ग्य भाव प्रकट भएको पाइन्छ । प्रकाश बस्नेत 'गफाडी'को *गजल*मा निराशावादी भाव व्यक्त गरिएको छ । गोविन्द नेपालको *अभियुक्त प्रेमी* गद्यलयात्मक कवितामा प्रणयवेदना व्यक्त भएको छ । राजकुमार बानियाँको *गजल*मा निराशावादी भाव व्यक्त गरिएको छ । राकृतको *समय यसरी चिप्लिरहेछ* गद्यलयात्मक कवितामा मानव जीवन विकृतितिर उन्मुख हुँदै गएको भाव पाइन्छ । भैरव रिमालको *एक भावना* गीतमा प्रेमिकाप्रति कल्पित भावनाहरू व्यक्त गरिएका छन् । गोविन्दराज विनोदीको *म जस्तै मेरा कविताहरू* छन्दोबद्ध कवितामा कवितालाई जीवनमा आउने घटना र मानवीय व्यथासँग समीकरण गरिएको छ । कर्णबहादुर थापाको *दूधको मूल्य* छन्दोबद्ध कवितामा मातृभूमिप्रतिको अगाध प्रेमको अभिव्यक्ति पाइन्छ । वीरेन्द्रप्रसाद सुवेदीको *भावना* गद्यलयात्मक कवितामा प्रणयभाव व्यक्त गरिएको छ । हरिप्रसाद अधिकारीको *सपनै सपनामा मैले* गद्यकवितामा श्रृङ्गारिक भाव भेटिन्छ । सूर्य पुष्कर कँडेलको *गीत*मा प्रणयपकरक भाव व्यक्त गरिएको छ । शराहको *राष्ट्रै उज्यालो अब* छन्दोबद्ध कवितामा राष्ट्रप्रेमको भावना व्यक्त गरिएको छ । केदारनाथ खनालको *भीष्मपितामह* गद्यकवितामा भविष्यलाई उज्वल बनाउने क्रममा पौराणिक पात्र भीष्मपितामहको त्यागपूर्ण जीवनको सन्दर्भ प्रस्तुत गरिएको छ ।

**४.१.२.१२ सम्प्रेषण वर्ष ८ अङ्क १२ (वि.सं. २०५५) मा कविता/मुक्तक/गीत/गजल**

मणि काफ्लेको *धर्मको एकालाप स्वर्गीय बन्दीसँग* गद्यकवितामा धर्मप्रतिको आशावादी दृष्टिकोंण प्रस्तुत गरिएको छ । पेशल आचार्यको *बाढी आएको छ* गद्यकवितामा सबैतिर फरक फरक परिवेशमा बाढी आएको सन्दर्भ जोड्दै अभाव अस्थिरता र अनिकालको बाढीले क्षतिग्रस्त जनताको चित्रण गरिएको छ । गगनदीप सर्वको *चराहरू अर्थात् तिमी* मुक्तकमा बिहानीमा चिरविर गरेर ब्युँझाउँन आउने चराहरूलाई प्रेयसीसँग समीकरण गरिएको छ । रमेशप्रसाद सागरको *केही हाइकुहरू*मा समसामयिकताको चित्रण गरिएको छ । दुर्गाप्रसाद पोखेलको *कसरी ज्यूँनु हो यो जीवन ?* गद्यकवितामा जीवन भोगाइका पीडाहरू व्यक्त गरिएका छन् । कृष्ण शाह 'यात्री'को *गीत*मा निराशावादी भाव व्यक्त गरिएको छ । छविरमण सिलवालको *यौवनका तरङ्गहरू* गद्यकवितामा प्रणयको उत्कर्षता भेटिन्छ । नवराज पुडासैनी 'ज्योत्स्ना'को *गीत*मा विरह वेदना देख्न सकिन्छ । विवश पोखरेलको *समाचार* गद्यकवितामा प्राकृतिक प्रकोप, युद्ध, बम र बारूदले क्षतिग्रस्त बनेको देश र समाचार

प्रसारणमा देखिएको यथास्थितिप्रति व्यङ्ग्य गरिएको छ । उत्सव नेपालको *गजल*मा निराशावादी स्वर व्यक्त भएको छ । इन्द्रकुमार श्रेष्ठ 'सरित्'को *गीत*मा अतीतप्रति विरहको भावना व्यक्त गरिएको छ । निर्मोही व्यासको *म पाऊँ परम् तृप्ति यो फेरि-फेरि* छन्दोबद्ध कवितामा आफ्नी प्रेमिकाको सौन्दर्य वर्णन गरिएको छ । व्याकुल पाठकको *चार हाइकु*मा व्यङ्ग्यात्मकता पाइन्छ । सुरेन्द्र अस्तफलको *गीत*मा प्रणयको भाव भेटिन्छ । घनश्याम न्यौपाने 'परिश्रमी'को *तिम्रै मुटुभित्र* शीर्षकको गीतमा वियोगजन्य प्रेमभाव व्यक्त गरिएको छ । केदारनाथ खनालको *तिक्त सम्झना : चौवन्न साल*को छन्दोबद्ध कवितामा चौवन्न सालले राष्ट्रलाई मात्र ईर्श्या, शङ्का र षड्यन्त्र मात्र दिएको प्रसङ्गलाई प्रस्तुत गर्दै नववर्ष २०५५ सुखद् र भरिपूर्ण होस् भन्ने कामना व्यक्त गरिएको छ । लावण्यप्रसाद ढुङ्गानाको *त्यो काठमाण्डपमहाँ नवरङ्ग छायो* छन्दवद्ध कवितामा प्रदूषित बन्दै गएको काठमाण्डौं उपत्यकाको चित्रण पाइन्छ । श्रेष्ठ प्रिया 'पत्थर'को *गजल*मा समाजका स्वार्थी प्रवृत्तिको चित्रण गरिएको छ । अनन्तद्वारा अनुवादित सर्वेश्वर दयाल सक्सेनाको *पोष्टमार्टमको रिपोर्ट* कवितामा गरिबीको उत्कर्षताप्रति व्यङ्ग्य गरिएको पाइन्छ । भीष्म उप्रेतीको *संवाद* गद्यकवितामा अक्षरहरूप्रतिको मोह प्रस्तुत गरिएको पाइन्छ । यज्ञविक्रम शाहीको *परिवर्तन* गद्यकवितामा परिवर्तनसँगसँगै राक्षस र देवता समेत परिवर्तित भएका छन् भन्ने भाव व्यक्त गरिएको छ । गोवर्द्धन पूजाको *अबुझ सपना* गद्यकवितामा सपनामा रमाउनेहरू पनि व्यङ्ग्य गरिएको छ । विगत र दुर्बोध गुरागाईंको *आमा तिमी....... !* गद्यकवितामा विगत र वर्तमानले शोषण गरिएकी आमाको चित्रण गरिएको छ । गोपी सापकोटाको *कम्पन* गद्यकवितामा प्रणय चेतनाको अभिव्यक्ति पाइन्छ । रमेश प्रभातको *गीत*मा अपरिचित प्रेयसीसँगको कल्पित प्रणयभाव व्यक्त गरिएको छ । नवराज तिमिल्सिना 'गोपी'को लोकलयमा लेखिएको कवितामा गरिबीको चित्रण गरिएको छ । अमर त्यागीको *गजल*मा मानवता र समुन्नत समाजको चाहना गरिएको छ । भीम विरागको *कतै सिङ्गो छैन धरती* गद्यकवितामा निरिह र विक्षिप्त बन्दै गएको मानव अस्तित्वको सजीव चित्रण पाइन्छ । मनु ब्राजाकीको *गजल*मा वर्तमान अवस्थामा देखिएको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । लक्ष्मण अर्यालको गद्यकविता *नेपालीहरूको झोपडीमा बास छ*मा देशको समसामयिक स्थितिको चित्रण गरिएको छ । जुनू क्षेत्रीको *माया* गद्यकवितामा मायालाई अथाह जलराशीसँग समीकरण गरिएको छ । साम्ब ढकालको संवेदित/असंवेदित गद्यकवितामा संवेदनशीलता/असंवेदनशीलताको प्रसङ्ग जोडिएको छ । गोविन्द विकलको *चार टुक्रा* मुक्तकमा प्रणयभाव र व्यङ्ग्यात्मकताको चित्रण गरिएको छ । गोविन्द विनोदी

*दुखेको मन* गीतमा मनको पीडा र जिन्दगीको बिझाइका अभिव्यक्ति प्रस्तुत छ । कपिल अज्ञातको छन्दोबद्ध कविता *चढ्थे पजेरो किन ?* मा नेताहरूको स्वार्थी प्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ ।

### ४.१.२.१३ सम्प्रेषण वर्ष ९ अङ्क १३ (वि.सं. २०६१) मा कविता/मुक्तक/गीत/गजल

तीर्थराज कोइरालाको *यी पुष्प छन् समर्पित* छन्दोबद्ध कवितामा राष्ट्रका निम्ति लड्ने वीरहरूलाई अतीतको गौरवलाई कायम राख्ने र विश्व सामु राष्ट्रको ध्वजा उठाउन आह्वान गरिएको छ । मञ्जुलको *घरवार विहिन* गद्यकवितामा पीडित मानसिकताको चित्रण पाइन्छ भने जीवनलाई बेवारिसे सामानसँग समीकरण गरिएको छ । प्रेम रिमालको *केही हाइकु*मा समसामयिक राजनैतिक बेमेल परिस्थितिप्रति व्यङ्ग्य गरिएको छ । विवश पोखरेलको *स्नेहकी सुनगाभालाई* गद्यकवितामा सुनगाभालाई स्नेही आँखाले हेर्दै प्रेमपूर्ण पार्ने आशा व्यक्त गरिएको छ । गोपाल आचार्य र मन्दिरा कोइराला 'मञ्जुश्री' को *गजल दोहोरी*मा प्रेमीको साँचो प्रेम व्यक्त भएको छ भने प्रेयसीको देखावटी प्रेम व्यक्त भएको देखिन्छ । राजेन्द्र सिलवाल 'घायल'को *फर्के नि हुन्थ्यो* छन्दोबद्ध कवितामा गृहयुद्धले क्षतविक्षत बनाएको देशको भयावह परिस्थितिको चित्रण गरिएको छ । गिरिधारी विशिष्टको *राजेन्द्र घायलप्रति* छन्दोबद्ध कवितामा पीडित व्यक्तित्वहरूलाई मलमपट्टी लगाउने काम गरिएको छ । भूमिका भीषणको गजलमा समाजको विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । सीमा आभाषको *परिवर्तित अवस्था* गद्यकवितामा युद्धले पीडित मानसिक अवस्थाको र सारा सपनाहरूलाई युद्धले निस्सार बनाएको चित्रण गरिएको छ । सरस्वती घिमिरेको *गजल*मा देशको वर्तमान समस्याप्रति चिन्ता व्यक्त गरिएको छ । भूपिन व्याकुलको *जीवनको नक्सा* गद्यकवितामा काल्पनिक प्रेमिकासँगको हार्दिक प्रेमको चित्रण गरिएको छ । उमेश आचार्यको दुई छुट्टाछुट्टै मुक्तक *स्वतन्त्रता र माया*मा तत्कालीन परिस्थितिप्रति व्यङ्ग्य गरिएको छ । अच्युत 'असीम दर्पण'को *गजल*मा प्रणयपरक भाव व्यक्त गरिएको छ । केशव भट्टराईको *गजल*मा युद्ध, दमन, अन्याय मौलाएको, बुद्धको हार भएको र हिटलको विजय भएको भाव व्यक्त गरिएको छ । पार्वती *आँशु* तिमिल्सिनाको *गजल*मा देशका जनताहरू आतङ्कित भएर बाँच्नुपरेको अवस्थाको चित्रण गरिएको छ । बविता खनालको *गजल*मा युद्धले गर्दा गाउँ, घर, विद्यालय हरेक ठाउँ प्रभावित भएको प्रसङ्गको चित्रण गरिएको छ । सिर्जन अविरलको *प्राप्ति* गद्यकवितामा प्रणयपरक भाव व्यक्त गरिएको छ । गायत्री

लम्सालको *चिना* गद्यकवितामा मत्युको चित्रण पाइन्छ । प्रेमविनोद नन्दनको *निमन्त्रणा* छन्दोबद्ध कवितामा प्रणय भावको चित्रण गरिएको छ । उत्सव खरेलको *गजल*मा युद्धले कैयौंको सिन्दुर पुछिएको र सबैतिर शान्ति हराएको प्रसङ्ग व्यक्त गरिएको छ । बुँद रानाको *गजल*मा विनाअर्थले जिन्दगी बितिरहेको भावको चित्रण गरिएको छ । शराहको *सर्जकाकांक्षा* छन्दोवद्ध कवितामा युद्धले विक्षिप्त बनाएको अवस्थाको चित्रण गरिएको छ । गोविन्दराज विनोदीको *मरणोत्सव* छन्दोवद्ध कवितामा गाउँ, पाखा, लेकबेसी, सबैतिर बम, बारूद र मृत्युको खेल द्रुत गतिमा खेलिएकोले सबै मिलेर मरणोत्सव मनाउन आह्वान गरिएको छ । खनाल रेवतीरमणको गीतमा नेपालीहरूको बीचमा शान्ति, आफ्नोपन र स्वाभिमानको खाँचो भएको भाव व्यक्त गरिएको छ । ऋषिप्रसाद लामिछानेको गजलमा प्रणयभावको प्राधान्यता पाइन्छ । केदारनाथ खनालको विभिन्न फरक-फरक शीर्षकका आठवटा हाइकु जापान, साकुरा, युवती, जीवनशैली र संस्कृति रहेका छन् जसमा जापानको शिष्ट संस्कृति, साकुरा राष्ट्रिय फल, युवतीको मुस्कान, मृदुभाषी व्यक्तिहरू हार्दिक सत्कार प्रस्तुत गरिएको छ । राजेन्द्र हमालको *कलम र मान्छे* गद्य कवितामा बन्दुक बोक्नेले कलम बोक्न सक्ने र इतिहासको निर्माण गर्न सक्ने अवस्थाको चित्रण गरिएको छ । बद्री पालिखेको *हृदयको ज्योति झ्याप्प निभ्यो* गद्यकवितामा राजपरिवारको दु:खद निधनले चारैतिर शून्यता छाएको र ठूलो बज्रपात भएको अवस्थाको चित्रण गरिएको छ । शीतल गुरूङ्गको *गीत*मा अतीतको प्रणयपरक भाव व्यक्त गरिएको छ । पुष्प अधिकारी 'अञ्जली'को *गजल*मा आफ्नी प्रेयसीप्रति विरह भाव व्यक्त गरिएको छ । सङ्गीत आयामको *गजल*मा जीवन भोगाइका पीडाहरू व्यक्त गरिएको छ । सुधा भट्टराईको गजलमा प्रेममा विश्वासघात सहनुपरेको भाव व्यक्त गरिएको छ । धर्म प्रधान 'अकिंचन'को *गीत*मा मानिसको स्वार्थीपन र हीन भावनाको चित्रण गरिएको छ । दुर्गा दाहालको मुक्तकमा देशलाई कसैले पनि बचाउन नसकेको परिस्थितिको चित्रण गरिएको छ । दिव्यश्री क्षेत्रीको *गद्यकविता*मा हत्या र आतङ्कले गर्दा सारा नेपालीको जीवनलाई नाङ्गो रूखसँग समीकरण गरिएको छ । नवराज कँडेल 'अविरलको' *गजल*मा आफूलाई विस्थापित शहर र सुख्खा नहरसँग समीकरण गरिएको भाव व्यक्त छ ।

**४.१.२.१४ सम्प्रेषण वर्ष ९ अङ्क १४ (वि.सं. २०६१) मा कविता/मुक्तक/गीत/गजल**

तीर्थराज कोइरालाको *तिमी अग्निशिखा बन* छन्दोबद्ध कवितामा कलमवीरहरू महान् छन् । कलमले युद्धका मेघमाला हटाऊ र नवकिरण अग्निशिखा बन भन्ने भाव व्यक्त गरिएको छ । सुरेन्द्र देवकोटाको *अठोट* छन्दबद्ध कवितामा सत्य, निष्ठा र न्यायले आश्रय पाउनु पर्दछ । भोका, नाङ्गा र निर्धाले बाँच्न पाउनु पर्छ भन्ने भाव व्यक्त गरिएको छ । डा. बालकृष्ण थापाको *बडा दशैं* गद्य कवितामा बडा दशैंको महिमा गाइएको छ भने सर्वव्यापी भैरवी र कालीलाई व्यक्तिको मनभित्र पसेर दुषित भावना दुराग्रह र पूर्वाग्रहहरूलाई हटाउन आग्रह गरिएको छ । प्रकट पंगेनी 'शिव'को *गजल*मा प्रणय वेदना व्यक्त भएको छ । रूपा कुसुमको *गजल*मा सपनाबाट व्युँझिएर वास्तविकताको चित्रण गरिएको छ । रामशरण थपलिया 'रमण'को *गीत*मा जीवनप्रतिको निराशाभाव व्यक्त भएको छ । अमृता ठकुरीको *गजल*मा प्रणय वेदना प्रस्तुत गरिएको छ । सुधा भट्टराईको *गजल*मा जिन्दगीप्रतिको मोह व्यक्त गरिएको छ । सजल नयनको *प्रश्न मान्छेका मनहरूलाई* छन्दोवद्ध कवितामा मानिसको मानवता क्रमशः हराउँदै गएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । मधुसुदन दुवाडीको *गजल*मा देश जलेको र दाजुभाइ दुश्मनमा परिणत भएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । नारायणप्रसाद गौतमको *तरलता* छन्दोवद्ध कवितामा नेपाली कविताहरूलाई छन्द बचाउनको लागि छन्द मैदानमा उत्रिन आग्रह गरिएको छ । तारा भट्ट 'पल्लवी'को *गजल*मा मान्छेमा मानवता मरिसकेको र बुद्धको नाम बदनाम भएको भाव व्यक्त गरिएको छ । महानन्द ढकालको *गजल*मा युद्धले विकृत बनेको मानव मनको चित्रण गरिएको छ । गोविन्दराज विनोदीको *अमृतांशु ! तिमी नित्य रहस्य सिर्जना गर !* छन्दोवद्ध कवितामा प्रकृतिलाई मानवीकरण गरेर अनुपम सौन्दर्य र सुन्दर दृश्यहरूको चित्रण गरिएको छ । धनराज गिरीको *गजल*मा देशबाट कानून, नियम सबै सति गएको र मान्छे अत्यन्त स्वार्थी बन्दै गएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । नारायणप्रसाद पोखरेलको *शान्तिलाई निमन्त्रणा !* छन्दोवद्ध कवितामा शान्तिलाई मानवीकरण गरिएको छ भने देशमा छाडा संस्कृति फैलिएको चर्चा गर्दै छिट्टै निम्तो पत्र बुझेर आफ्नै देशमा फर्कनका लागि आह्वान गरिएको छ । कृष्ण सुदामाको *मुक्तक*मा कोही भोकै बस्नुपर्ने बाध्यता छ भने कामचोरहरू दिउँसै लुटमा संलग्न छन् भन्ने भाव व्यक्त गरिएको छ । प्रेमविनोद नन्दनको *गीत*मा कल्पनाकी प्रेयसीप्रति प्रेमभाव व्यक्त गरिएको छ । झलकजी विकल्पको *गजल*मा प्रेममा वियोगको स्वर व्यक्त गरिएको छ । गणेश पौडेलको गजलमा शान्तिक्षेत्र नेपाल बनाउने भाव व्यक्त

गर्दछन् । सुशील राजोपाध्यायको *गजल*मा गरिबी र अभावले खोक्रो बन्दै गएको समाजको चित्रण गरिएको छ । सङ्गीत आयामको *तरलता* गद्यकवितामा मानिसका अमानवीय र क्रूर प्रवृत्तिबाट प्रकृतिले समेत पीडित हुनुपरेको प्रसङ्गलाई प्रस्तुत गरेका छन् । तिलकराज शर्माको *नाइटो महात्म्य* गद्यकवितामा समाजको विकृति र बिसङ्गतिलाइ नाइटोको माध्यमबाट प्रस्तुत गरिएको छ । अच्युत घिमिरेको *निरपेक्ष जीवन* गद्यकवितामा मान्छे मान्छेको बीचबाट विश्वास हराएको प्रसङ्ग प्रस्तुत गरिएको छ ।

### ४.१.२.१५ सम्प्रेषण वर्ष १० अङ्क १५ (वि.सं. २०६२) मा कविता/मुक्तक/गीत/गजल

तीर्थराज कोइरालाको *जयगान गाउनुपर्छ* छन्दोवद्ध कवितामा दलगत स्वार्थमा लागेर जनतालाई नठग्न र जयगान गाउनको लागि अनुरोध गरिएको छ । डा. बालकृष्ण थापाको *कठै ! समयको महत्त्व बढेछ* गद्यकवितामा समयको महत्त्व दर्शाइएको छ भने समयको महत्त्व नबुझ्नेहरूप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । प्रेमविनोद नन्दनको *गजल*मा प्राकृतिक सौन्दर्यको वर्णन पाइन्छ । पुष्प अधिकारी 'अञ्जली'को *गजल*मा प्रेमपीडाको भाव व्यक्त भएको छ । श्रेष्ठ प्रिया 'पत्थर'को *गजल*मा मानिसको बेमेल र स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । बालकृष्ण थपलियाको *बजेट र मेरो सपना* गद्यकवितामा बजेट भाषणको दिनमा हरेकको मनमा पलाएको आशाका पालुवाहरूको चित्रण गरिएको छ । राजेन्द्र घायलको *कवि विनोदी र छन्द विनोद* छन्दोवाद कवितामा कवि विनोदीको *छन्द विनोद* काव्यको रचनाप्रति धन्यवादका शब्दहरू व्यक्त गरिएको छ । खगेन्द्र गिरी 'कोपिला'को तीन मुक्तकहरू ढिलाइ, स्पर्श र श्रद्धा रहेका छन् । जसमा वर्तमानप्रति निस्सार भाव र पीडित मानसिकताको चित्रण गरिएको छ । धनराज गिरीको गजलमा प्रणयपरक भाव व्यक्त गरिएको छ । गणेश शर्मा पौडेल 'चन्दन'को *गजल*मा प्रणयपरक भाव व्यक्त गरिएको छ । गीता लामिछानेको *माकुरी* गद्यकवितामा बन्धन र कुसंस्कारमा अल्झिएर बसेकी नेपाली नारीहरूलाई आत्मिक क्रान्ति गर्नका लागि आह्वान गरिएको छ । गोविन्द दाहालको *खर्सापको जागिर* गद्य कवितमा भन्सारको जागीरमा हुने भ्रष्टाचार र लुटको चित्रण गरिएको छ । सङ्गीत आयामको *यसपालिको छानो* गद्यकवितामा देश र समाजका बिग्रेको परस्थिति र नेताहरूका खोक्रा आश्वासनले निर्माण गर्न नसकिएका भत्किएका संरचनाहरूको चित्रण गरिएको छ । सुदर्शन थापा क्षेत्रीको गद्यककविता *२१ औं शताब्दीका वेश्याहरू*मा शिक्षा, स्वास्थ्य र सञ्चारमा भइरहेको होडबाजी सम्पत्ति कमाउनका लागि गरिएको प्रतिस्पर्धाको चित्रण गरिएको छ ।

**४.१.२.१६ सम्प्रेषण वर्ष ११ अङ्क १६ (वि.सं. २०६४) मा कविता/मुक्तक/गीत/गजल**

सङ्गीत आयामको *म योद्धा हुँ* गद्यकवितामा तानाशाहहरूको विरूद्धमा युद्ध लडिरहेको वीर योद्धा र क्रान्तिवीरको चित्रण गरिएको छ । मोदनाथ मरहट्ठाको *रामबाबु गुरूसँग एकालाप* गद्यकवितामा पुराना मान्यता र संस्कारहरूलाई छाड्दै प्रजातन्त्रमा गणतन्त्रको नयाँ रथ तान्न आग्रह गरिएको छ । गोविन्दराज विनोदीको *झरीपछि उघ्रेको दिन* छन्दोबद्ध कवितामा प्रकृतिका कलुषित हटाएर स्वच्छ र सभ्य बनाइदिने झरीको स्वागत गरिएको छ । सरिता तिवारीको *पर्वतहरू* गद्यकवितामा सभ्यता, बन्धुत्व र जीवन बाँच्न सिकाउने पर्वतहरूप्रति प्रगाढ प्रेम दर्शाइएको छ । पोषराज पौडेलको *उठ !* छन्दोबद्ध कवितामा सत्ता परिवर्तनको लागि गोठाला, हली, किसान, डोके, नाम्ले, विद्यार्थी, मजदुर, शिक्षक र सर्वहारा सवैलाई उठ्न आग्रह गरिएको छ । चेतराज रेग्मी 'दीपक'को *मेरो कविता* गद्य कवितामा समसामयिकताको चित्रण पाइन्छ । राजेन्द्र घायलको *खाँचो छ साँचो गणतन्त्रको* छन्दोबद्ध कवितामा गणतन्त्र प्राप्त गर्नका लागि सबैलाई एकजुट भएर अगाडि बढ्न आग्रह गरिएको छ । धनेश्वर भट्टराईंको *खुल्छ नौलो विहानी* गद्यलयात्मक कवितामा आशा र विश्वासले भरिएको नौलो बिहानी खुल्नु पर्ने भाव व्यक्त गरिएको छ । ह्यग्रीव आचार्यको *गजल*मा मानव मनमा दया, माया, इमान्दारी र नम्रताको खेती गर्नुपर्ने भाव व्यक्त गरिएको छ । पुष्प अधिकारी 'अञ्जली'को *गजल*मा जाली, फटाहा र मुलुकमाराले शहरमा आश्रय पाएको कुरा चित्रण गरिएको छ । गीता लामिछानेको *नारायणीको तीरमा उभिएर* गद्यकवितामा विरक्त भाव र वैराग्यहरूलाई पखालिदिने नारायणी नदीप्रति स्नेहभाव व्यक्त गरिएको छ । निमेष निखिलको *अश्रव्य समय ध्वनि र हाम्रो यात्रा* गद्यकवितामा अतीतको प्रणयभाव व्यक्त गरिएको छ । श्यामकुमार बानियाँको *मान्छेका देश, देशका मान्छे* छन्दोवद्ध कवितामा गृहयुद्धमा फसेको देशका जनतालाई विद्रोह त्यागेर एक अर्कामा प्रेमधारा बगाउन आग्रह गरिएको छ । राज 'एक्लोयात्री'को *गजल*मा प्रेमपीडाको भाव व्यक्त गरिएको छ । तुलसी थापाको *स्वीकारोक्ति* गद्यकवितामा उत्सर्ग र उन्मुक्ति विना पराधीनतामा बाँचेको जीवनको चर्चा गरिएको छ ।

**४.१.२.१७ सम्प्रेषण वर्ष १२ अङ्क १७ (वि.सं. २०६५) मा कविता/मुक्तक/गीत/गजल**

गोविन्दराज विनोदीको छन्दोबद्ध कविता *मृत्यु*मा जीवन पछि मृत्युको सत्यताको चित्रण गरिएको छ । निमेष निखिलको कविता *दुर्बोध्य समय र दोभाषेहरूको खोजी* गद्यकवितामा दुर्वोध्य समय र समयको अर्थ बुझ्ने व्यक्तिहरूको खोजी गरिएको चर्चा गरिएको छ । लक्ष्मण अर्यालको *उठ ! नयाँ बिहानीको स्वागतमा* गद्यकवितामा प्रकृतिको उषाकालको चर्चासँगै सुनौलो बिहानीको चित्रण गरिएको छ । गोकर्ण मल्लको *तिमी आउँछ्यौ भने* गद्यकवितामा प्रेयसीको आगमनमा प्रकृतिका हरेक वस्तु बनिदिन सक्ने भाव व्यक्त गरिएको छ । चेतराज रेग्मीको *एक्लो जिन्दगानी* गीतमा एक्लो जीवन बाँच्नुको पीडा व्यक्त गरिएको छ । आर.के. शर्माको गजलमा प्रेमको भाउ बढेको प्रसङ्ग देखाइएको छ । राजेन्द्र घायलको *लोकतान्त्रिक पथ* छन्दोवद्ध कवितामा गरिब र श्रमिकको कदर होस्, स्वार्थ र घमण्ड घटेर नेपालको जय होस् भन्ने भावना व्यक्त गरिएको छ । शङ्कर सुवेदीको *प्रण* छन्दोवद्ध कवितामा प्रेमको पवित्रतालाई चिनाउने प्रयास गरिएको छ र प्रणयभाव समेत व्यक्त गरिएको छ । सामना पहाडको *नाता कालीगण्डकीसँगको* गद्यकवितामा कालीगण्डकीलाई मानवीकरण गरेर पीडित मानसिकताको चित्रण गरिएको छ । अनिता गिरीको *हरक्षण त्रसित छु म* गद्यकवितामा मानवका बीचमा चिसिदै गएको सम्बन्ध र विषाक्त बन्दै गएका मनहरूको चित्रण गरिएको छ । दुर्गाप्रसाद पौडेलको *पर्दा खस्यो* गद्यकवितामा देश र जनताको लागि मर्नेहरूको नाम इतिहासमा कतै नलेखिएको चर्चा गरिएको छ । तिलकराज शर्माको कविता *पुलचोककी मायालु*मा आधुनिक सजावट र पहिरनमा हिँडेकी मायालुले सपनामा पनि सताउने गरेको भाव व्यक्त गरिएको छ । अश्रु अधिकारीको गजलमा जीवन अगाडि बढाउनको लागि गन्तव्यमा पुग्ने अठोट पाइन्छ । तिलक पन्थी 'भारद्वाज'को *म र मेरो अस्तित्व* गद्यकवितामा विगतप्रतिको असन्तुष्टि र वर्तमानसँगको वितृष्णा व्यक्त गरिएको छ । शुकदेव गिरीको *अपेक्षा यथार्थताको* गद्यकवितामा मानवीय देखावटीपन प्रति व्यङ्ग्य प्रहार गरिएको छ । आर.आर. चौलागाईंको *कलम* गद्यकवितामा प्रियसीले क्रान्ति र शान्तिको कविता लेख्न दिएको कलम हराएको प्रसङ्ग उल्लेख गरिएको छ । खगेन्द्र गिरी 'कोपिला'को *गजल*मा मानिसमा बढ्दै गएको देखावटीपनप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । सुवास खनालको *मौन हामीहरू र समयको उपस्थिति* गद्यकवितामा समयसँगै दौडन नसकेको मानवीय कमजोरीको उद्घाटन गरिएको छ । निष्प्रभ सजीको *सम्बन्ध* गद्यकवितामा मानवीय सम्बन्धमा विश्वासको कमी हुँदै गएको प्रसङ्गको चित्रण गरिएको छ ।

**४.१.२.१८ सम्प्रेषण वर्ष १३ अङ्क १८ (वि.सं. २०६६) मा कविता/मुक्तक/गीत/गजल**

गोविन्दराज विनोदीको *स्नेहाभिनन्दन* छन्दोबद्ध कवितामा नववर्षलाई हृदयद्वारमा दीप बालेर आउन र सुशान्तिका मीठा समाचार ल्याउन आग्रह गरिएको छ । प्रेमविनोद नन्दनको गीतमा काल्पनिक प्रेमको अभिव्यक्ति पाइन्छ । भानुभक्त पोखरेलको *आफ्नो गीत आफैँ हेरी* गीतिलयमा लेखिएको कवितामा ऐना हेर्दा धेरै राम्री नदेखिएकी गीतमा राम्री भएकी प्रेमिकाको प्रेमभाव व्यक्त गरिएको छ । किसान प्रेमीको *गजल*मा प्रेमपीडाको भाव व्यक्त भएको छ । रामकृष्ण कँडेलको छन्दोवद्ध कविता *मलाई कसैले रूवाइनदेऊ*मा एक अङ्ग दुख्दा सम्पूर्ण शरीर नै दुख्ने भाव व्यक्त गरिएको छ । श्रेष्ठ प्रिया 'पत्थर'को *गजल*मा प्रेमपीडाको चित्रण गरिएको छ । भूपिन व्याकुलको गद्यकविता *किरणहरूको खेलभूमि*मा कविले कविताको छाया पक्रन खोजे जस्तै किरणहरूको लाठी समातेर धर्तीमा पाइला सार्न खोज्ने बालकको बालमनोविज्ञानको चित्रण पाइन्छ । खनाल मेघनाथ 'बन्धु'को *गजल*मा प्रजातन्त्र प्राप्तिपछि पनि जनताको दिनचर्यामा कुनै परिवर्तन नदेखिएको भाव व्यक्त गरिएको छ । आनन्द 'विद्रोही'को तीन *हाइकु*मा असफल प्रेम र पीडित जीवनको चित्रण पाइन्छ । कृष्णादेवी शर्मा (श्रेष्ठ)को *गजल*मा प्रणय प्रेमको भाव व्यक्त गरिएको छ । जनक रसिकको गजलमा शोषणको विरूद्ध लड्दा सबैबाट टाढा जानु परेको यथार्थताको चित्रण गरिएको छ । मिथिला प्याकुरेलको गजलमा इज्जत र विश्वासको जीवन बाँच्नु पर्ने भाव व्यक्त गरिएको छ । टेकु बज्रपातको *कमलहरू गद्यकवितामा कमल*को फूललाई मानवीकरण गरिएको छ । सयपत्री, लालुपाते, गुलाफ र चमेलीको अगाडि हिलोमा फुल्ने कमलको कुनै अस्तित्व र इज्जत नरहेको भाव व्यक्त गरिएको छ । द्वारिका नेपालको *फूल र मालीहरू* गद्यकवितामा फूलको कोमलता र कोमल फूलको व्यापार गर्ने मालीहरूको कठोरताको चित्रण गरिएको छ । भावना पाठक 'तेजश्वी'को गजलमा फटाहा र बदमासहरूको मात्र जीत हुने समाजको यथार्थताको चित्रण गरिएको छ । प्रकाश चापागाईंको छन्दोबद्ध कविता *हे युद्धका नायक*मा सत्ता परिवर्तन गरेर जनताको विश्वास जितेकाहरूले नै विश्वासघात गरेको परिस्थितिको चित्रण गरिएको छ । चेतराज रेग्मी 'दीपक'को *नारीको जीवन* छन्दोवद्ध कवितामा नारीलाई आफ्नो बनाएपछि जीवनमा सारा खुसीहरू आँशुमा परिवर्तन भएको भाव व्यक्त गरिएको छ । साम्ब ढकालको *जोखिमहरूको मध्याह्न* गद्यकवितामा वर्तमान परिस्थितिमा मान्छेको स्वतन्त्रता र मानवता हराएको प्रसङ्ग प्रस्तुत गरिएको छ । खगेन्द्र गिरी 'कोपिला'को *गजल*मा हिजोभन्दा आज र आजभन्दा भोलि मान्छे यान्त्रिक

बन्दै गइरहेको प्रसङ्ग प्रस्तुत गर्दै घमण्ड, आक्रोश, युद्ध र प्रतिशोधमा मानिस अगाडि बढ्दै गएको परिस्थितिको चित्रण गरिएको छ । श्रीभक्त अच्युत वाग्लेको *संविधान सभा*मा निरङ्कुश शासनलाई हटाएर आएको लोकतन्त्रले देशलाई नयाँ रङ्ग दियोस् र देशमा मूल कानून बनोस् भन्ने भाव व्यक्त गरिएको छ । सुधा भट्टराई 'अर्याल'को *गजल*मा जीवनका हरेक मोडसँगै नयाँ-नयाँ गजल लेखिएको प्रसङ्ग प्रस्तुत गरिएको छ । विमलप्रकाश देवकोटाको *मुक्तक*मा आउँछु भनेर नआउने प्रेमिकाप्रति प्रेम भाव व्यक्त गरिएको छ । बैदिक अत्रीको *घोडा* गद्यकवितामा युद्धले पीडित समाजको यथार्थ चित्रण गरिएको छ । राजनविफल पौडेलको *जीवन* गद्यकवितामा जीवनको रहस्य, जटिलता र पृथ्कतालाई बुझ्न नसकिने प्रसङ्ग प्रस्तुत गरिएको छ । सामना पहाडको गद्यकविता *फुकुवा साँढेहरूको विरूद्धमा* नारी अस्मितामाथि खेलवाड गर्ने पुरूष प्रवृत्तिलाई फुकुवा साँढेको रूपमा चित्रण गर्दै नारीहरूलाई प्रतिकारमा अस्त्र लिएर उठ्न आग्रह गरिएको छ । पुष्प अधिकारी 'अञ्जलि'को केही मुक्तकहरूमा समाजमा मौलाएको विकृति र राजनीतिमा मौलाएको सत्ता प्राप्तिको खेलका विरूद्ध जनतालाई सचेत हुन आवाज उठाउन आग्रह गरिएको छ । दुर्गाप्रसाद पौडेलको *तिम्रो पर्खाइमा* गद्यकवितामा आफ्नी प्रेमिकाको पर्खाइमा बस्दा बस्दै दिनरात बितेर ऋतु परिवर्तन हुँदासमेत नथाक्ने नयाँ बिहानीसँगै आशाका किरणहरू पालेर प्रतिक्षारत प्रेमीको चित्रण गरिएको छ । एकनारायण पौडेलको हाइकुहरूमा संविधान, अशान्ति र एकान्तपनको यथार्थ चित्रण गरिएको छ । सुरेन्द्र अस्तफलका तीन शीर्षकमा रहेका मुक्तकहरू *प्रेम, चन्द्रमा र तिमी*मा क्रमशः प्रेमभाव, प्रणयभाव र निरीह निरीक्षकको चित्रण पाइन्छ ।

### ४.१.३ अन्तर्वस्तु वा भावविधान

अन्तर्वस्तु कविताको वर्णनीय पक्ष हो । **सम्प्रेषण** साहित्यिक पत्रिकामा रहेका प्रत्येक कविताहरूको अन्तर्वस्तु र भावविधानको चर्चा गर्नु सम्भव नदेखिएको कारणले गर्दा प्रमुख कविताहरूको अन्तर्वस्तु विश्लेषण गरिएको छ । यहाँ देशप्रेमको भावना, समर्पण, धार्मिक सहिष्णुता, प्रणयभाव, भविष्यप्रतिको मोह, परिवर्तनतर्फ उन्मुख, संस्कार वर्णन, आत्मियताको चित्रण, जीवनप्रतिको वितृष्णा, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, पीडाबोध, आध्यात्मिक चेतना, युद्धको यथार्थ वर्णन, मृत्युको यथार्थ चित्रण, शान्तिको चाहना सामाजिक कुसंस्कारको बन्धन, प्रेरणाको आवाज जस्ता विषयवस्तुहरूले क्रमशः स्थान पाएका छन् ।

भावपक्ष कविताको परिचायक तत्व हो भने यस पत्रिकामा प्रकाशित भएका विभिन्न कविताहरूमा प्रकृतिप्रेम, राष्ट्रप्रेम, आध्यामिक चेतना, औपदेखिकता, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, युद्धको वर्णन, अस्तित्वको खोजी, मृत्युको चित्रण, शान्तिको चाहना जस्ता भावहरू व्यक्त भएका छन् । कवितामा पोखिएका भावहरूलाई निम्न उपशीर्षकहरूमा राखेर अध्ययन गर्न सकिन्छ ।

#### ४.१.३.१ राष्ट्रप्रेमको भावना

प्रस्तुत कवितामा राष्ट्रप्रेमको भावना स्पष्टरूपमा देख्न सकिन्छ । आफ्नो देशलाई उठाउन आफैं अगाडि बढ्ने, शत्रुसँग लड्नु परे पनि बरू आँफै लड्ने भाव व्यक्त गरिएको पाइन्छ ।

*यो देशलाई उठाउन म नै अघि बढ्छु,*
*लड्नै परे शत्रुसित म नै अघि सर्छु ।*
*साहसको प्वाँख भिरी संसारलाई हेरूँ,*
*सिर्जनाको इन्द्रेणीले नेपाललाई फेरूँ (होमनाथ सापकोटा, २/२, २०४९)*

#### ४.१.३.२ औपदेशिकता

प्रस्तुत कवितामा प्रत्येक मानवलाई नैतिक उपदेश दिएर सही मार्ग हिँड्न आग्रह गरिएको छ । अध्यात्मलाई समाजको सभ्यमार्ग भनिएको छ ।

*छोडौं ऊच नीचको विषमता रागी घमण्डीपना*
*छाडौं रीस र क्रोध, लोभ, ममता, सद्भाव हो जीवन*
*आऊ चिन्तनमा विशारद गरौं सन्देश बोकौं सब*
*यौटा सभ्य समाजको कथन नै अध्यात्म हो वास्तव ।। (शराह, ६/९, २०५३)*

#### ४.१.३.३ जीवनप्रतिको वितृष्णा

दुर्वोध गुरागाईंको *जीवन हराएको छ* शीर्षकको कवितामा जीवनप्रति वितृष्णा व्यक्त गरिएको छ । तलका हरफहरूमा जीवनप्रतिको वितृष्णा व्यक्त भएका छन् ।

*मान्छेको हाँसो पनि हराएको छ*
*हाँसो, आँशु र खुसीमात्र होइन*
*यो सभ्यताबाट नै आज भोलि*
*प्रत्येक जीवन*
*ईर्ष्या, डर र शक्तिमा हराएको छ । (दुर्बोध गुरागाईं, ४/६, २०५१)*

#### ४.१.३.४ युद्धको चित्रण

दुर्गाप्रसाद पौडेलको *पर्दा खस्यो* कवितामा युद्धको चित्रण गरिएको छ । युद्धको चित्रण गरिएका हरफहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

*ढ्याङ्ग गोली पड्क्यो*
*चराहरू केही उडे*
*केही भुईंमै ढले*
*हावा सुस्तायो*
*चारैतिर धुँवा,*
*सन्नाटा*
*आक्रोश (दुर्गाप्रसाद पौडेल, १२/१७, २०६५)*

#### ४.१.३.५ शान्तिको चाहना

नारायणप्रसाद पोखरेलको *शान्तिलाई निमन्त्रणा* शीर्षकको कवितामा शान्तिलाई नेपालमा फर्कन आग्रह गरिएको छ । शान्ति नहुँदा नेपालको इज्जत र मान हराएको भाव व्यक्त गरिएको छ ।

*बस्दा शान्ति यहाँ अगाडि दुनियाँ अत्यन्त नै मान्दथे*
*मौरीको सरि एकता छ जनको नेपालमा भन्दथे*
*यस्तो इज्जत शान मान छ कहाँ सारा हरायो हरे !*
*ऐले शान्ति विना त रक्तरहमा डुब्दै छ नेपाल है !*
*(नारायणप्रसाद पोखरेल, ९/१४, २०६१)*

#### ४.१.३.६ अस्तित्वको खोजी

गीता लामिछानेको *माकुरी* शीर्षकको कवितामा नारी अस्तित्वका खोजी गरिएको छ । हजारौं वर्षदेखि प्रताडना र वेदनामा रूमल्लिनु परेको नारीको यथार्थलाई यस कवितामा उजागर गरिएको छ ।

*एक्काइसौं शताब्दीको चरम विकासको युगमा पनि*
*कुरिती र कुसंस्कारको जालो फ्याँक्न सकेकी छैनौ*
*केवल दु:खै दु:खको रहमा मुछिएर*
*अड्कलेर दिएको मानोमा चित्त बुझाएकी छौ*
*च्यातेर दिएको टालो पहिरिएर*
*त्यसै-त्यसै दङ्ग छ्यौ (गीता लामिछाने, १०/१५, २०६२)*

### ४.१.३.७ परिवर्तनको चाहना

पोषराज पौडेलको *उठ* शीर्षकको कवितामा परिवर्तनको लागि गोठाला, हली, किसान, डोके, नाम्ले, विद्यार्थी, मजदुर, शिक्षक, सर्वहारा सबैलाई उठ्न आग्रह गरिएको छ ।

*गोठाला र हली किसान भरिया डोके र नाम्ले उठ*
*रिक्साचालक दीनहीन करिया खाते र कुल्ली उठ*
*विद्यार्थी मजदुर शिक्षकहरू ए सर्वहारा उठ*
*यो संसार बदल्न दुष्टहरूको सातो उडाई उठ*

*(पोषराज पौडेल, ११/१६, २०६४)*

### ४.१.३.८ संस्कृति चित्रण

बालकृष्ण थापाको *बडा दशैं* शीर्षकको कवितामा बडा दशैंलाई सदियौं पुरानो भएकाले अनुभवी, विद्वान् र ईश्वरसँग गाँसिएकाले न्यायी निष्पक्षी छ्यौ भन्ने भावना प्रस्तुत गरिएको छ ।

*बडा दशैं*
*तिमी सदियौं पुरानो भएकाले*
*लाग्थ्यो तिमी अनुभवी र विद्वान् छ्यौ*
*तिमी ईश्वरसँग गाँसिएकाले*
*लाग्थ्यो साह्रै नै न्यायी र निष्पक्षी छ्यौ (बालकृष्ण थापा, ९/१४, २०६१)*

## ४.१.४ निष्कर्ष

यसप्रकार सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित कवितामा धेरै प्रकारका भाव अभिव्यक्त भएको छ । गीत/गजलमा प्रायः जिन्दगीका गीतहरू, प्रणयको उत्कर्ष, प्रणयवेदना तथा प्रणयमूलक भावहरू व्यक्त छन् । कतिपय कवितामा युद्धको सजीव चित्रण गरिएको छ भने केही कविताहरूमा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सत्तामोह त्यागी देशको बारेमा चिन्तन गर्नुपर्ने भाव व्यक्त गरिएको छ । हत्या हिंसालाई त्यागेर शान्तिको कामना गरिएका र जनताका अधिकारहरू सुरक्षित हुनुपर्ने भावहरू धेरैजसो गीत, गजल, कवितामा व्यक्त छन् । यसरी सम्प्रेषण पत्रिकामा प्रकाशित कवितामा विविध भावको अभिव्यक्ति पाइन्छ ।

'कविताको भावना, अनुभूति, चिन्तन, संवेग आदिलाई अभिव्यक्त गर्ने सुक्ष्म प्रक्रियालाई दृष्टिविन्दु भनिन्छ ।'[9] प्रथम पुरूष दृष्टिबिन्दु र तृतीय पुरूष दृष्टिबिन्दु गरी दुई किसिमका दृष्टिबिन्दु रहेका छन् । सम्प्रेषण पनि यी दुबै दृष्टिबिन्दु प्रयोग गरेर कविता, गीत, गजलहरूको रचना भएका छन् । *दुर्बोध्य समय र दोभासेहरूको खोजी* र *जीवन* प्रथम पुरूष दृष्टिबिन्दु प्रयोग गरेर लेखिएका कविता हुन् । *ऊ फेरि आएछ* र *उठ* तृतीय पुरूष दृष्टिबिन्दु प्रयोग गरेर लेखिएका छन् ।

## ४.२ सम्प्रेषण पत्रिकामा प्रकाशित कथा/लघुकथाहरूको विश्लेषण

### ४.२.१ विषयप्रवेश

साहित्यका विभिन्न विधाहरूमध्ये कथाविधा आख्यान विधाअन्तर्गत पर्दछ । 'नेपाली कथाले वि.सं. १९९१ देखि यता वर्तमान समयसम्म झण्डै सात दशक लामो अवधिभित्र आफ्नो विधागत स्वरूप ग्रहण गर्दै गएको देखिन्छ ।'[10] सर्वप्रथम कथाको परिभाषा *एडगर एलेन पो* ले दिएको छन् । उनकाअनुसार - *कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन यो आफैंमा पूर्ण हुन्छ*[11] भनेका छन् । लक्ष्मीप्रसाद देवकोटाको कथाको परिभाषाअनुसार - *छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ...थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो... यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरू छँदैछैन कि भन्ने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ... यसमा कला छ... यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा हुन्छ*[12] भनेका छन् । नेपाली साहित्यले आधुनिककालमा प्रवेश गरेपछि शारदा, सुन्दरी, माधवी, गोर्खासंसार, गोर्खापत्र जस्ता थुप्रै पत्रिकाले साहित्यको समृद्धिमा विशेष योगदान पुऱ्याउँदै आएका छन् । ती पत्रपत्रिकाहरूमध्ये २०४७ सालदेखि प्रकाशित **सम्प्रेषण** पत्रिका पनि एक हो ।

---

9 खगेन्द्रप्रसाद लुईंटेल र अन्य, **नेपाली कवि र कविता** (काठमाण्डौं : विभुञ्जुभु प्रकाशन : २०५८), पृ. ८ ।

10 केशवराज उपाध्याय, **साहित्यप्रकाश**, (काठमाडौं : साझा प्रकाशन, २०३४), पृ. १३१ ।

11 दयाराम श्रेष्ठ, **नेपाली कथा** भाग ४, (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ७ ।

12 ऐजन ।

**सम्प्रेषण** पत्रिकामा उन्नानब्बे ओटा कथाहरू रहेका छन् । यहाँ ख्यातिप्राप्त कथाकारदेखि नवसर्जकहरूलाई समेत स्थान दिइएको छ । प्राय: कथाहरूमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको र समाजमा घट्ने घटनालाई विषयवस्तु बनाएर लेखिएका कथाहरू यहाँ उल्लेख गरिएका छन् ।

### ४.२.२ सम्प्रेषण पत्रिकामा प्रकाशित कथा/लघुकथाहरूको विश्लेषण

**सम्प्रेषण** पत्रिकामा एकदेखि अठारौँ अङ्कसम्म प्रकाशित कथाहरू विविध विषयवस्तुमा आधारित छन् । मोतीराम तिवारीको *दुई छाक भात र समाजवाद* (१/१, २०४७), लघुकथामा विपन्नवर्गीय 'म' पात्रको प्रजातन्त्रप्रतिको निष्ठाका साथै प्रजातान्त्रिक समाजवादसँगै दुई छाक भातको सम्बन्ध जोडिएको छ । लीलामणि भट्टराईको *शहीदकी पत्नी* (२/२, २०४९), लघुकथामा नेताहरूको स्वार्थी र देखावटीपन छ । अवसरवादी प्रवृत्तिको रहस्योद्‌घाटन गरिएको छ । सूर्यमणि अधिकारीको *लाहुरेकी बहिनी* (२/२, २०४९) लघुकथामा नारीको अस्मितामाथि खेलवाड गर्ने पुरूष प्रवृत्तिको यथार्थता देखाइएको छ । रामप्रसाद पन्तको *आफ्नै धारणा आफ्नै जिद्दी* (२/२, २०४९) कथामा आ-आफ्नै विचारलाई प्राधान्य दिने बानीले दु:खद् हुन पुगेको पारिवारिक जीवनको यथार्थता देखाइएको छ । प्रद्युम्न पाण्डेको *समाजवादी नेता र छोरी,* (२/२, २०४९) लघुकथामा समाजमा नाम कमाएका नेताहरूको खोक्रो भाषण र स्वार्थी प्रवृत्ति देखाइएको छ । हरिहर खनालको *अन्तरपीडा* (३/३, २०५०), कथामा सम्पादकको पीडा व्यक्त भएको छ । केशवराज भट्टराईको *स्वप्ना* (३/३, २०५०), कथामा आदर्श सन्ततिको कल्पना गरिएको छ । प्रद्युम्न पाण्डेको *श्रेयान्स्वधर्मो विगुण...* (३/३, २०५०), लघुकथामा सांस्कृतिक आचरणको अवलम्बन गर्नुपर्ने विचार व्यक्त गरिएको छ ।

महेश विक्रम शाहको *सन्तुष्टि* (३/४, २०५०), कथामा मानिसको अन्तिम उद्देश्य सन्तुष्टि हो भन्ने यथार्थता दर्शाइएको छ । सुविद गुरागाईको *स्वार्थी* (३/४, २०५०), लघुकथामा स्वार्थको लागि मानिसले जस्तोसुकै भूमिका पनि खेल्न सक्छ भन्ने भाव व्यक्त छ । रञ्जन अधिकारीको *जीवन/भग्नक्रम* (३/४, २०५०), कथामा जीवनको अनियमितताको उद्‌घाटन गरिएको छ ।

सपूत कार्की गाउँलेको *म आशा बाँडिरहेको छु* (३/५, २०५०), कथामा औपचारिकताको प्रस्तुति पाइन्छ । सूर्यमणि अधिकारीको *इच्छामुक्ति* (३/५, २०५०), लघुकथामा इच्छा नभएको अवस्था नै मोक्ष हो भनेर प्रष्ट पारिएको छ । विवश

वस्तीको *मैले गाउँ छाड्न सकिन, कान्छा !* (३/५, २०५०), कथामा गाउँप्रतिको मोह व्यक्त गरिएको छ, जन्मभूमिप्रतिको स्नेह दर्साइएको छ ।

मनु ब्राजाकीको *खाल्डोदेखि खाल्डोसम्म* (४/६, २०५१), कथामा सत्कर्मबाट शान्ति र दुष्कर्मबाट अशान्ति प्राप्त हुने यथार्थता देखाइएको छ । अकिञ्चन खतिवडाको *निर्निभेष* (४/६, २०५१), कथामा नियति मान्छेको सोचाइभन्दा टाढा रहने यथार्थताको चित्रण गरिएको छ । धनञ्जय तिमिल्सिनाको *कस्ता केटाकेटी !* (४/६, २०५१), कथामा ठूलाको सत्कार र अनुकरण सानाले गर्नुपर्ने विचार व्यक्त गरिएको छ । गोबर्द्धन पूजाको *धर्म सङ्कट* (४/६, २०५१), लघुकथामा मानिसको स्वार्थी प्रवृत्तिले मानवीय भावना नै धर्म सङ्कटमा परेको यथार्थता प्रकट गरिएको छ ।

साम्ब ढकालको *परम्परा* (५/७, २०५२), लघुकथामा पत्रिका सम्पादनका क्षेत्रमा देखापर्ने परम्परागत प्रवृत्तिको उद्घाटन गरिएको छ । विष्णु घिमिरे *गगन*को *इञ्जिनियरको नक्साभित्र यौन पिपासु* (५/७, २०५२), कथामा मान्छेभित्रका दुश्चारित्रिक भावहरूको उद्घाटन गरिएको छ । केशवराज भट्टराईको *टिटानस* ( ५/७, २०५२), कथामा आत्मपीडामा मृत्युको मुखमा पुगेकी पात्रको चित्रण गरिएको छ । वसन्त ढकालको *मखमली* (५/७, २०५२), कथामा सामाजिक परिवेशको चित्रण गरिएको छ । वामदेव पहाडीको *विवशतामा बाँचेको प्रजातन्त्र* (५/८, २०५२), कथामा नेताहरूको चुनावी परिवेशको चर्चा गरिएको छ । सूर्यमणि अधिकारीको *बाच्छी* (५/८, २०५२), लघुकथामा सत्कार्यको प्रतिफल पाउँदा मन हर्षित रहने विचार व्यक्त गरिएको छ । गोपालकृष्ण आचार्यको *विकृति* (५/८, २०५२), लघुकथामा सामाजिक विकृतिको प्रसङ्ग पाइन्छ ।

बाबुराम लामिछानेको *हातभन्दा पर* (६/९, २०५३), कथामा प्रेमभावव्यक्त वातावरणको चर्चा गरिएको छ । मुकुन्द आचार्यको व्यङ्ग्यकथा *दरिद्रताको उपयोगिता* (६/९, २०५३), मा नेपालको गरिबीलाई व्यङ्ग्यशैलीमा प्रकट गरिएको छ । पुरूषोत्तम घिमिरेको *सपना* (६/९, २०५३), कथामा पात्रहरूको अन्तर्मुखी स्वभावको चित्रण गरिएको छ । नयनराज पाण्डेको *स्वास्नी भन्ने वस्तु अर्थात् एउटा अश्लील कथा* (६/९, २०५३), मा नारीलाई वस्तुसँग तुलना गरिएको छ । श्रीओम श्रेष्ठ 'रोदन'को लघुकथा *ऊ र उसको आस्था* (६/९, २०५३), मा कर्मयोगमा विश्वास गरी समयको उपयोग गर्ने सधैं सफल हुन्छ भन्ने भाव झल्किएको छ । मनिक्रम शर्माको *लड्डू* (६/९, २०५३), लघुकथामा हाकिमको घुस्याहा प्रवृत्ति र कर्मचारीलाई दोष दिने प्रवृत्तिको चर्चा गरिएको छ । मोहन 'झुल्का'को *असहाय* (६/९, २०५३) लघुकथामा हरेक क्रियाकलाप समसामायिक रूपमा हुनुपर्ने तथ्य स्पष्ट पारिएको छ ।

तिलकराज शर्माको *जुनकिरी* (६/९, २०५३) लघुकथामा सामाजिक विकृतिको चर्चा पाइन्छ । खेम बानियाँको *सूत्रकथा* (६/९, २०५३) शीर्षकका चारवटा कथाहरू छन् । *आस्था* शीर्षकको कथामा मानिसको आडम्बरी प्रवृत्तिको उद्घाटन गरिएको छ । *रहर* शीर्षकको कथामा गरिबका पनि इच्छा, आकाङ्क्षा र रहरहरू हुन्छन् भन्ने भाव व्यक्त छ । *पहिलो भेटमा* विवशताको चित्रण छ र *जीवनको मोह* कथामा पीडाले छट्पटिँदा जीवनको मूल्य थाहा हुने कुरा प्रकट भएको पाइन्छ ।

सूर्यमणि अधिकारीको *महत्त्वबोध* (६/१०, २०५३) कथामा समाजसेवालाई भऱ्याङ बनाएर चर्चाको शिखरमा पुग्नेहरू स्वयम्लाई दुर्घटना आइपर्नुपर्ने कुरा व्यक्त गरिएको छ । शाश्वत कैशिकको *रहस्य* (६/१०, २०५३) लघुकथामा मान्छेको दुश्चरित्र उद्घटित भएको छ । जी.के. आचार्य 'कलमजीवी'को *अज्ञानता* (६/१०, २०५३) लघुकथामा सामाजिक विकृतिको चर्चा गरिएको छ । तिलकराज शर्माको *बिजुली* (६/१०, २०५३) कथामा गाउँका ठूला-ठालु भनाउँदाहरूको भ्रष्ट चरित्रको उद्घाटन भएको छ । जी.पी. शर्माको *नैतिकता* (६/१०, २०५३) लघुकथामा हरेक क्षेत्रमा नैतिकताको पालना हुनुपर्ने सङ्केत गरिएको छ ।

कुमार ज्ञवालीको *स्वाभिमान* (७/११, २०५४) कथामा गरिबीको रापमा पनि स्वाभिमानलाई छाड्न नहुने सन्देश दिइएको छ । रोशन पराजुली 'कुशल'को *कलियुग* (७/११, २०५४) लघुकथामा वर्तमान युगका विकृतिहरूप्रति व्यङ्ग्य गरिएको छ । घनश्याम न्यौपाने 'परिश्रमी'को *पश्चातापका रेखाहरू* (७/११, २०५४) लघुकथामा नारी मनोविज्ञान खोतलिएको छ । सूर्यमणि अधिकारीको *बत्तीको बहाल* (७/११, २०५४) लघुकथामा मानवीय सङ्कीर्ण प्रवृत्तिको चित्रण पाइन्छ । वसन्त प्रकाशको *व्यावसायिक मान्छे* (७/११, २०५४) लघुकथामा मान्छेको मानवता हराउँदै गएको छ । धनसम्पत्ति र लोभमा मानिस फस्दै गएको यथार्थलाई देखाइएको छ । गायत्री विष्ट 'गाउँले'को *सुन्दरीको लास* (७/११, २०५४) कथामा मानव मनको विकृत मनस्थितिको चर्चा गरिएको छ । केशवराज 'आमोदी'को *प्रेम-परीक्षा* (७/११, २०५४) कथामा प्रेमलाई धनसँग तुलना गर्ने द्रव्यपिचासहरूप्रति व्यङ्ग्य गरिएको छ । गोपालकृष्ण आचार्यको *खोक्रो भाषण* (७/११, २०५४) लघुकथामा नेताहरूको देखावटीपन र खोक्रो आडम्बरलाई चित्रण गरिएको छ । रमेशप्रसाद सागरको *खुसी (७/११, २०५४)* लघुकथामा गरिबीमा पनि खुसीको अनुभूति लिएर बाँच्ने पात्रको चर्चा गरिएको छ । बाबुराम लामिछानेको *रङ्ग लागेको मानिस र म* (७/११, २०५४) लघुकथामा मान्छेको घृणित व्यवहारको यथार्थता घमण्ड गर्न नहुने विचार व्यक्त छ । कृष्ण शाह 'यात्री'को *दृष्टिकोण (७/११, २०५४)* लघुकथामा विभिन्न

मानिसका हरेक घटनालाई हेर्ने आफ्नै दृष्टिकोण हुने विचार दर्साइएको छ । जगन्नाथ पण्डितको *अनुकूल प्रतिकूल* (७/११, २०५४) लघुकथामा प्रेम सम्बन्ध व्यावहारिक जीवन रहस्य मानसिक अनुकूलता र प्रतिकूलतामा निर्भर हुने भाव व्यक्त गरिएको छ ।

प्रकाश बस्नेत 'गफाडी'को *विवशता* (८/१२, २०५५) कथामा कविको विवशता देखाइएको छ । रमेश गोर्खालीको *सञ्जु दिदीको मुखमुद्रा* (८/१२, २०५५) कथामा वास्तविक जीवनका कठिनाइहरू व्यक्त गरिएका छन् । किशोर पहाडीको *दुई खुद्रा कथा*अन्तर्गत रहेका *आश्वासन* र *मन्त्रीमण्डल* (८/१२, २०५५) खुद्रा कथामा समसामयिकताप्रति व्यङ्ग्य प्रहार गरिएको छ । सूर्यमणि अधिकारीको *सीमान्त* ( ८/१२, २०५५) कथामा नारी मनोविज्ञानको उद्घाटन गरिएको छ । मणिक्रम शर्माको *म हत्यारा होइन* (८/१२, २०५५) कथामा दोषीलाई निर्दोष र निर्दोषलाई दोषी बनाउन सकिने सम्भाव्यता प्रस्तुत गरिएको छ ।

श्रीधर शर्माको *महानता* (९/१३, २०६१) लघुकथामा खोक्रो भाषण गर्ने नेताको वास्तविक सत्यतथ्य उजागर भएको छ । लक्ष्मणहरि अर्यालको (९/१३, २०६१) लघुकथामा युद्धको मात लागेर मर्न र मार्न नडराउने मानवीय प्रवृत्तिको चित्रण गरिएको छ । किसानप्रेमीको *ऐनाको एक टुक्रा* (९/१३, २०६१) लघुकथामा सामाजिक परिवेशको यथार्थता झल्किएको छ । दुर्गा घिमिरेको *दलित र नेता* (९/१३, २०६१) लघुकथामा दलितहरूको शिक्षा र रोजगारी, सुनिश्चित हुनुपर्ने तथ्य स्पष्ट पारिएको छ । अनिता गिरीको *भविष्य* (९/१३, २०६१) लघुकथामा शैक्षिक संस्थाको लापर्वाहीबाट विद्यार्थीवर्गले भोग्नुपरेको पीडा व्यक्त गरिएको छ । धनराज गिरीको *एम्बुस* (९/१३, २०६१) लघुकथामा मानिस प्रकृतिको घटनाबाट र प्राकृतिक सौन्दर्यबाट टाढा रहन सक्दैन भन्ने यथार्थताको चर्चा गरिएको छ । एल.बी. क्षेत्रीको *गोकर्ण* शर्माजीको *बगैंचा* (९/११, २०६१) कथामा मातृभूमि र परिवारको बेवास्ता गरेर विदेश पलायन हुने सन्ततिहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । भोजराज वाग्लेले *जीवन बन्धन* (९/१३, २०६१) कथामा बाल्यावस्था, किशोरावस्था र यौवन अवस्थामा आएको परिवर्तनसँगै धनी र गरिबबीचको वैचारिक भिन्नता प्रस्तुत गरेका छन् ।

पुष्करराज भट्टको *असली रूप* (९/१४, २०६१) लघुकथामा मानिसले पेट भर्नका लागि जस्तोसुकै काम गर्न पनि बाध्य हुनुपर्ने अवस्थाको चर्चा गरिएको छ । मूल लेखक विश्वेश्वरप्रसाद कोइरालाले लेखेका कथा *भैया दाइ* (९/१४, २०६१) लक्ष्मण अर्यालले अनुवाद गरेका हुन् । यसमा बालमनोविज्ञानको चित्रण गरिएको छ ।

खलील जिब्रानको *जिन्दगी* (९/१४, २०६१) लघुकथामा जीवन र मृत्युको शाश्वत सत्यमाथि प्रकाश पारिएको छ । रासाको *राजनीति* (९/१४, २०६१) लघुकथामा समसामयिक राजनीतिको चित्रण पाइन्छ । सीताराम कोइरालाको *लिली* (९/१४, २०६१) कथामा आवेशले गर्दा एउटा सुन्दर जीवनको अन्त्य र नयाँ र पुराना पुस्ताबीचको वैचारिक युद्धको चर्चा गरिएको छ । भोजराज वाग्लेको *मास्टर* (९/१४, २०६१) कथामा समसामयिकताको चर्चा गरिएको छ । ऋषिप्रसाद लामिछानेको *हाल बेहाल* (९/१४, २०६१) कथामा जीवनभोगाइका पीडाहरू व्यक्त गरिएको छ ।

एल.बी.क्षेत्रीको *मेरो श्रीमान्को बुद्धि पलाओस्* (१०/१५, २०६१) कथामा सहयोगको मर्म नबुझ्नेहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । किसानप्रेमीको *राहतका पोका र यौटा बुद्धमान्छे* (१०/१५, २०६२) लघुकथामा आफूमात्रै बाँच्नुपर्छ भन्ने मानवीय स्वार्थी प्रवृत्तिको उद्घाटन गरिएको छ । साम्ब ढकालको *स्या... लेहरू* ( १०/१५, २०६२) लघुकथामा विभिन्न बाधा र व्यवधानका बीचमा पनि प्रगति गर्नसक्ने व्यक्तित्वको चर्चा गरिएको छ । गोपाल पराजुलीको *प्रेमानुभूति* (१०/१५, २०६२) कथामा प्रेमप्रसङ्गको र प्रणयभावको चर्चा पाइन्छ । लक्ष्मण अर्यालको *भित्तेघडी* (१०/१५, २०६२) लघुकथामा परिवर्तित समय, युद्धले ग्रस्त परिवेशको चित्रण गरिएको छ । भोजराज वाग्लेको *म मेरै खोजीमा छु* (१०/१५, २०६२) कथामा सोझासाझा किसानहरू र प्रकृतिको क्रूर बज्रपातप्रति सङ्केत गरिएको छ ।

लक्ष्मण अर्यालको *भ्याङ* (११/१६, २०६४) लघुकथामा नेताको लागि जनता भनेका भ्याङ मात्र हुन् । जसको केही अस्तित्व छैन मात्र पाइतालामुनि बस्नुपर्ने बाध्यात्मक परिस्थिति छ भनेर चर्चा गरेका छन् ।

पुष्पलता आचार्यको *ऊ मौन छ* (११/१७, २०६५) कथामा संस्कारको नाममा देखाइने र गरिने खोक्रो आडम्बरप्रति व्यङ्ग्य प्रहार गरिएको छ । गीता लामिछाने *दायित्वबोध* (११/१७, २०६५) कथामा आफ्नो कर्तव्यलाई बिर्सेर परिवारको समेत वास्ता नगरीकन बस्ने स्वार्थी व्यक्तिको चर्चा गरिएको छ ।

पुष्करराज भट्टको *चक्रव्यूहभित्र जेलिएको मान्छे* (१३/१८, २०६६) कथामा मध्यमवर्गीय परिवारको आर्थिक विपन्नताको चित्रण गरिएको छ । प्रदीप नेपालको *पुस्तान्तरण* (१३/१८, २०६६) कथामा राजनैतिक चेतना भएका युवाशक्तिको काँधमा नै देशको शासन सुम्पिनुपर्ने चर्चा गरिएको छ । हेमन्ती जोशीको *पराजित* (१३/१८, २०६६) कथामा धन र खुसीले भरिएको जीवन बाँच्ने लालसामा भयङ्कर रोगको शिकार बनेकी पात्रको त्रासपूर्ण मृत्युको चर्चा गरिएको छ । लक्ष्मीप्रसाद रिजालको *चुँडिएको केश* (१३/१८, २०६६) कथामा व्यङ्ग्यप्रहार गरिएको छ । प्रेम ओझाको

*धागोले बाँधेको पत्र* (१३/१८, २०६६) कथामा युद्धमा शहादत प्राप्त गर्नेहरूको यथार्थताको चित्रण गरिएको छ । जीवराज वाग्लेको *न बिक्या दिदी* (१३/१८, २०६६) कथामा पुरूष प्रधान समाजको विरोध गर्दै जोडदार आवाज उठाउने नारीको चर्चा गरिएको छ ।

यसप्रकार **सम्प्रेषणमा** देखिएका वा प्रकाशित भएका कथा/लघुकथाहरू समसामयिक जीवनका घटनाहरूसँग नजिक रहेको देख्न सकिन्छ ।

### ४.२.३ निष्कर्ष

**सम्प्रेषण** पत्रिकामा प्रकाशित कथा/लघुकथामा सत्ताको लोभमा भ्रष्टाचार गर्ने नेताहरूको प्रवृत्ति र निकृष्ट चरित्रप्रति व्यङ्ग्य गरिएको छ । कतै गरिबी र सोझासाझा किसानको पीडालाई चित्रण गरिएको छ । नारी मनोविज्ञानको चित्रण, मानव मनको विकृत अवस्था, प्राकृतिक सौन्दर्य, वैचारिक भिन्नताले सिर्जना गरेको अवस्थाको विश्लेषण गरिएको छ । समाजको खोक्रो आडम्बर र देखावटी प्रवृत्ति, कुसंस्कार र अन्धपरम्पराप्रति व्यङ्ग्य गरिएको छ ।

आर्थिक विपन्नता, गरिबलाई हेर्ने दृष्टिकोण, सामाजिक मर्यादा, पारिवारिक प्रेम आदिमा आधारित घटनाप्रधान कथाहरू पनि सम्प्रेषणमा प्रकाशित छन् । नारीमनोविज्ञान र यौनमनोविज्ञानका कथाहरू पनि समावेश छन् । अनमेल, आक्रोश, निराश, सामूहिक चेतनाको कमी, द्वन्द्व, ईर्ष्या इत्यादि समसामयिकतालाई समेटिएका कथाहरू **सम्प्रेषण** पत्रिकामा रहेका छन् ।

## ४.३ सम्प्रेषण पत्रिकामा प्रकाशित लेख/निबन्ध/विचार/संस्मरणहरूको विश्लेषण

### ४.३.१ विषयप्रवेश

गद्यमा लेखिएको लघु आकारको साहित्यिक विधा नै निबन्ध हो । निबन्धमा कुनै निश्चित विषयमा केन्द्रित रहेर लेखकका अनुभवहरू स्वतन्त्ररूपले प्रस्तुत गरिएको हुन्छ । 'नि' उपसर्ग लागेको 'बन्ध' धातुमा 'धञ' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द निबन्ध हो । सर्वप्रथम फ्रान्सेली साहित्यकार भिचेल डी मोन्तेनले निबन्धको परिभाषा दिएका हुन् । उनकाअनुसार-*'निबन्ध स्रष्टाको विशेष मनोदशामा सिर्जना हुने सङ्क्षिप्त आयतनको कृति हो । यो अपूर्ण र पूर्णताको सङ्गमबिन्दुमा*

*टिकेको हुन्छ अर्थात् अपूर्णतामा पूर्णताको विराटता प्रतिबिम्बित गर्ने रचना हो'*[13] भनिएको छ । लक्ष्मीप्रसाद देवकोटाले निबन्धलाई यसरी परिभाषित गरेका छन् - *'यो रौंचिरा दर्शन विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरूरत छैन । यो एक धूर्त, बदमास ठिटो हो, जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतैकतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन ।.....यो टेबुल गफ मात्र हो शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो ।.... यो एउटा रसिलो, हसिलो, चुट्किलो कुराकानी हो जसको नाम निबन्ध हो ।'*[14]

'निबन्धको वर्गीकरण आत्मपरक र वस्तुपरक गरी दुई प्रकारले गरिएको छ । आत्मपरकअन्तर्गत विचारात्मक, भावात्मक, वैयक्तिक र वस्तुपरकअन्तर्गत निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी छुट्याइएको छ । वर्णनात्मकअन्तर्गत प्रलेख, लेख, जीवनी, यात्रा विवरण, शोधलेख, शोधप्रबन्ध, भूमिका गरी प्रशाखा देखाइएको छ । निबन्धमा विषयको बन्धन नरहने हुँदा लेखकले जुनसुकै विधालाई टिपेर पनि त्यसप्रतिको आत्मप्रतिपादनको एउटा सशक्त माध्यम रहिआएको निबन्ध साहित्यको पुरानो र प्रमुख विधा हो ।'[15] यस विधाको विकासमा विभिन्न पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निभाउँदै आएका छन् । तीमध्ये **सम्प्रेषण** साहित्यिक पत्रिकाले पनि उल्लेखनीय योगदान पुऱ्याएको छ । यस पत्रिकाका विभिन्न अङ्कहरूमा राष्ट्रिय ख्यातिप्राप्त निबन्धकारहरू रामबाबु घिमिरे, तिलकराज शर्मा, श्रीओम श्रेष्ठ 'रोदन', नारायण खनाल, कपिल अज्ञात, सरस्वती रिजालका लेख/रचनाहरुरू प्रकाशित भएको देखिन्छ ।

**सम्प्रेषण** पत्रिकाको विधागत योगदानमा कविता पछिको दोस्रो स्थान निबन्धले ओगटेको छ । यहाँ लेख, निबन्ध, संस्मरण, समीक्षा, विचारहरूलाई एउटै कोटिमा राखेर प्रकाशित गरिएको छ । १८ औं अङ्कसम्मको प्रकाशन यात्रामा **सम्प्रेषण** पत्रिकामा अन्ठानब्बे ओटा लेख/रचना तथा निबन्धहरू प्रकाशित भएका छन् । यस पत्रिकामा आत्मपरक र वस्तुपरक सबै खालका निबन्धहरू प्रकाशित भएका छन् । लेखकका निजी विचारहरूले पनि निबन्धमा स्थान पाएका छन् ।

---

[13] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** भाग ३, (काठमाडौं : पाठ्यसामग्री पसल, २०५३), पृ. १ ।

[14] ऐजन ।

[15] ऐजन ।

### ४.३.२ सम्प्रेषण पत्रिकामा प्रकाशित लेख, निबन्ध, विचार एवम् संस्मरणहरूको विश्लेषण

**सम्प्रेषण** पत्रिकाका विभिन्न अङ्कमा विविध किसिमका निबन्धहरू छन् । तीमध्ये केशवराज भट्टराईद्वारा लिखित *धर्म* र *राजनीति*का पूरक कुराहरू (१/१, २०४७) लेखमा धर्म र राजनीतिको गहिरो सम्बन्ध रहेको कुरा व्यक्त गरिएको छ । सूर्यमणि अधिकारीको *जनआन्दोलनको विपक्ष* (१/१, २०४७), राजनैतिक लेख हो भने यसमा २०४६ सालको जनआन्दोलनको परिवेशको चित्रण गरिएको छ । अन्याय र अत्याचारलाई पाखा लगाउँदै उत्साह र त्यागको परिणामस्वरूप प्राप्त प्रजातन्त्रको संरक्षण गरिनुपर्ने स्पष्ट सङ्केत पाइन्छ । गंगाधर लम्सालको *गरिबी उन्मूलन र नेपाल* (१/१, २०४७) राजनैतिक लेखमा स्वतन्त्रता र समानता ल्याउनका लागि प्रजातान्त्रिक बाटो अपनाउनुपर्ने विचार व्यक्त गरिएको छ । रामप्रसाद ढुङ्गानाको *योग र स्वास्थ्य* (१/१, २०४७) लेखमा योगले मानसिक र शारीरिक स्वस्थता प्रदान गर्ने कुरा उल्लेख छ । राजाराम सुवेदीको *२०४६ को जनआन्दोलन : कारण र परिणाम* (१/१, २०४७) मा तत्कालीन राजनैतिक परिवेशको चित्रण गरिएको छ । देवीप्रसाद कँडेलको संवैधानिक राजतन्त्र राजनैतिक विषयवस्तुलाई महत्त्व दिएर लेखिएको लेख हो । यसमा २०४६ सालको जनआन्दोलनले नेपाली जनतामा सार्वभौमसत्ता हस्तान्तरण गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । रामबाबु घिमिरेको *नेपालको सन्दर्भमा समाजवाद* (१/१, २०४७) पनि राजनैतिक लेख नै हो । यसमा समाजवादी अर्थनीतिलाई प्रजातन्त्रको स्थायित्व र समतामूलक समाजनिर्माणको लागि आवश्यक तत्त्वका रूपमा स्थापित गरिएको छ ।

रामबाबु घिमिरेको *टिकटको लागि साझाको टिकट* (२/२, २०५९) व्यङ्ग्यात्मक लेखमा प्रजातन्त्रप्राप्ति पश्चात् एउटै पार्टीभित्र टिकटका लागि हुने द्वन्द्वलाई व्यङ्ग्य गरिएको छ । नारायणप्रसाद खनालको *नेपाली स्वरवर्णमा सुधारको आवश्यकता* (२/२, २०५९) लेखमा नेपाली स्वरवर्णमा सुधारको आवश्यकता रहेको कुरा व्यक्त गरिएको छ । हिम लेकालीको *मनसुन* (२/२, २०५९) निबन्धमा प्रजातन्त्रलाई मनसुन र भ्याकुताको आवासलाई प्रजातन्त्रपछिको नेपाली परिवेशसँग समीकरण गरिएको छ । केशवराज भट्टराईको *एउटा साङ्गीतिक महायात्राको विश्रान्ति स्मृति अवशेष : नारायणगोपाल* (२/२, २०५९) लेखमा नेपाली साङ्गीतिक क्षेत्रका प्रतिभा स्वरसम्राट नारायणगोपालको अवसानले नेपाली साङ्गीतिक क्षेत्र र टुहुरिएको प्रसङ्ग जोडिएको छ । भागवत शरण न्यौपानेको *सन्दर्भ-मोतीराम भट्ट र नेपाली साहित्यको चिनारी गजल गीतको* (२/२, २०५९) शीर्षक लेखमा नेपाली

साहित्यमा गजल विधाको प्रवर्तन मोतीराम भट्टबाट थालनी भएको र त्यसलाई पछ्याउँदै अन्य गजलकारहर अगाडि बढिरहेको विचार व्यक्त भएको छ ।

रामबाबु घिमिरेको *सम्पादकीयभित्र प्रधान सम्पादक* (३/३, २०५०) लेखमा प्रकाशकको पीडा व्यक्त गरिएको छ । सूर्यमणि अधिकारीको *सुवर्ण शमसेरप्रतिको विडम्बना* (३/३, २०५०) शीर्षकको लेखमा प्रजातन्त्रका सेनानी सुवर्ण शमसेरप्रतिको उपेक्षाभावलाई विडम्बनाका रूपमा लिइएको छ । नारायणप्रसाद खनालको भाषिक लेख *चक्र शब्द एक रूप अनेक* (३/३, २०२०) लेखमा चक्र शब्दले विभिन्न आधारपदहरू लिएर विभिन्न शब्द बनाउन सक्छ भनेर चर्चा गरेका छन् । कपिलमणि शर्माको *मुक्तक कविता एक परिचर्चा* (३/३, २०५०) शीर्षकको लेखमा मुक्तकको सामान्य चर्चा गरिएको छ । ईश्वरीराज लौडारीको *नेपालका मुसलमान र अन्त्येष्टि विधि* (३/३, २०५०) शीर्षकको लेखमा नेपालका मुसलमानहरूको सामान्य परिचयका साथै अन्त्येष्टि विधिका व्याख्या गरिएको छ । शेषनाथ अधिकारीको *बमको अभियोग र जेलयात्रा : एक संस्मरण* (३/३, २०५०) संस्मरणात्मक लेखमा बमको अभियोगमा बिताउनुपरेको जेल जीवनको घटना संस्मरण गरेका छन् ।

निर्मोही व्यासको *मनैभरि फूल फूल्यो* (३/४, २०५०) संस्मरणात्मक लेखमा चुँदी रम्घामा वि.सं. २०४८ सालको भानुजयन्ति मनाएर फर्कने क्रममा एकजना बूढी आमैको मातृवात्सल्यबाट भएको आनन्दानुभूतिको चर्चा गरेका छन् ।

उपेन्द्र पागलको *फलामको आली* (३/५, २०५०) निबन्धमा असम्भव कुराको चाहना राख्ने बालबालिकाहरूको बालसुलभ प्रवृत्तिको चर्चा गरिएको छ । निर्मोही व्यासको संस्मरणात्मक लेख *पुस्तक चोरी* (३/५, २०५०) मा चोरीको प्रसङ्गसँग सम्बन्धित डरलाग्दो घटनाको स्मरण गरिएको छ । माधवप्रसाद पोखरेलको निबन्ध *मेरो विद्यार्थी* (३/५, २०५०) मा शिक्षक र विद्यार्थीबीचको निकट सम्बन्धमा राष्ट्रियताको चर्चा गरिएको छ ।

ध्रुव मधिकर्मीको समसामायिक नेपाली गजल : *गजलको उपलब्धिमूलक सङ्ग्रह* (४/६, २०५१) शीर्षकको लेखमा युवा कवि दुबसु क्षेत्रीद्वारा सम्पादित समसामायिक नेपाली गजल विवेचनात्मक कृतिमा गजलको विषयगत विवेचना गरिएको छ । रामबाबु घिमिरेको *समाजवाद र रक्सी* (४/६, २०५१) निबन्धमा समाजवादलाई रक्सीजस्तै नशासँग तुलना गरिएको छ । यसबाट नै नेताहरूले आफ्ना पद प्राप्त गर्ने अस्त्र बनाएका छन् भन्ने भाव व्यक्त भएको छ ।

नरेश शाक्यको महाकवि श्री लक्ष्मीप्रसाद देवकोटाको *साहित्यिक योगदान एक सङ्क्षिप्त चर्चा* (५/७, २०५२) लेखमा देवकोटाले खनेको साहित्यको गोरेटोलाई

विशाल राजमार्गमा बदल भन्ने इच्छा व्यक्त गरिएको छ । मणि लोहनीले *यात्रा* संस्मरणात्मक निबन्ध *ताडीको बोट र लठ्याउने तरूनीहरू* (५/७, २०५२) मा पूर्वी तराईका यात्राका प्रसङ्गहरूलाई विषयवस्तु बनाएका छन् ।

घनश्याम न्यौपाने परिश्रमीको *एक लाइन कविता आन्दोलन उपर चक्रावलोकन* (५/८, २०५२) मा इलामबाट प्रकाशित *दृष्टिकोण* पत्रिकाको माध्यमबाट नेपाली साहित्यको इतिहासमा अवतरित एक लाइन कविता अन्दोलनको समीक्षा प्रस्तुत छ । रमेश गोर्खालीको *निर्माणका कवि शङ्कर थपलिया र निर्माणाधीन सडक* (५/८, २०५२) शीर्षकको लेखमा कवि शङ्कर थपलियाको काव्यकृति निर्माणाधीन सडकको विवेचना गरिएको छ । राजेन्द्र सुवेदीको *आफ्नो उद्भव/आफ्नो अनुभव* (५/८, २०५२) शीर्षकको लेखमा बाल्यकालका स्मृतिहरूको स्मरण गरिएको छ ।

रामबाबु घिमिरेको *नलेख्न पर्ने कुराहरू* (६/९, २०५३) निबन्धमा व्यङ्ग्यात्मकता व्यक्त भएको छ । शशीनाथ ठाकुरको *पाणिनीय व्याकरणको महत्त्व* (६/९, २०५३) शीर्षकको लेखमा पाणिनीय व्याकरणको *अष्टाध्यायी*लाई विश्वकै सर्वाग्र व्याकरणको रूपमा महत्त्व रहेको स्पष्ट पारिएको छ । लावण्य ढुङ्गानाको *नेपाली भाषिक : आधारभूत शब्दावली* (६/९, २०५३) शीर्षकको भाषाविषयक लेखमा भाषामा भाषिका जन्मिनाका विविध कारणहरूको उल्लेख गरेका छन् ।

रमेश गोर्खालीको *विशेषाङ्क : प्रत्युत्पादक दर्पण* (६/१०, २०५३) लेखमा विशेषाङ्कप्रति लेखकको विचार व्यक्त गरिएको छ । रामबाबु घिमिरेको *मदिरा र नारी स्वतन्त्रता* (६/१०, २०५३) शीर्षकको निबन्धमा मदिरा र नारीलाई समकक्षमा राखेर मदिराको विरोध गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ ।

रामबाबु घिमिरेको *एउटा कुकुर र एउटा घर तीन सहरमा* (७/११, २०५४) निबन्धमा राष्ट्रप्रति बफादार नहुने र गैर कानूनी काम गरेर सम्पत्ति कमाउनेप्रति व्यङ्ग्य गरिएको छ । नारायणप्रसाद खनालको *छोटो लेख र खोटो जिन्दगी* (७/११, २०५४) निबन्धमा मानव जीवनको अपूर्ण पक्षको चर्चा गरिएको छ ।

राम पराजुलीको *तै ठूलो घटना भने भएन* (८/१२, २०५५) संस्मरणात्मक लेखमा यात्राका क्रममा सम्भावित दुर्घटनाबाट बच्न सफल भएको प्रसङ्गको संस्मरण गरिएको छ । भोजराज वाग्लेको *आधुनिक कथालेखनको थालनी विश्वेश्वरबाट हुन्छ* (८/१२, २०५५) लेखमा नेपाली कथा लेखनमा आधुनिकताको सुरूवात गर्ने श्रेय विश्वेश्वरप्रसाद कोइरालालाई दिइएको छ । नारायणप्रसाद खनालको *शून्य शब्द प्रयोगमा लेलबालको भूमिका* (८/१२, २०५५) लेखमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद

देवकोटा र बालकृष्ण समले आफ्ना रचनामा 'शून्य' शब्दलाई प्रयोग गरको सन्दर्भ उल्लेख गरिएको छ । रामबाबु घिमिरेको *नारी देह मूल्याङ्कन* (८/१२, २०५५) निबन्धमा बढ्दै गएको सुन्दरी प्रतियोगिताप्रति व्यङ्ग्य गरिएको छ ।

हरिहर खनालले *दुःस्वप्नको छायामुनि* (९/१३, २०६१) निबन्धमा देशप्रेमको भावना दर्शाउँदै दिनानुदिन नदीहरू बेचिन थाले भने कुनै समयमा हाम्रो देशलाई समेत अर्केको देशमा खोज्नुपर्ने छ भनेर व्यङ्ग्य प्रहार गरेका छन् । केशवराज आमोदीको *गजलको संरचनात्मक स्वरूप* (९/१३, २०६१) लेखमा गजलको व्युत्पत्ति र अर्थ विस्तारका प्रक्रियाहरूको प्रस्तुत गरिएको छ । रविकिरण निर्जीवको *ऐना हेर्दा उफ्रिने मान्छे* (९/१३, २०६१) निबन्धमा पुड्को हुनेहरूको खिन्नताप्रति माया र सद्भाव देखाउँदै रमाएर जीवन बाँच्नुपर्ने आश्वासनका अभिव्यक्तिहरू प्रस्तुत गरिएको छ । हिरण्य गर्भको *नागपञ्चमी* (९/१३, २०६१) शीर्षकको निबन्धमा नागपञ्चमीको महत्त्व दर्शाउँदै छापाखानाको व्यापकताले कलाकारिता र चित्रकारिता पलायन हुँदै गएको कुरा चर्चा गरिएको छ । तिलकराज शर्माले *पोखरा भ्रमण-अतीत र वर्तमान* (९/१३, २०६१) संस्मरणात्मक निबन्धमा बाल्यकालमा घुमेको पोखरा र वर्तमान समयमा घुमेको पोखरामा आएको व्यापक परिवर्तनको चित्रण गरेका छन् ।

रामबाबु घिमिरेको निबन्ध *अनर्गल प्रलाप* (९/१३, २०६१) मा मृत्युको सत्यता र जिन्दगीका पीडा र तिक्त अनुभवहरू व्यक्त भएका छन् । कपिल अज्ञातको *उन्मुक्तिको बाटोमा* (९/१३, २०६१) निबन्धमा सामाजिक, सांस्कृतिक, राजनैतिक क्षेत्रमा भएको विकृति, कुसंस्कार र दास प्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ र दासत्त्वबाट उन्मुक्तिको चाहना राखिएको छ । तीर्थराज सुवेदीको *मेरो अठोट* (९/१३, २०६१) शीर्षकको लेखमा छोरीलाई कमजोर ठान्ने र छोराको चाहना राख्ने व्यक्ति र सामाजिक कुसंस्कारप्रति तिखो व्यङ्ग्य प्रकार गरिएको छ । जीवनराज वाग्लेको *मेरो डायरी उनको टिपोट* (९/१३, २०६१) शीर्षकको लेखमा समाजको विकृति, विसङ्गति र बुझेर पनि नबुझेको अभिनय गर्नेहरूप्रति आक्रोश व्यक्त गरिएको पाइन्छ । गीता लामिछानेको *मेरो जीवनका अविस्मरणीय तीन दिन* (९/१३, २०६१) यात्रा संस्मरणमा सत्रौं साहित्यिक वन महोत्सव समारोहमा भएका विभिन्न साहित्यिक गतिविधिको चर्चा गरिएको पाइन्छ ।

खगेन्द्र गिरी 'कोपिला' को *नयाँ मुलुकमा महिला गजलकार* (९/१४, २०६१) शीर्षकको लेखमा नयाँ मुलुक भनेर बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई मानिएको छ र त्यहाँ भएका महिला गजलकारहरूको कृतिसहित चर्चा गरिएको छ । रह शर्माको यात्रा संस्मरण *पत्याएको अमेरिका यात्रा* (९/१४, २०६१) मा अमेरिकाका

शहरहरूको सौन्दर्यले आफूलाई स्वर्गको आभास दिलाएको व्याख्या गरेका छन् । रामबाबु घिमिरेको *मेरो हालखबर के छ ?* (९/१४, २०६१) शीर्षकको निबन्धमा मादक पदार्थले ल्याउने विकृति र असहज परिस्थितिसँग देशको तुलना गरिएको छ । देश द्वन्द्वमा फसेको र देशको शरीर र प्राण एकसाथ नभएको, देश मरेर प्रदेशको सृजना भएको भाव व्यक्त गरेका छन् । हिरण्य गर्भको *गहना : मेरो अधिकार* (९/१४, २०६१) शीर्षकको निबन्धमा नारीहरूलाई जन्मदेखि नै हरेक बन्धनले बाँधेको प्रसङ्ग प्रस्तुत गर्दै पारिवारिक र सामाजिक बन्धनका साथै गहनालाई पनि बन्धनको रूपमा देखिएको छ । कपिल अज्ञातको *निर्मोही:नामाकरण सन्दर्भ* (९/१४, २०६१) शीर्षकको लेखमा सृजनाको मूल फुटाउन सक्ने अनगिन्ती काव्य रचना गर्ने शान्त र मिलनसार निर्मोही व्यासको नाम र व्यक्तित्त्व (स्वभाव) नमिलेको चर्चा गरिएको छ । माधव वियोगीको *शैक्षिक अनुभूति* (९/१४, २०६१) शीर्षकको लेखमा शैक्षिक जागरणबिना राष्ट्रको उन्नति नहुने विचार प्रस्तुत गर्दै सव्यताको नाममा भित्रिएको विदेशी संस्कृतिप्रति दु:ख प्रकट गरेका छन् । केदारनाथ खनालको *सानो संसारभित्रको उच्च नेपाल* (९/१४, २०६१) शीर्षकको लेखमा जापान घुम्ने क्रममा सङ्गालिएका अनुभव र अनुभूतिहरूलाई अत्यन्त रोचकढङ्गबाट प्रस्तुत गरिएको छ । सुदर्शन थापा क्षेत्रीको *मेरो यौन मरेको रहेनछ* (९/१४, २०६१) शीर्षकको लेखमा जीवन जिउने क्रममा भोग्नु परेको समस्या कथाहरू र मानव जीवनलाई अगाडि बढाउने माध्यम यौनलाई मानिएको छ । गोविन्दराज भट्टराईको उत्तराधुनिक कालको उपस्थितिबारे एउटा भ्रम (१०/१५, २०६२) शीर्षकको लेखमा उत्तराधुनिक मान्यताले कतिपय पुराना सिद्धान्त र नियमहरूलाई भत्काउँदै अगाडि बढेका छन् जुन गलत हो । नयाँ घर बनाउँदा पुराना घरलाई नभत्काएर अन्यत्र कतै बनाउन सकिन्छ भन्ने धारणा प्रस्तुत छ । तिलकराज शर्माको *पूरक बजेटको खोजीमा* (१०/१५, २०६२) व्यङ्ग्य निबन्ध हो । यसमा घर खर्च बढेर घर चलाउन समेत पूरक बजेट चाहिने कुरा व्यङ्ग्य गरिएको छ । शराहको कवि तीर्थराज कोइरालाको *सङ्क्षिप्त जीवन वृत* (१०/१५, २०६२) शीर्षकको जीवनीमा कवि कोइरालाको साहित्य यात्राका विभिन्न प्रसङ्गहरूलाई प्रस्तुत गरिएको छ । केदारनाथ खनालको *कवि तीर्थराज कोइराला र वागीश्वरी* (१०/१५, २०६२) शीर्षकको लेखमा साहित्यकार तीर्थराज कोइरालाको विलक्षण प्रतिभाको चर्चा गर्दै र विभिन्न कविताहरूको केही श्लोक समेत उल्लेख गरेका छन् । विनोद अधिकारीको *एक्लिएका अग्ला रामबाबु र होचाहरूको भीड* (१०/१५, २०६२) शीर्षक निबन्धमा व्यक्तिहरूले राम्रोसँग मूल्याङ्कन गर्न नसकेको समाज र एक्लिएका रामबाबुलाई एकीकृत जीवन बाँच्न आग्रह गरिएको छ ।

मोदनाथ मरहट्ठाको *भर्खर-भर्खर सोच्दैछु* (१०/१५, २०६२) शीर्षकको निबन्धमा बन्द र हडतालका कारण दैनिक गुजारा गर्न पेट भर्न पनि धौ-धौ परेको यथार्थताको चर्चा गरिएको छ । डी.पी. भण्डारीको *यो आषाढको पहिलो हप्ता* निबन्धमा मेघदूतलाई विप्रलम्भ श्रृङ्गारले परिपूर्ण उत्कृष्ट काव्यको रूपमा चर्चा गरिएको छ । रामबाबु घिमिरेको *बिम्ब हराएकोमा* (११/१६, २०६४) शीर्षकको निबन्धमा अतीतको सम्झनामा रहेका चित्रात्मक अभिव्यक्तिहरूको क्रमशः वर्तमानमा हराउँदै गएको प्रसङ्ग देखाएका छन् । नारायणप्रसाद खनालको *सडकमा दौडन्छन् मेरा कविता* ( ११/१६, २०६४) शीर्षकको निबन्धमा कवितालाई मानवीकरण गरी विद्यालय र उच्च विद्यालयमा पढ्ने छात्रछात्रासँग तुलना गरिएको छ । तिलकराज शर्माको *पूरक बजेटमा पार्टीको प्रभाव* (११/१६, २०६४) शीर्षकको लेखमा राजनैतिक समस्यासँग घरायसी समस्याको समीकरण गरेर प्रस्तुत गरिएको छ । रामहरि शर्माले *सुन्तलीको बासीभात* (११/१६, २०६४) शीर्षकको निबन्धमा सुन्तलीको बासीभात गीतबाट अतितको सम्झनामा डुबेका निबन्धकारले कलात्मक विज्ञापनले नै नकारात्मक भएपनि यथार्थपरक अभिव्यक्तिले सबैको मन जित्न सक्ने प्रसङ्गको चर्चा गरेका छन् । रासाको *कुम्भजका कविता र आत्मकथनको टुम्को* (११/१६, २०६४) शीर्षक निबन्धमा राजकुमार कुम्भजका कविताहरूको केही हरफहरूसहित आत्मकथनको चर्चा गरिएको छ । श्रीओम श्रेष्ठ 'रोदन'को *पाइला-पाइलामा सपना* (११/१६, २०६४) शीर्षकको निबन्धमा असल कामको लागि निरन्तर प्रयास गर्नुपर्छ सफलता अवश्य मिल्छ भन्ने चर्चा पाइन्छ । तीर्थराज सुवेदीको *विचरा पुरूष* (११/१६, २०६४) व्यङ्ग्यात्मक लेखमा पुरूष हुनुको पीडा र महिलाले हरेक ठाउँमा पाउने छुट र सुविधाको चर्चा गरिएको पाइन्छ । भूपिन व्याकुलको *हत्यारा सोचहरू* (११/१६, २०६४) शीर्षकको निबन्धमा समय नै सत्य हो सत्य नै समय हो भन्ने भाव प्रस्तुत गरिएको पाइन्छ । धनराज गिरीको *मातृभूमिलाई सलाम* (११/१६, २०६४) संस्मरणात्मक लेखमा २०६४ सालको मातृभूमि साहित्य सम्मानबाट लेखक स्वयम् आफू सम्मानित भएको प्रसङ्गको चर्चा गरेका छन् । केदारनाथ खनालको *जादुको नगरी युनिभर्सल सिटि* (११/१६, २०६४) संस्मरणात्मक लेखमा विभिन्न रोमाञ्चकारी दृश्य देख्न पाइने अमेरिकाको युनिभर्सर सिटि भ्रमण गर्दाका ठाउँ र दृश्यहरूको चर्चा गरेका छन् । विनोद अधिकारीको *विरोधाभास मनमा म* (११/१६, २०६४) शीर्षकको लेखमा मोफसलका साहित्यकारका रचनाहरूको मूल्याङ्कन नगरिएको कुरालाई विश्लेषण गरेका छन् । अनिता गिरीको *खै कहाँ छ सुख ?* (११/१६, २०६४) शीर्षकको लेखमा मानिसलाई कहिल्यै पनि सफलता मिल्दैन । एउटा प्राप्त गर्दछ फेरि

अर्को चाहना थपिन्छ । यसरी ऊ कहिल्यै सन्तुष्ट हुन सक्दैन भन्ने विचार व्यक्त गरिएको छ । रामबाबु घिमिरेको *एकमुखे रूद्राक्षको खोजीमा* (१२/१७, २०६५) शीर्षकको निबन्धमा असम्भवलाई सम्भव बनाउनका लागि एकमुखे रूद्राक्षको कल्पना गरिएको सन्दर्भ प्रस्तुत गरिएको छ । रामहरि शर्माको *भदौरे विवाह* (१२/१७, २०६५) शीर्षकको निबन्धमा भदौमा भएको विवाहमा जन्त जाँदा गाडी जामबाट भोग्नुपरेको यथार्थता प्रस्तुत गरिएको छ । नारायणप्रसाद खनालले *भञ्ज्याङहरूमा विचरण गर्दा* (१२/१७, २०६५) शीर्षकको निबन्धमा गोर्खा जिल्लामा भएका भञ्ज्याङ्गहरूको परिचय दिएका छन् । केशवराज आमोदीको *हिँड्दैछ पाइला मेट्दैछ* (१२/१७, २०६५) शीर्षकको निबन्धमा अवचेतन मनको शृङ्खला विहीन घटनाहरू प्रस्तुत गरिएको छ । सरस्वती रिजालको *सही सोच : सही मान्छे* (१२/१७, २०६५) शीर्षकको निबन्धमा नकारात्मक सोच हटाएर सही सोच आउन सकेमात्र असल र सही मान्छे बन्न सकिन्छ भन्ने विचार प्रस्तुत गरिएको छ । दुर्गा पुरीको *जीवन जिउने कला* (१२/१७, २०६५) शीर्षकको निबन्धमा जीवनलाई बुझेर सत्कर्म गर्न सकेमा कहिल्यै दुःखी हुनुपर्दैन भन्ने विचार व्यक्त छ । तीर्थराज सुवेदीले *आफ्नै बारेमा* (१२/१७, २०६५) शीर्षकको लेखमा आफ्नै पारिवारिक जीवनका विविध पक्षहरूलाई प्रस्तुत गरेका छन् । धनराज गिरीको *साहित्यिक समयनायक : प्रा.डा. गोविन्दराज भट्टराई* (१२/१७, २०६५) शीर्षकको लेखमा गोविन्दराज विनोदीलाई साहित्यका समनायकको रूपमा परिभाषित गरिएको छ । ज्ञानु अधिकारीको *उत्तरआधुनिक मान्यता र मेरो यात्रा* (१२/१७, २०६५) शीर्षकको लघुलेखमा आधुनिकताको नाममा समाजमा फैलिएको विकृति जसलाई टुलुटुलु हेर्नुपर्ने बाध्यात्मक स्थिति र गलत काम गर्नेलाई छुट भएको यथार्थताको चित्रण गरिएको छ ।

केदारनाथ खनालको *अमेरिका : नेपाली मिडिया* (१३/१८, २०६६) शीर्षकको संस्मरणात्मक र साहित्यिक गतिविधि लेखमा अमेरिकामा बसेर विभिन्न साहित्यिक कार्यक्रमहरू गर्ने र नेपाली पत्रिका समेत प्रकाशन गर्ने व्यक्ति तथा संस्थाको चर्चा गरिएको छ । रामबाबु घिमिरेको *चिन्तनमा विचरण* (१३/१८, २०६६) शीर्षकको निबन्धमा आत्मप्रकाशन गरिएको छ र नियात्रा लेख्नको लागि मन र आँखा दुवै चनाखो हुनुपर्छ । जुन क्षमता लेखकमा नभएको सन्दर्भ समेत जोडिएको छ । रामहरि शर्माको *गुरूकवच* (१३/१८, २०६६) शीर्षकको निबन्धमा गुरूपूर्णिमाको महत्त्व दर्शाउँदै गुरू तत्त्व क्षमताबाट नै गुरूको महत्त्व बढेको प्रसङ्ग प्रस्तुत गरेका छन् । केशवराज आमोदीको *लेखक बन्ने रहर र आलङ्कारिक प्रयोग* (१३/१८, २०६६) शीर्षकको निबन्धमा लेखक बन्नका लागि साहित्य, दर्शन, काव्यसिद्धान्त, रस,

ध्वनि, अलङ्कार, रीति इत्यादिको राम्रो ज्ञान हुनुपर्ने विचार व्यक्त गरिएको पाइन्छ । तिलकराज शर्माको *दौरा, सुरूवाल र टोपी आतङ्क* (१३/१८, २०६६) शीर्षकको निबन्धमा सरकारी कर्मचारीले टोपी लगाउनुपर्ने नीतिमाभन्दा योग्यता र नैतिकता बढाउने, भ्रष्टाचारीलाई र कामचोरलाई दण्ड गर्ने, अस्थायी कर्मचारीलाई स्थायी गर्ने र असल तथा बफादार कर्मचारीलाई पुरस्कृत गर्ने नीति बनाउनुपर्ने सुझाव समेत प्रस्तुत गरिएको छ । धमेन्द्र कृष्ण नेम्वाङको *बोधार्थ मायाको बोट* (१३/१८, २०६६) शीर्षकको निबन्धमा मायालाई बोटसँग समीकरण गर्दै मायाको अर्थ विस्तार गर्न खोजिएको छ । धनराज गिरीको *आँसु र मसीको अद्वितीयसँग अन्तरमनको यात्रा* (१३/१८, २०६६) शीर्षकको लेखमा अन्तरमनको यात्रा कृतिको उल्लेख समेत गरिएको छ । श्यामजी अतिथिको *फूल पो रहिछन्, नारी* (१३/१८, २०६६) शीर्षकको लेखमा नारीको उच्च मूल्याङ्कन गरिएको छ । सन्तान जन्माउने मेसिन र यौनसन्तुष्टिको साधन मान्ने अविवेकी पुरूषप्रति आक्रोश व्यक्त गर्दै नारीको महानता र कोमलतालाई सम्मान गर्न आग्रह गरिएको पाइन्छ । विनोद अधिकारीको *वर्तमानमा साल्वार्टन रचना* (१३/१८, २०६६) शीर्षकको लेखमा समाजलाई परिवर्तन गर्ने हो भने एउटै किसिमको रचनाले मात्र सम्भव हुँदैन । समाजका हरेक समुदाय, वर्ग र जातिका मानिसहरूको यथार्थता झल्किनुपर्छ अर्थात् साल्वाटन साहित्यिक प्रवृत्ति अगाडि बढ्नुपर्छ भन्ने धारणा पाइन्छ । हरि गौतमको *अविस्मरणीय यात्रा संस्मरण* (१३/१८, २०६६) संस्मरणात्मक लेखमा देशमा गृहयुद्ध चलेको समयमा अनगिन्ति निर्दोष व्यक्तिहरूले ज्यान गुमाउनु परेको प्रसङ्गलाई जोडिएको छ । बम विस्फोटबाट मृत्यु हुन पुगेकी बूढी आमाको चित्रण समेत गरिएको छ । अनिता गिरीको *विनिर्मित मेरा मान्यताहरू* (१३/१८, २०६६) शीर्षकको लेखमा समयसँगै मानिसका सोच र विचारहरू परिवर्तित हुँदै गएको प्रसङ्गलाई देखाइएको छ भने मिल्नभन्दा छुट्टिन, बन्धुत्वको भावनाभन्दा लुछाचुडीको भावना मौलाउँदै गएको यथार्थ स्थितिको व्याख्या गरिएको पाइन्छ ।

### ४.३.३ निबन्धको भाषाशैलीको विश्लेषण

**सम्प्रेषण** पत्रिकामा लेखकका निजी विचार र अनुभवहरूको भावनात्मक प्रस्तुति भएको निबन्धहरू छन् । यस किसिमका निबन्धहरूलाई निजात्मक तथा आत्मपरक निबन्ध भनिन्छ । निर्मोही व्यासको *मनैभरि फूल फूल्यो,* रामबाबु घिमिरेको *समाजवाद र रक्सी,* माधव वियोगीको *शैक्षिक अनुभूति* जस्ता निबन्धहरू आत्मपरक निबन्धहरू हुन् । यस्तै लावण्य ढुङ्गानाको *नेपाली भाषिका : आधारभूत*

*शब्दावली* जस्ता निबन्धहरू वस्तुपरक निबन्धका उदाहरणहरू हुन् । विवरणात्मक, विचारात्मक र व्यङ्ग्यात्मक निबन्धहरू पनि यस पत्रिकामा प्रशस्तै देख्न सकिन्छ । मोदनाथ मरहट्टाको *भर्खर-भर्खर सोच्दैछु* विचारात्मक निबन्ध हो । यस्तै गरेर विनोद अधिकारीको *एक्लिएका अग्ला रामबाबु र होचाहरूको भीड* विचरात्मक निबन्ध हो । जीवनराज वाग्लेको *मेरो डायरी उनको टिपोट,* तिलकराज शर्माको *पोखरा भ्रमण-अतीत र वर्तमान* जस्ता विवरणात्मक निबन्ध हुन् । तिलकराज शर्माको *दौरा सुरूवाल र टोपी आतङ्क* जस्ता व्यङ्ग्यात्मक निबन्ध पनि छन् ।

यसरी हेर्दा **सम्प्रेषण** पत्रिकाले समसामयिक क्षेत्रमा देखापरेका सबै खाले लेख, रचना तथा निबन्धहरूको विकासमा योगदान पुऱ्याउँदै आएको देखिन्छ । भाषाशैलीको दृष्टिले **सम्प्रेषणका** प्राय: सबै निबन्धहरू कलात्मक, आकर्षक, सुन्दर र प्रभावकारी छन् ।

### ४.३.४ निष्कर्ष

'नेपाली भाषाको भाषिक स्थिति राजनीतिक तथा सांस्कृतिक परिवेशअनुसार निर्मित नेपाली गद्यको प्राचीन परम्परा नै नेपाली निबन्धको पृष्ठभूमि हो । सामाजिक बनोटअनुरूप विभिन्न समयमा आएको परिवर्तनको प्रभाव नेपाली निबन्धमा परेको देखिन्छ ।'[16] **सम्प्रेषण** पत्रिकामा रहेका निबन्धमा पनि समसामायिकताको प्रभाव देखिन्छ । यसमा राष्ट्रिय ख्यातिप्राप्त निबन्धकारदेखि लिएर नवसर्जकहरूलाई पनि स्थान दिइएको देखिन्छ ।

**सम्प्रेषणमा** प्रकाशित निबन्धहरू विभिन्न प्रकारका छन् । कुनैमा नेपाली संस्कृति, समाज र धार्मिक पक्षको उल्लेख गरिएको छ । कुनैमा समाजको समसामायिक अवस्थाको चित्रण गरिएको छ भने कुनैमा द्वन्द्वबाट पीडित जनताको यथार्थ स्थितिको चित्रण पाइन्छ । यसप्रकार समग्रमा भन्नुपर्दा **सम्प्रेषणमा** प्रकाशित निबन्धहरूले चितवनको साहित्यिक फाँटलाई उर्वर बनाएको देख्न सकिन्छ ।

16 दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. १३० ।

## ४.४ सम्प्रेषण पत्रिकामा प्रकाशित समालोचना विधाको विश्लेषण

### ४.४.१ विषयप्रवेश

'समालोचना, आलोचना र समीक्षा' लगभग एउटै अर्थका शब्द हुन् । 'लोच्' धातुमा 'आ' उपसर्ग र 'ल्युट' (अन) प्रत्यय लागेपछि स्त्रीलिङ्गमा टाप् (आ) प्रत्यय जोडिँदा आलोचना र त्यसमा 'सम्' उपसर्ग थपिँदा समालोचना शब्द बन्छ ।'[17] 'समालोचना शब्दको अर्थ कुनै पनि विषयको गुण र दोषको निष्पक्ष विवेचना गर्नु, समीक्षा गर्नु हुन्छ ।'[18] 'समालोचनाले कुनै साहित्यिक कृतिमा के कति स्वायत्तता छ, स्वनिष्ठता छ, के कति सङ्गति, विसङ्गति छ अनि केकति प्रयोजनको प्रतिफल भएको छ भन्ने बताउँछ । समालोचना कृतिको व्याख्या र मूल्याङ्कनपरक हुँदा यी दुवैमा सन्तुलन स्थापित हुन्छ ।'[19] समालोचनाले साहित्यिक कृति वा रचनाहरूको गुण र दोषहरू केलाएर वास्तविक मूल्य निर्धारण गर्दछ । 'साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो ।'[20] समालोचनालाई सैद्धान्तिक र व्यवहारिक गरी दुई तरिकाबाट वर्गीकरण गरिएको देखिन्छ ।

साहित्यिक पत्रिकामा राखिने विभिन्न स्तम्भहरू मध्ये समालोचना पनि एक हो । **सम्प्रेषण**मा रहेका समालोचनाहरू प्राय: अनुसन्धानात्मक भएकाले बौद्धिक वर्ग तथा अनुसन्धानकर्तालाई विशेष सहयोगी हुने देखिन्छ ।

**सम्प्रेषण** साहित्यिक पत्रिकमा विभिन्न समालोचकहरूको एकतीस वटा समालोचनात्मक लेखहरू छन् । जसमध्ये विश्लेषणात्मक, विवेचनात्मक र समीक्षात्मक लेखहरू रहेका छन् । यस साहित्यिक पत्रिकामा लक्ष्मण गौतम, डी.आर. पोखरेल, केशवराज आमोदी, गोविन्दराज भट्टराई, पूर्णप्रसाद अधिकारी, ईश्वर बल्लभ, श्यामजी अतिथि, कुलप्रसाद ढुङ्गाना आदि समालोचकहरूको समालोचना विशेष उल्लेख्य छन् । यस पत्रिकामा प्रकाशित सबै समालोचनाहरू महत्वपूर्ण देखिन्छन् ।

---

17 घनश्याम कँडेल, **नेपाली समालोचना,** (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. 'क' ।
18 रामचन्द्र ढुङ्गाना, **सङ्क्षिप्त नेपाली कोश,** (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ५११ ।
19 दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पूर्ववत्, पृ. १५७ ।
20 घनश्याम कँडेल, **नेपाली समालोचना,** पूर्ववत्, पृ. 'ग' ।

### ४.४.२ सम्प्रेषण पत्रिकामा प्रकाशित समालोचनाहरूको विश्लेषण

**सम्प्रेषण** पत्रिकाका विभिन्न अङ्कमा सैद्धान्तिक, प्रायोगिक र कृतिपरक समालोचना रहेका छन् । यीमध्ये केशवप्रसाद उपाध्यायद्वारा लिखित *आधुनिक नेपाली उपन्यासको परम्परा र विश्वेश्वरप्रसाद कोइरालाको योगदान* (२/२, २०४९) शीर्षकको लेखमा आधुनिक नेपाली उपन्यासको चरण विभाजन गरेका छन् भने नेपाली साहित्यमा यौनवादी धाराबाट पूर्ण प्रतिष्ठा आर्जन गरी बौद्धिक चिन्तकका रूपमा कोइरालालाई चिनाएका छन् । यसका साथै यिनका उपन्यासहरू *तीन घुम्ती, नरेन्द्र दाइ, सुम्निमा, मोदी आइन् र स्वेत भैरवी*को चर्चा समेत गरेको पाइन्छ । भूपति ढकाल 'कमल'को *विश्वेश्वरप्रसाद कोइरालाको मोदी आइन उपन्यासमा मानवतावाद* (३/३, २०५०) शीर्षकको लेखमा मान्छेले आफूलाई मान्छेको रूपमा प्रस्तुत गर्नु पर्दछ अन्यथा मान्छेको अस्तित्व लोप हुन बेर लाग्दैन भन्ने विचार सम्प्रेषण गर्दै मानवतावादी धारणा प्रस्तुत गरेको पाइन्छ । हिरण्यगर्भको *वागीश्वरी एक : समीक्षा* (३/३, २०५०) समीक्षात्मक लेखमा वागीश्वरीलाई क्रान्तिपूर्व र क्रान्ति उत्तर गरी संक्रमणकालीन कृतिको संगालोको रूपमा चर्चा गरेको पाइन्छ । भागवत् ढकालको *ललिजन रावलको कवित्व मरूभूमिमाथिका सन्दर्भमा:* (३/४, २०५०) शीर्षकको लेखमा मरूभूमिमाथि कवितासङ्ग्रहको कृतिपरक विश्लेषण गरिएको पाइन्छ । किशोर पहाडीको *बाल्यकाल* (५/७, २०५२) समीक्षात्मक लेखमा बाल्यकालको अनुभवलाई रोचकढङ्गबाट प्रस्तुत गरिएको छ । कृष्ण प्रधानको *सनत रेग्मी : कथाका क्षेत्रमा* (६/९, २०५३) शीर्षकको लेखमा सनत रेग्मीको कथाकारितालाई प्रस्ट पार्दै पात्रहरूको सामाजिक, सांस्कृतिक र वैचारिक विश्लेषण समेत गरिएको छ । इश्वरवल्लबको *ठाँटी फलैंचामा...* (६/९, २०५३) शीर्षकको लेखमा नवीनता, पृथकता र प्रयोगधर्मिताको प्राधान्य पाइन्छ । एल.बी.क्षेत्रीको *समीक्षा* (६/९, २०५३) शीर्षकको लेखमा बाच्छी कथाको विश्लेषण पाइन्छ । जसमा बाच्छी कथालाई कथा नै होइन भन्ने जमातप्रति सूर्यमणि अधिकारीको आक्रोश व्यक्त भएको कुरासमेत व्यक्त गरिएको छ । पूर्णप्रसाद अधिकारीको *चितवन साहित्य परिषद् र वागीश्वरी पाँच अङ्क एक फन्को* (७/११, २०५४) शीर्षकको लेखमा वागीश्वरी साहित्यिक पत्रिकाका अङ्क १ देखि अङ्क ५ सम्म के कस्ता लेखरचनाहरू छन् सोको उल्लेख गरिएको पाइन्छ । अर्जुन पाण्डेको *संस्मरणको अर्को एलबम* (७/११, २०५४) शीर्षकको लेखमा नेपाली भावना, नेपाली ढुङ्गामाटो र नेपाली मनभरि इतिहास बोल्ने सम्भवामी युगेयुगे कृतिको कृतिपरक विश्लेषण गरिएको पाइन्छ । आमोदीले *राष्ट्रै टुहुरो भयो* (७/११, २०५४) शीर्षकको समीक्षात्मक लेखमा धनराज गिरीद्वारा रचना गरिएको *राष्ट्रै टुहुरो भयो* कृतिको समीक्षा गरिएको छ । जसमा

देशको विकास शून्य छ भन्ने कुराहरूलाई कविताको माध्यमबाट प्रस्तुत गर्दै मीठो घोचपेच र छेडछाड गरिएकोले व्यङ्ग्यकृति सुन्दर भएको कुरा प्रस्तुत गरेका छन् । कुलप्रसाद ढुङ्गानाको *पिकदूत खण्डकाव्यको विश्लेषण* (८/१२, २०५५) शीर्षकको लेखमा पाश्चात्य साहित्यका फ्रायडको काम दर्शन सम्बन्धी चेतना पिकदूतमा देखिएको चर्चा गर्दै श्रृङ्गार रसको चर्चा समेत गरिएको छ । विमलप्रसाद देवकोटाको *पार्टी खोल्ने धुनमा भुन्भुनाउँदा* (९/१३, २०६१) शीर्षकको लेखमा तिलकराज शर्मालाई चितवनको साहित्यिक फाँटभित्रका उत्कृष्ट र प्रथम हास्यव्यङ्ग्यकारका रूपमा चिनाएका छन् । पूर्णप्रसाद अधिकारीको *सम्प्रेषणका ११, १२, १३ औं अङ्कको सङ्क्षिप्त परिचय* शीर्षकको लेखमा सम्प्रेषण पत्रिकाको अङ्क ११, १२, १३ औं अङ्कमा भएका रचनाहरूको उल्लेख समेत गरिएको छ । डा. खेमनाथ कोइरालाको *साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मनोविश्लेषणात्मक प्रविधि/पद्धति* (१०/१५, २०६२) शीर्षकको लेखमा कोइरालाका उपन्यासमा चरित्र चित्रणलाई महत्त्व दिँदै मनोविज्ञान, शिल्प, पद्धति, प्रविधि अपनाउँदै अचेतन र चेतन मनबीचको द्वन्द्व देख्न सकिन्छ र उनका उपन्यासहरू आत्मपरक, स्मृतिमूलक छन् भन्ने धारणा प्रस्तुत गरिएको छ । केशवराज आमोदीको *गजलमा काफियाको प्रयोग* (१०/१५, २०६२) शीर्षकको लेखमा गजलको प्रकार, स्वरूप, प्रासङ्गिकता र तत्त्वबारे स्पष्ट पारिएको पाइन्छ । गोविन्द भट्टराईको *दस गजामा उभिएर एउटा जीवन नियाल्दा* (११/१६, २०६४) शीर्षकको समीक्षात्मक लेखमा गणेश रसिकको कृति *दस गजामा उभिएर*को कृतिपरक अध्ययन गरिएको छ । बाल्यकालदेखिका १८ वटा संस्मरणात्मक लेखहरूको सङ्गालोको रूपमा *दस गजमा उभिएर* कृति प्रकाशित भएको छ । लेखनशैली, शब्द चयन, सामाजिकता र बगेको भाषाशैलीले गर्दा यसलाई अमरकृतिको संज्ञा दिँदै प्रभावपरक विश्लेषण गरिएको पाइन्छ । डी.आर. पोखरेलको *सुनकेशरी मैयालाई सुन्दै र गुन्दै जाँदा* (११/१६, २०६४) शीर्षकको समीक्षात्मक लेखमा कथासार, विषयवस्तु, भावाभिव्यक्ति, गूढार्थी कथ्य, शिल्प विधान, उद्देश्य, कथोपकथन, दृष्टिकेन्द्र, गीतको प्रयोग आदि-अन्त्य आदिको आधारमा यस कथाको विश्लेषण समेत गरिएको देखिन्छ । केशवराज आमोदीले *व्यङ्ग्य विनोदका केही धुमिल तरङ्गहरू* (११/१६, २०६४) शीर्षकको समीक्षात्मक लेखमा परापूर्वकालदेखि कथा, कविता, निबन्ध, जुनसुकै विधामा पनि व्यङ्ग्य प्रयोग गर्न सकिन्छ तर निबन्धमा नै व्यङ्ग्यको प्रयोग बढी मात्रामा भएको देख्न सकिन्छ भन्ने धारणा प्रस्तुत गर्दै साहित्यको विभिन्न विधासँगै व्यङ्ग्यको उदय भएको बताएका छन् । बुलु मुकारूङको *नेपाली सङ्गीत र गजल* (११/१६, २०६४) शीर्षकको समीक्षात्मक लेखमा नेपाली सङ्गीत र गजलको इतिहासलाई पल्टाउँदै

उस्ताद सेतुरामदेखि मोतीमण्डली र अनाम मण्डलीसम्मको यात्रालाई प्रस्तुत गरिएको पाइन्छ । नवराज ढकालको *विश्वेश्वरप्रसाद कोइराला उनको तीन घुम्ती उपन्यास* (११/१६, २०६४) शीर्षकको समीक्षात्मक लेखमा विश्वेश्वरप्रसाद कोइरालाको तीन घुम्ती उपन्यासको कृतिपरक विश्लेषण गर्दै नियतिको शिकार बनेकी इन्द्रमायाको व्यक्तिवादी चरित्र प्रस्तुत गरिएको छ । गोर्खे साहिँलोको *बारूदका धुवाँहरूमा बहकिन खोज्दा* (११/१६, २०६४) शीर्षकको समीक्षात्मक लेखमा गजलकार कृष्ण पहारीको *बारूदका धुवाँहरू* कृतिको विश्लेषण गरिएको पाइन्छ । जसमा जनयुद्धका समयमा विष्फोट भएका बारूदका धुवाँहरूको सजीव चित्रण पाइन्छ । गोविन्दराज भट्टराईको *भयप्रद सौन्दर्यको रोमाञ्चकारी कथा* (१२/१७, २०६५) शीर्षकको समीक्षात्मक लेखमा हिरण्य भोजपुरेको 'सगरमाथाभन्दामाथि' कृतिको चर्चा र विश्लेषण समेत गरिएको पाइन्छ । लक्ष्मण गौतमको *मुनामदन*मा बिम्ब विधान (१२/१७, २०६५) शीर्षकको समीक्षात्मक लेखमा मुनामदन खण्डकाव्यमा भएका विभिन्न काव्यगत बिम्बहरूलाई देखाउँदै प्रष्ट पारिएको छ । श्यामजी अतिथिको *कवि शिवहरि मरहट्टा र मतिविनोद काव्य* (१२/१७, २०६५) शीर्षकको समीक्षात्मक लेखमा कवि शिरोमणि लेखनाथको 'बुद्धि विनोद'को उत्तर स्वरूप 'मतिविनोद'मा प्रशस्त ज्ञान दर्शन, सामाजिक व्यवहार र वैज्ञानिक तर्क प्रमाणका आधारहरू रहेको छ भन्दै मतिविनोद काव्यको कृतिपरक अध्ययन गरिएको पाइन्छ । खेम दाहालको *सुकरातका पाइला एक परिचय* (१२/१७, २०६५) शीर्षकको समीक्षात्मक लेखमा गोविन्दराज भट्टराईको सुकरातका एक पाइला कृतिमा बालकपाठ, सन्दर्भ र परिवेश, प्रजातिको छाप, अनुभूतिको संरचना र विश्वदृष्टि इत्यादिको आधारमा कृतिपरक विश्लेषण गरिएको छ । कपिल अज्ञातको *देवकोटाका दृष्टिमा धन* (१३/१७, २०६५) समीक्षात्मक लेखमा देवकोटाले **मुनामदन, कुञ्जिनी, सुलोचना** र विभिन्न फुटकर कविताहरूमा पनि धनप्रति वितृष्णा व्यक्त गरेका छन् भन्दै कविताका श्लोकहरूसहित विश्लेषण गरिएको देखिन्छ । शान्तिनारायण श्रेष्ठको *हाइकुको संरचना र स्वरूप* (१३/१८, २०६६) शीर्षकको समीक्षात्मक लेखमा जथाभावी हाइकु लेख्ने र त्यसलाई छपाउने पत्रिकाहरूप्रति चिन्ताव्यक्त गर्दै यसप्रति अनुसन्धान र खोजिनीति गर्न आग्रह गरिएको पाइन्छ । टङ्कप्रसाद न्यौपानेको *एउटा नयाँ नेपाली लेखनको दिशा : निर्विधा* (१३/१८, २०६६) शीर्षकको समीक्षात्मक लेखमा चेवन राईद्वारा लिखित *म सधैं सम्झिरहने छु* कृतिको विश्लेषणात्मक अध्ययन गरिएको पाइन्छ । यसमा अनेकता, बहुलविचार र अस्थिरता देख्न सकिन्छ जुन उत्तर आधुनिकताका अभिलक्षणहरू हुन् भन्ने विचार व्यक्त गरिएको छ ।

### ४.४.३ निष्कर्ष

**सम्प्रेषण** साहित्यिक पत्रिकामा वरिष्ठ समलोचकका साथै उदीयमान समालोचकहरूलाई पनि उत्तिकै स्थान दिइएको छ । यहाँ देखिएका समालोचनामा विभिन्न साहित्यकारको साहित्यिक कृतिको विश्लेषण गरिएको छ । विभिन्न समालोचकहरूले यहाँ प्रस्तुत गरिएका कृतिहरूको जीवनीपरक, कृतिपरक र प्रवृत्तिपरक विश्लेषण गरेका छन् । कृतिपरक समीक्षा समेत प्रस्तुत गरिएको छ । भयप्रद सौन्दर्यको रोमाञ्चकारी कथा, **पिकदूत** खण्डकाव्यको विश्लेषण कृतिपरक समालोचना हुन् । **सम्प्रेषण** पत्रिकामा प्रकाशित समालोचनाहरू कविता, कथा र निबन्ध सङ्ख्याभन्दा दृष्टिमा अत्यन्त कम मात्र प्रकाशित छन् तर गुणात्मक दृष्टिले अगाडि रहेका छन् ।

## ४.५ सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित हास्यव्यङ्ग्य विधाको विश्लेषण

### ४.५.१ विषयप्रवेश

'हास्य र व्यङ्ग्य साहित्यका दुई भिन्न प्रवाहहरू हुन् । हास्यका प्रभावले कृति मनोरञ्जनपूर्ण हुन्छ भने व्यङ्ग्यको प्रभावले कटाक्षपूर्ण हुन्छ । हास्य र व्यङ्ग्य एउटै कुरा होइन । पृथक-पृथक अभिलक्षण भएका दुई भिन्न साहित्यिक प्रभाव हुन् । कफ, वायु वा पित्तका प्रभावस्वरूप मानिसमा उत्पन्न विकृतिहरूसँग सादृश्यता झल्काउने अभिव्यक्तिलाई हास्य भनिन्छ ।'[21] 'मानवीय दुर्लभतामाथि कटाक्ष गरिएको अभिव्यक्तिलाई व्यङ्ग्य भनिन्छ । हास्य र व्यङ्ग्य प्रतिफलका निम्ति साहित्यका सबै विधा उत्तिकै उर्वर अनुकूल देखिन्छन् । हास्यव्यङ्ग्यको सफल प्रयोग कवितादेखि नाटकसम्म र आख्यानदेखि निबन्धसम्म सबै विधाहरूमा भएको पाइन्छ । तुलनात्मक रूपमा अन्य विधाभन्दा निबन्ध विधामा बढी प्रयोग भएको देखिन्छ । निबन्धमा यसको प्रयोग बढी हुनु आकस्मिकता मात्र हो । किनभने साहित्यका सबै विधाहरू यसको अभिव्यक्तिका लागि उत्तिकै उपयुक्त र समर्थ पनि छन् ।'[22] 'हास्यको उद्देश्य एवम् प्रयोजन मनोरञ्जन भएकोले आधुनिक साहित्यमा यसलाई सीमित महत्त्व दिइन्छ तर व्यङ्ग्यको उद्देश्य एवम् प्रयोजन यथार्थको प्रकटीकरण भएकाले यसलाई अत्याधिक महत्व दिइन्छ । कतिपय रचनाकार र विचारकहरूले व्यङ्ग्यको शसक्तता नभएको रचनालाई फितलो ठान्दछन् ।'[23]

---

[21] मोहनराज शर्मा, *दुई साहित्यिक प्रभाव : हास्य र व्यङ्ग्य* (**मधुपर्क समालोचना विशेषाङ्क**), २०५५, पृ. ७० ।
[22] ऐजन, पृ. ७१ ।
[23] ऐजन, पृ. ७१ ।

'नेपाली साहित्यको पहिलो उपलब्ध हास्यकृति शक्तिबल्लब अर्यालको *हास्यकदम्ब* हो । यसपछि नेपालीमा हास्य श्रृङ्खलाबद्ध रूपमा विकसित नभई फाट्टफुट्ट मात्र देखिएको छ । व्यङ्ग्यको प्राथमिक छिर्काहरू भानुभक्त आचार्यका फुटकर कविताहरूमा देखिएका हुन् ।'[24]

**सम्प्रेषण** साहित्यिक पत्रिकामा विभिन्न समयमा विभिन्न पक्षसँग सम्बन्धित हास्यव्यङ्ग्यात्मक रचनाहरू प्रकाशित भएका छन् । जसमा अङ्क एकदेखि अठारौँ अङ्कसम्म छवटा हास्यव्यङ्ग्यात्मक रचनाहरू प्रकाशित भएका छन् ।

### ४.५.२ सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित हास्यव्यङ्ग्यको विश्लेषण

तिलकराज शर्माद्वारा लिखित *पार्टी खोल्ने धुनमा* (१/१, २०४७) शीर्षकको हास्यव्यङ्ग्यात्मक लेखमा २०४६ सालपछिको पञ्चहरूको अवस्थाबारे चित्रण गरिएको छ । जसमा प्रजातन्त्रको खोल ओडेर बसेका पञ्चहरू नै स-सम्मान अगाडि बढेको कुरालाई व्यङ्ग्य गरिएको छ ।

तिलकराज शर्माद्वारा लिखित *मुकुण्डो* (२/२, २०४९) शीर्षकको हास्यव्यङ्ग्यात्मक लेखमा समाजका हरेक क्षेत्रमा जतासुकै यथार्थलाई पन्छाएर आदर्शको खोक्रो मुकुण्डो लगाउने प्रवृत्ति मौलाएको यथार्थको प्रस्तुति व्यङ्ग्यात्मक शैलीबाट गरिएको छ ।

तिलकराज शर्माको *दर खानुभन्दा हरेश खानु जाति* (३/३, २०५०) शीर्षकको हास्यव्यङ्ग्यात्मक लेखमा नेपाली महिलाहरूको प्रिय चाड तीजले ल्याएको विकृति र विसङ्गतिकृति व्यङ्ग्य प्रहार गरिएको छ ।

तिलकराज शर्माकै *म त गोरखापत्र भएँ* (५/७, २०५२) शीर्षकको हास्यव्यङ्ग्यात्म लेखमा १९५८ साल अर्थात् स्थापनाकालदेखि नै गोरखापत्रले भोग्नुपरेको विभिन्न समस्याहरूलाई व्यङ्ग्यात्मक तरिकाले प्रस्तुत गरिएको पाइन्छ ।

आर.सी.रिजालको *सुप्रसिद्ध वरिष्ठ दीर्घरोगी* (१०/१५, २०६२) शीर्षकको लेखमा रोगले आक्रान्त भएर कहिल्यै रोग निको नहुने बरू थपिदै जाने हजुरवालाई *सुप्रसिद्ध वरिष्ठ दीर्घरोगी भनेर* व्यङ्ग्य गरिएको छ ।

शरद जोशीको *दुई जुत्ताको कथा* (१२/१७, २०६५) शीर्षकको हास्यव्यङ्ग्यात्मक लेखमा भ्रष्ट नेताहरूको भ्रष्ट आचरणमाथि तिखो व्यङ्ग्य गर्दै जुत्ता प्रहारको प्रसङ्ग समेत प्रस्तुत गरिएको छ ।

[24] ऐजन, पृ. ७१ ।

### ४.५.३ निष्कर्ष

चितवनको साहित्यिक फाँटमा हास्यव्यङ्ग्य निबन्धले आफ्नो यात्रालाई क्रमकि रूपमा अगाडि बढाएको देखिन्छ तर साहित्यका सबै विधामा एकनासले हास्यव्यङ्ग्यको रचना गरिएको भेटिँदैन । **सम्प्रेषण** साहित्यिक पत्रिकामा अङ्क एकदेखि अङ्क अठारौँसम्म प्रकाशित हास्यव्यङ्ग्यहरूलाई नियाल्दा सवै हास्यव्यङयले निबन्ध विधालाई अङ्गालेको देख्न सकिन्छ । चितवनको हास्यव्यङ्ग्य क्षेत्रका प्रभावशाली साहित्यकार तिलकराज शर्मा मानिन्छन् भने अन्य व्यक्तित्वहरूको पनि उपस्थिति कम छैन । तुलनात्मक रूपमा भने अन्य विधाको तुलनामा हास्यव्यङ्ग्यको रचना कमै मात्रामा भएको देखिन्छ ।

## ४.६ सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित अन्तर्वार्ता, संस्कृति, काव्य र अन्य विविध सन्दर्भहरूको विश्लेषण

### ४.६.१ विषयप्रवेश

**सम्प्रेषण** साहित्यिक पत्रिकामा विभिन्न साहित्यिक विधाका अतिरिक्त अन्तर्वार्ताहरू, स्रष्टा, कृति, संस्था परिचय, संस्कृति, काव्य इत्यादि लेखहरू पनि प्रकाशित छन् । यसअन्तर्गत अन्तर्वार्ताहरूमा वरिष्ठ निबन्धकार रामबाबु घिमिरेले र सुविद गुरागाईंले विभिन्न साहित्यिक व्यक्तित्त्वहरूसँग लिएका अन्तर्वार्ताहरू छन् भने बीचबीचका कतिपय अङ्कहरूमा विभिन्न विषयसँग सम्बन्धित लेखहरू पनि छन् । यस पत्रिकामा समावेश भएका यस्ता लेखहरू यसप्रकार देखाइन्छ ।

क) अन्तर्वार्ता

ख) संस्कृति

ग) काव्य

घ) विविध

**सम्प्रेषण** पत्रिकाको संस्कृति स्तम्भअन्तर्गत सुदूरपश्चिमेली लोक संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेको देउडा गीतको बारेमा स्पष्ट पारिएको छ । देउडा गीत कुन समयमा, कुन पर्वमा बढी प्रचलित छ सोको जानकारी गराइएको छ । त्यस्तै गरेर काव्यअन्तर्गत आदिकविको सम्झना : वाल्मीकि स्मृतिको रचना शीर्षकको लेखमा हिरण्य गर्भले कवि तीर्थराज कोइरालाको *वाल्मीकि स्मृति* काव्यको परिचय

गराएका छन् । विविधअन्तर्गत सम्प्रेषण दोस्रो अङ्कमा रहेको तर लेखकको नाम उल्लेख नभएको १०८ औं लेखनाथ जयन्तीमा बृहत कवि गोष्ठीको कार्यक्रम उल्लेख गरिएको छ । **सम्प्रेषणको** नवौँ अङ्कमा हिक्मत थापाको *सम्पादकीय लेख्नै पर्दा* भन्ने स्तम्भ पनि रहेको देखिन्छ ।

### ४.६.२ सम्प्रेषण साहित्यिक पत्रिकामा प्रकाशित अन्तर्वार्ता, काव्य र अन्य विविध सन्दर्भहरूको विश्लेषण

सम्प्रेषण साहित्यिक पत्रिकाको विभिन्न अङ्कमा विभिन्न स्तम्भहरू रहेका छन् । माथि उल्लेख गरिएका स्तम्भहरूको र तीअन्तर्गतका लेखहरूको विश्लेषण यसप्रकार गरिएको छ ।

#### ४.६.२.१ अन्तर्वार्ता

सुविद गुरागाईंको *तपाईंकै प्रश्न तपाईंकै उत्तर* (६/७, २०५२) शीर्षकको वार्तामा मनु ब्राजाकीसँग विभिन्न साहित्यिक पाठकहरूले गरेका प्रश्नको उत्तर स्वयम् मनु ब्राजाकी कै उत्तरमा देखाइएको छ ।

सुविद गुरागाईंको *साहित्यिक/असाहित्यिक* (६/९, २०५३) शीर्षकको अन्तर्वार्ताअन्तर्गत विभिन्न असाहित्यिक प्रश्नहरूमा साहित्यिक व्यक्तिहरूको विचार प्रस्तुत गरिएको छ । जसमा **सम्प्रेषण** साहित्यिक पत्रिकाअन्तर्गत सुविद गुरागाईंले प्रश्न गरेका छन् भने मदनमणि दीक्षित, मनु ब्राजाकी, पुष्कर लोहनी, बेन्जु शर्मा, किशोर पहाडी, ज्ञानुवाकर पौडेल, नकुल सिलवाल अविनाश श्रेष्ठ, रामबाबु घिमिरे इत्यादि साहित्यकारहरूको उत्तर समावेश गरिएका छन् ।

छविरमण सिलवालको *म गाउँदै... गुनगुनाउँदै आएँ* (७/११, २०५४) शीर्षकको अन्तर्वार्तामा साहित्यसँग सम्बन्धित विविध पक्षमा सोधिएका एघारवटा प्रश्न र कृष्णप्रसाद पराजुलीद्वारा दिइएका उत्तरहरू छन् ।

साहित्यकारका लागि पुरस्कार *फोसामा पाएका खुर्सानी हो* (८/१२, २०५५) शीर्षकको अन्तर्वार्तामा रामबाबु घिमिरेले साहित्यकार जगदीश घिमिरेसँग सोधिएका प्रश्नहरूको उत्तरहरू समावेश छन् । साहित्यसँग सम्बन्धित एघारवटा प्रश्नहरूको उत्तर जगदीश घिमिरेले दिएका छन् । साहित्यकारका लागि पुरस्कार भनेको *'फोसामा पाएको खुर्सानी हो'* भन्ने जगदीश घिमिरेको विचार छ । साहित्यकारहरूले अध्ययन, चिन्तन, मनन, लेखन र सामाजिक, राजनैतिक क्रिया प्रतिक्रियाप्रति सचेतता जनाउनुपर्छ भन्ने धारणा रहेको पाइन्छ ।

*आत्मविना जगत सञ्चार भएको छैन* (१०/१५, २०६२) शीर्षकको अन्तर्वार्ता रामबाबु घिमिरेले साहित्यकार तीर्थराज कोइरालाको लागि रेखाङ्कन गरिएका प्रश्नावलीहरूको आधारमा रामहरि शर्मा 'शराह'ले लिएका छन् । व्यक्तिगत जीवन र साहित्यिक जीवन दुवैसँग सम्बन्धित अठारवटा प्रश्नहरूको जवाफ साहित्यकार स्व. तीर्थराज कोइरालाले दिएका छन् । उनको जीवनको केही दिनअघिमात्र लिइएको अन्तर्वार्ताको रूपमा यहाँ प्रस्तुत छ । ईश्वरको अस्तित्व स्वीकार्ने, आत्माले नै जीवन सञ्चालन भएको मान्ने साहित्यकार तीर्थराज मानवता, त्याग, सेवा जस्ता उत्कृष्ट गुण युवा पुस्ताबाट हराउँदै गएकोमा चिन्ता समेत व्यक्त गर्दछन् ।

### ४.६.२.२ संस्कृति

सम्प्रेषण साहित्यिक पत्रिकामा एउटा मात्र संस्कृतिपरक लेख रहेको छ । जुन तेह्रौं अङ्कमा रहेको देख्न सकिन्छ । चक्र रावलद्वारा लिखित *देउडा गीत* (९/१३, २०६१) शीर्षकको संस्कृतिपरक लेखमा सुदूरपश्चिमेली लोक संस्कृतिको अभिन्न अङ्गको रूपमा देउडा संस्कृतिको परिचय दिइएको छ । मुख्यरूपमा दुई पक्षले गाउने देउडा गीत प्रेमीप्रेमिकाहरू, साली, भिनाहरू र बिछोडिएका लोग्ने र स्वास्नीहरूका मनका भावना व्यक्त गर्ने माध्यम बनेको पाइन्छ भनेर उल्लेख गरिएको छ ।

### ४.६.२.३ काव्य

**सम्प्रेषण** साहित्यिक पत्रिकामा प्रकाशित एउटै मात्र काव्य शीर्षकको लेख रहेको छ । हिरण्यगर्भको *आदिकविको सम्झना : वाल्मीकि स्मृति को रचना* (१०/१५, २०६२) शीर्षकको लेखमा साहित्यकार तीर्थराज कोइरालाद्वारा रचना गरिएको *वाल्मीकि स्मृति* खण्डकाव्यको परिचय दिइएको छ । मन्दाक्रान्ता छन्दमा जम्मा ६० श्लोकमा प्रस्तुत काव्यको रचना गरिएको छ । वाल्मीकि आश्रमको प्राकृतिक रमणीयता, आध्यात्मिकता जगाउने स्मारकहरूको प्रभावले गर्दा उक्त काव्य अत्यन्त उत्कृष्ट बनेको प्रसङ्ग उल्लेख गरिएको पाइन्छ ।

### ४.६.२.४ स्रष्टा, कृति र संस्था परिचय

**सम्प्रेषण** साहित्यिक पत्रिकाको *सम्भावनाको ज्योतिपुञ्ज* (७/११, २०५४) शीर्षकको लेखमा कवयित्री सविता श्रेष्ठ 'बेहोशी'को *जीवनज्योति* उपन्यासको परिचय दिइएको छ । रामबाबु घिमिरेले *श्री गुणराज पाठक स्मृति समाजकल्याण संघ* ( ७/११, २०५४) शीर्षकको लेखमा असहाय, दीन दु:खीको सेवा गर्ने, जनचेतनाको

लागि शिक्षाको प्रचारप्रसार गर्ने, साहित्य, कलाको विकासमा सहयोग पुऱ्याउनु, राष्ट्रिय भावना अभिवृद्धि गर्नु यस संस्थाको काम रहेको कुरा उल्लेख गर्दै संस्थाको परिचय दिएका छन् । तिलकराज शर्माले पनि गुणराज स्मृति समाज कल्याण संघ (९/३ २०६१) को परिचय दिएका छन् । जसमा रक्तदान कार्यक्रम, मुटु रोगीहरूको नि:शुल्क स्वास्थ्य सेवा, जेहेन्दार छात्रवृत्ति प्रदान, अस्पताल निर्माणमा आर्थिक सहयोग, साहित्यकार तथा पत्रकारहरूलाई सम्मान जस्ता अनेकौं सेवामुखी र सहयोगी कार्यक्रमहरू सञ्चालन गर्दछ भनेर परिचय दिएका छन् । रामबाबु घिमिरेले भानु प्रेरणा पुस्तकालय (९/१४, २०६१) को परिचय प्रस्तुत गरेका छन् । जहाँ विविध विषयका गरी पाँच हजारभन्दा धेरै पुस्तकहरू भएका र *किरण* नामक मुखपत्र समेत प्रकाशित भएको जानकारी दिएका छन् । हिमाल घिमिरेले *एउटा पाठकको आँखामा प्रेमदीप* (१०/१५, २०६२) शीर्षकको लेखमा सुश्री कल्पना अधिकारीको कृति *प्रेमदीप*को चर्चा गरेका छन् । पाँचवटा कथाहरू सङ्कलित गरिएको प्रेमदीप कथासङ्ग्रह लेखकको प्रथम कृति हो भनिएको छ भने पाँचवटा कथाहरूको सामान्य उल्लेख गरेका छन् । केशवराजको *वाल्मीकि साहित्य सम्मान ०६४ बाट सम्मानित व्यक्तित्वहरूको सामान्य परिचय* (१२/१७, २०६५) शीर्षकको लेखमा, वाल्मीकि साहित्य सदनबाट सम्मानित भएका व्यक्तित्वहरूको चर्चा गरिएको छ । जसमा प्रेमविनोद नन्दन, गोवर्द्धन पूजा, शीतल कादम्बिनी, राजेन्द्र घायल रहेका छन् । कपिल अज्ञातले *यात्राका स्पन्दनहरूभित्र चन्दनयुक्त पक्षको आंकलन* (१३/१८, २०६६) शीर्षकको लेखमा साहित्यकार केदारनाथ खनालको *यात्राका स्पन्दनहरू* कृतिको चर्चा गरेका छन् । सूचनामूलक भइकन आश्चर्यजनक वर्णनात्मक भए पनि उत्साहजनक र उपयोगी निबन्धहरू उक्त कृतिमा रहेका छन् भनेर चर्चा गरिएको छ ।

#### ४.६.२.५ विविध

**सम्प्रेषण** साहित्यिक पत्रिकाको विविध शीर्षकअन्तर्गत दुईवटा लेखरचनाहरू रहेका छन् । **सम्प्रेषणको** दोस्रो अङ्कमा प्रकाशित *१०८ औं लेखनाथ जयन्तीमा वृहत कवि गोष्ठी* (२/२, २०४९) शीर्षकको लेखमा लेखक अज्ञात छन् । यसमा कवि शिरोमणि लेखनाथ पौड्यालको ११८ औं जन्म जयन्तीको अवसरमा २०४८ साल माघ २ गते भएको वृहत् कवि गोष्ठीको चर्चा गरिएको छ ।

हिक्मत थापाद्वारा लेखिएको *सम्पादकीय लेख्नै पर्दा* (६/९, २०५३) शीर्षकको लेखमा **सम्प्रेषण**को स्तर खस्कँदै गएको र सह-सम्पादक बन्नु परेको पीडा व्यक्त गरिएको छ ।

### ४.६.३ चित्रात्मकता

**सम्प्रेषण** पत्रिकाको आवरण पृष्ठमा रहेका चित्रहरू प्राय मूर्त र केही अमूर्त छन् । **सम्प्रेषण** पत्रिकाको प्रथम अङ्कको आवरण पृष्ठमा हरियो र पहेँलो रङ्गको आकर्षक चित्र रहेको छ । यहाँ हरियो पहाडको चित्रमाथि उडिरहेको सेतो परेवाको चित्र अङ्कित छ भने परेवाले चुच्चोमा किताब बोकेर उडेको चित्र अङ्कित छ । पहिलो अङ्क जस्तै दोस्रो र तेस्रो अङ्कमा पनि एउटै चित्र छ तर रङ्ग फरक देखिन्छ । चौथो र पाँचौ अङ्कमा खासै नयाँपन छैन मात्र सम्प्रेषण लेखिएको आवरण देखिन्छ । छैटौं अङ्क अमूर्त छ भने सातौं अङ्कमा नीलो आवरणमा गोलो सूर्यको आकृति अगाडि उड्न लागेको पंक्षीको चित्र अङ्कित छ । आठौं अङ्कमा नवदुर्गा भवानीले महिषासुरमाथि विजय प्राप्त गरेको अमूर्त जस्तै देखिने चित्र अङ्कित छ । नवौं अङ्कमा पनि कतै मानव आकृति र कतै चरा जस्तो लाग्ने अमूर्त चित्र देखाइएको छ । दशौं अङ्कमा पुतली, फूल, चिठीपत्रहरूको खात र परेवाले चिठी लिएर उडेको चित्र आकर्षक आवरणमा देखाइएको छ । एघारौं अङ्कमा मानव आकृति जस्तो लाग्ने आकृतिले परेवा उडाएको चित्र प्रस्तुत छ । बाह्रौं अङ्कमा घोल घेराभित्र परेवा उडेको चित्र अङ्कित छ । तेह्रौं अङ्कमा खासै नयाँपन छैन । चौधौं अङकमा बुद्धको चित्र सँगै शान्तिको प्रतिक मानिने परेवाको चित्र देखाइएको छ भने रोइरहेको बुद्ध, बुद्धको हात र परेवाको खुट्टा ठूलो फलामे साङ्लाले बाँधिएको र मानव कंकालको दुईवटा टाउको बुद्धको छेउमा राखिएको छ । बुद्धको छातीमा गोली लागेर रगत बगेको चित्र अङ्कित छ । अङ्क पन्ध्र, सोह्र र सत्रमा परेवा उडेको उस्तै दृश्य देख्न सकिन्छ । अठारौँ अङ्कमा पहेँलो रङ्गमा नीलो अक्षरले लेखिएको आवरण केही फरक देखिन्छ भने गोलो सूर्यको अगाडि परेवा उडेको दृश्य अङ्कित छ ।

### ४.६.४ निष्कर्ष

**सम्प्रेषण** पत्रिकामा रहेका विभिन्न स्तम्भहरूको आ-आफ्नै किसिमको महत्त्व छ । यस्ता स्तम्भहरूले पत्रिकालाई विविधतामय बनाएका छन् । **सम्प्रेषण**को विधागत स्तम्भका अतिरिक्त अन्तर्वार्ता स्तम्भले लेखकहरूलाई उत्खनन गर्ने काम गरेको छ भने संस्कृति, काव्य जस्ता स्तम्भहरूले पत्रिकालाई विविधतामय बनाएका छन् । यसका आवरण पृष्ठमा भएका अमूर्त चित्रहरूले पनि पत्रिकालाई आकर्षक तुल्याएको देख्न सकिन्छ । एक एक ओटा मात्र भए तापनि विभिन्न संस्कृति, काव्य जस्तो लेखहरूको विविधताबाट पत्रिका बहुमुखी बन्न पुगेको छ ।

प्रथम अङ्कदेखि अठारौँ अङ्कसम्म आइपुग्दा **सम्प्रेषण** पत्रिकाले धेरै आरोह र अवरोहहरू पार गरेको देख्न सकिन्छ । प्रथम अङ्कदेखि अठारौँ अङ्कसम्म आइपुग्दा **सम्प्रेषण** पत्रिकामा जम्मा पाँचसय चौरासी ओटा रचनाहरू प्रकाशित भएका छन् । विधागत रूपमा सबैभन्दा बढी कविता विधा रहेको छ । यहाँ कविता, गीत, गजल, मुक्तक आदि गरेर सबैभन्दा बढी तीनसय चवालीसको सङ्ख्यामा प्रकाशित भएको छ । साहित्यकै सबैभन्दा उन्नत र समृद्धशाली रहेको कविता विधाभित्र पनि गजलको प्रधानता बढी पाइन्छ । ख्याति प्राप्त गजलकारहरूदेखि लिएर नव उदीयमान गजलकारहरूका गजलसमेत यस पत्रिकामा देख्न सकिन्छ । जसमा शृङ्गार रस र प्रणयभावसँग सम्बन्धित गजल बढी देखिन्छन् ।

**सम्प्रेषण**मा कविता विधापछिको दोस्रो विधामा निबन्ध अगाडि आएको देख्न सकिन्छ । यस पत्रिकामा उनान्सय ओटा लेख, रचना, निबन्ध, संस्मरण आदि रहेका छन् । जसमा कतिपय निबन्धहरू प्रभावशाली व्यक्तित्त्व र प्रखर निबन्धकारहरूका रहेका छन् भने कतिपय निबन्धहरू नवसर्जकहरूका पनि रहेका छन् । सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक विविध पक्षसँग सम्बन्धित निबन्धहरूले समाजका विसङ्गत पक्षहरूको रहस्योद्घाटन गरेका छन् ।

**सम्प्रेषण** साहित्यिक पत्रिकाको तेस्रो विधाअन्तर्गत कथा विधा देखिएको छ । कथा, लघुकथा गरी जम्मा उन्नान्नब्बे ओटा कथाहरू रहेका छन् । समाज घटेका र घट्न सक्ने यथार्थ घटनालाई कथाकारहरूले कथाको विषयवस्तु बनाएको देखिन्छ ।

**सम्प्रेषण** पत्रिकाको चौथो स्थानमा समालोचना/समीक्षालाई लिन सकिन्छ । यहाँ एकतीस ओटा समालोचना/समीक्षाहरू रहेका छन् । जसमा विभिन्न साहित्यकारहरूको पुस्तक समीक्षा कृतिपरक अध्ययनमा केन्द्रित भएर गरिएको छ भने कतै कतै जीवनीपरक, प्रवृत्तिपरक समालोचना गरिएको भेटिन्छ ।

**सम्प्रेषण** साहित्यिक पत्रिकाले हास्यव्यङ्ग्यात्मक रचनालाई पनि प्रस्तुत गरेको देखिन्छ । जम्मा छ ओटा हास्यव्यङ्ग्यहरू रहेका छन् भने कुनैमा हास्य बढी र कुनै रचनामा व्यङ्ग्य बढी मात्रामा देख्न सकिन्छ ।

त्यसैगरी अन्य विविध स्तम्भ, अन्तर्वार्ताहरू गरेर जम्मा सोह्रओटा लेख रचनाहरू रहेका छन् । पाँचओटा अन्तर्वार्ता रहेका छन् भने अन्य लेख रचनाहरूमा संस्कृति काव्य, संस्था परिचय, कृति परिचय आदि रहेका छन् ।

# पाँचौँ परिच्छेद

# उपसंहार

# पाँचौं परिच्छेद
# उपसंहार

## ५.१ उपसंहार

साहित्यको विकासमा साहित्यिक पत्रपत्रिकाहरूको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । नेपाली साहित्यमा विभिन्न साहित्यिक पत्रिकाहरूले परिवर्तन पनि ल्याएका छन् । यस सन्दर्भमा वाल्मीकि साहित्य सदनको मुखपत्रका रूपमा रहेको **सम्प्रेषण** पत्रिकाले पनि मोफसलमा रहेर राष्ट्रिय स्तरमा महत्त्वपूर्ण योगदान दिएको छ । नेपाली साहित्यको बहुआयामिक विकासका सन्दर्भमा साहित्यिक पत्रपत्रिकाले पुऱ्याउँदै आएको ऐतिहासिक महत्त्वको योगदानलाई हेर्दा यो कुरा प्रमाणित भइसकेको छ । यसै क्रममा चितवन जिल्लाबाट प्रकाशित **सम्प्रेषण** पत्रिकाले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । वि.सं. २०४७ सालमा **सम्प्रेषण** पत्रिकाको प्रकाशन भएको हो । यस पत्रिकाको प्रथम अङ्कदेखि अठारौँ अङ्कसम्म नै प्रधान सम्पादकको रूपमा रामबाबु घिमिरे रहेका छन् । कार्यकारी सम्पादकमा दोस्रो अङ्कमा केदारनाथ खनाल छन् भने चौथोदेखि बाह्रौं अङ्कसम्म हिक्मत थापा रहेका छन् । तेह्रौं अङ्कदेखि पन्ध्रौं अङ्कसम्म तिलकराज शर्मा रहेका छन् भने सोह्रौं र सत्रौंमा लक्ष्मण अर्याल अठारौँमा केशवराज आमोदी रहेका छन् ।

नेपाली साहित्यका राष्ट्रिय व्यक्तिदेखि उदीयमान प्रतिभाहरूलाई समान स्थान दिनु **सम्प्रेषण**को महानता हो । **सम्प्रेषण** पत्रिकामा साहित्यका सबैजसो विधाले स्थान पाएका छन् सङ्ख्यात्मक रूपमा बराबर नभए पनि कविता, गीत, गजल, मुक्तक, कथा, लेख/निबन्ध, समालोचना/समीक्षा, वार्ता, स्रष्टा र कृति परिचय आदि विविध सामग्रीहरू यस पत्रिकामा प्रकाशित छन् ।

समग्र साहित्यमै उन्नत र समृद्धशाली रहेको कविता विधाले **सम्प्रेषण**मा सर्वोच्च स्थान प्राप्त गरेको छ । नेपाली साहित्यका उच्च प्रतिष्ठित कविहरूदेखि लिएर नवउदीयमान प्रतिभाहरूले कवितामा स्थान पाएका छन् । यस पत्रिकामा प्रकाशित अधिकांश कवितामा मानवीय पीडा, सङ्घर्षमय जीवन, नेताहरूको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य, अस्तित्वको खोजी, मातृभूमिप्रतिको स्नेह, राष्ट्रिय एकताको भावना

रहेका छन् । त्यसैगरी देश युद्धमा होमिएको प्रसङ्ग, प्रजातन्त्र धराशायी बन्दै गएको अवस्था देखाइएको छ । गीत, गजल, मुक्तक र हाइकुमा प्रणयमूलक, प्रणय वेदनापरक र शिष्ट श्रृङ्गारको अभिव्यक्ति पाइन्छ । कविता, गजल, गीत, मुक्तक र हाइकु गरेर जम्मा तीनसय चौवालीस ओटा रहेका छन् । गद्य र पद्य दुवैमा कविताको रचना गरिएको देखिन्छ भने पद्यको तुलनामा गद्यकविता बढी रहेका देखिन्छन् । यहाँ गोविन्दराज विनोदी, तीर्थराज कोइराला, बूँद राना, धनराज गिरी, राजेन्द्र घायल, प्रेमविनोद नन्दन जस्ता चर्चित व्यक्तित्वहरूको कविताहरू रहेका छन् । यहाँ प्रकाशित गीत, गजल, मुक्तकहरूले कविताको विधागत आयाम फराकिलो बनाएका छन् । समसामयिक युगबोध भएका कविताहरू प्रकाशन गरेर **सम्प्रेषण** पत्रिकाले नेपाली कविता विधालाई अझ फराकिलो बनाएको देखिन्छ । **सम्प्रेषण** पत्रिकामा प्रकाशित कविताहरूमा पाइने प्रमुख विशेषता गुणात्मकता, स्तरीय, उत्कृष्ट र नवीन चेतनाका कवितालाई स्थान दिनु हो भन्ने देखिन्छ ।

**सम्प्रेषण** पत्रिकामा कविता पछिको दोस्रो स्थानमा लेख/निबन्ध रहेका छन् । लेख/निबन्धभित्र संस्मरण र विचारहरू पनि समावेश गरिएको छ । यहाँ लेखकीय बौद्धिकताले पूर्ण भएका निबन्धहरूका साथै भावपरक, वैचारिक, निबन्धहरू र निबन्धकारको यात्रा वृत्तान्तमा संरक्षित यात्रा निबन्धहरू राष्ट्रिय विसङ्गतिहरू प्रति लक्षित व्यङ्ग्यात्मक निबन्धहरू पनि समावेश छन् । यस पत्रिकामा रहेका सबै निबन्धहरूमा प्राय: समाजका यथार्थ घटनाको छाप देख्न सकिन्छ । यहाँ ख्यातिप्राप्त निबन्धकारहरूले विविध विषयमा निबन्ध रचना गरेको देख्न सकिन्छ । ख्यातिप्राप्त निबन्धकारहरूमा रामबाबु घिमिरे, तिलकराज शर्मा, केशवराज आमोदी, सरस्वती रिजाल, रविकिरण निर्जिव, कपिल अज्ञात, नारायणप्रसाद खनाल आदि रहेका छन् । **सम्प्रेषण**को अङ्क एकदेखि अङ्क अठारौँसम्म आइपुग्दा उनान्सय ओटा लेख, निबन्ध, यात्रा संस्मरणहरू रहेका छन् ।

**सम्प्रेषण** पत्रिकाले साहित्यको अर्को विधा कथालाई समावेश गरेको छ । **सम्प्रेषण**मा कथा तेस्रो स्थानमा देखिएको छ । कथा लघुकथा गरी जम्मा उन्नानब्बे ओटा कथा समावेश छन् । प्रत्येक कथाहरूले समसामयिताको चित्र उतारेको देखिन्छ । समाजमा देखिने भ्रष्टाचार, यौन दुर्व्यवहार, मनोविज्ञान, सत्तामोह, युद्धको भायावह चित्र इत्यादिलाई कथाकारहरूले आफनो कथामा स्थान दिएको देख्न सकिन्छ । कथामा पनि ख्याति प्राप्त व्यक्तित्त्वदेखि नवसर्जकहरूलाई समेत स्थान दिइएको देख्न सकिन्छ । यहाँ देखिएका ख्यातिप्राप्त कथाकारहरूमा सूर्यमणि अधिकारी, श्रीओम श्रेष्ठ 'रोदन', तिलकराज शर्मा, केशवराज आमोदी, धनराज गिरी, गीता लामिछाने आदि रहेका छन् ।

**साहित्यका** विविध विधाहरूलाई आत्मसात गर्दै सबैमा समान दृष्टिकोण राखी प्रकाशित हुने **सम्प्रेषण**ले समालोचना/समीक्षा आदिको क्षेत्रमा पनि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । अङ्क एकदेखि अठारौँ सम्ममा जम्मा एकतीसओटा समालोचनाहरू प्रकाशित भएको देखिन्छ । यो सङ्ख्या, कविता, कथा, निबन्धको तुलनामा कम देखिएता पनि बौद्धिकताले पूर्ण समालोचनात्मक लेखकहरूलाई स्थान दिनु सम्प्रेषणको विशेषता हो । यसमा बढी मात्रामा पुस्तक समीक्षा गरिएको छ भने कृतिपरक समालोचना बढी मात्रामा देख्न सकिन्छ । यहाँ रहेका ख्यातिप्राप्त समालोचकहरूमा पूर्णप्रसाद अधिकारी, केशवराज आमोदी, गोविन्दराज भट्टराई, लक्ष्मण गौतम, भागवत ढकाल, ईश्वर बल्लभ, डी.आर. पोखरेल, कृष्ण प्रधान आदि रहेका छन् ।

**सम्प्रेषण** पत्रिकामा हास्यव्यङ्गललाई पनि समावेश गरिएको छ । विभिन्न शीर्षकहरूमा रचना गरिएको हास्य व्यङ्ग्य रचनाले **सम्प्रेषण**को विविधतालाई अझ बढाएको छ । प्रसिद्ध हास्यव्यङ्ग्यकार तिलकराज शर्माको चारओटा र आर.सि. रिजाल र शरद जोशीको एक-एक ओटा गरी जम्मा ६ ओटा हास्यव्यङ्ग्यात्मक रचनालाई सम्प्रेषणले समावेश गरेको देख्न सकिन्छ । हास्य व्यङ्ग्यको क्षेत्रमा धेरै अगाडि बढिसकेका व्यक्तित्व तिलकराज शर्माको *पार्टी खोल्ने धुनमा, भुकुण्डो, दर खानुभन्दा हरेश खानु जाति र म त गोरखापत्र भएँ* हास्यव्यङ्ग्यका उत्कृष्ट रचना छन् ।

माथि प्रस्तुत गरिएका विधाभन्दा भिन्न स्तम्भहरूलाई पनि **सम्प्रेषण** पत्रिकामा समावेश गरिएको छ । यी स्तम्भहरूको आफ्नै किसिमको महत्व रहेको छ । सम्प्रेषण पत्रिकामा रहेका स्तम्भहरूमा काव्य, संस्कृति, कृति चर्चा, स्रष्टा परिचय र संस्था परिचय रहेका छन् । यसका अतिरिक्त अन्तर्वार्ता पनि रहेको छ । काव्य र संस्कृतिअन्तर्गत विभिन्न किसिमका लेखहरू रहेका छन् ।

निष्कर्षमा भन्नुपर्दा यस पत्रिकामा प्रकाशित रचनाहरूको समग्रतालाई हेर्दा यसमा रचनाहरूको स्तरीयता तथा बौद्धिकताले पूर्ण सामग्रीहरू नै समावेश भएको देखिन्छ । सामान्य पाठकका लागि पनि लोकप्रिय, छ किनकि यसमा बौद्धिक लेखका साथै सरल र सम्प्रेष्य रचनाहरूले बढी मात्रामा स्थान पाएको देख्न सकिन्छ । वि.सं. २०४७ सालमा प्रथम पटक प्रकाशित भएर पनि हालसम्म जम्मा १८ ओटा अङ्कमा मात्र सीमित भएकोले निरन्तरता हुनु पर्ने देखिन्छ । साहित्यको अन्य विधामाभन्दा कविता विधा त्यसमा पनि गजलमा निक्कै अगाडि बढेको छ । साहित्यका अन्य विधा निबन्ध, समालोचना, हास्यव्यङ्ग्यमा ध्यान पुऱ्याउन सक्ने हो भने विभिन्न साहित्यिक पत्रपत्रिकाको तुलनामा **सम्प्रेषण** साहित्यिक पत्रिका धेरै अगाडि बढेको देख्न सकिन्छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, पूर्णप्रसाद, *सम्प्रेषणका दस पाइलाहरू : एक परिक्रमा,* **वागीश्वरी**, वर्ष ९, अङ्क ५, (चितवन : चितवन साहित्य परिषद्, २०५६), पृ. २१ ।

अधिकारी, सरिता, **नेपाली साहित्यमा मधूलिका पत्रिकाको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६६), पृ. १४ ।

अज्ञात, कपिल, **चितवनको संस्थागत साहित्य र विकास,** (चितवन : चितवन महोत्सव स्मारिका, २०६५), पृ. १४३ ।

उपाध्याय, केशवराज, **साहित्यप्रकाश** (काठमाडौँ : साझा प्रकाशन, २०३४), पृ. १३१ ।

उपाध्याय, मुक्तराज, **नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान**, (काठमाण्डौं : अभिव्यक्ति छापाखाना, २०५१), पृ. ३१ ।

कँडेल, घनश्याम, **नेपाली समालोचना**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. 'क' ।

कोइराला, रामकला, **चितवन जिल्लाबाट प्रकाशित साहित्यिक पत्रपत्रिकाहरुको विवरणात्मक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६१) ।

ढुङ्गाना, रामचन्द्र, **सङ्क्षिप्त नेपालीकोश,** (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ५११ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** भाग ४, (ललितपुर : साझा प्रकाशन, २०४६), पृ. १-४ ।

थापा, प्रणिता, **नेपाली साहित्यमा गोधूलि पत्रिकाको योगदान**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, नेपाली केन्द्रीय विभाग, २०६२), पृ. १३ ।

पोखरेल, डी.आर., *चितवनको साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा,* (**हाम्रो सिर्जना, अनुसन्धानमूलक साहित्यिक सांस्कृतिक त्रैमासिक**), अङ्क ८ र ९, २०६६ ।

पोखरेल, डी.आर., *सम्प्रेषणको दशवटा अङ्क सरसर्ती पढ्दा,* (चितवन : पारदर्शी राष्ट्रिय दैनिक, वर्ष १४, अङ्क ७४, पूर्णाङ्क २७६७, २०६६), पृ. २ ।

प्रभात, रमेश, *चितवनको साहित्यिक इतिहास,* (चितवनः रामेश्वर स्मारिका, २०६४), पृ. १७२ ।

लुइँटेल, खगेन्द्रप्रसाद र अन्य, **नेपाली कवि र कविता**, (काठमाडौँ : विभुऋभु प्रकाशन, २०५८), पृ. ३ ।

शर्मा, बालकृष्ण, *चितवन जिल्लाको भौगोलिक परिचय,* (**विवेक चितवन परिचय विशेषाङ्क**), वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन, २०४६ ।

शर्मा, मोहनराज, *दुई साहित्यिक प्रभाव : हास्य र व्यङ्ग्य* (**मधुपर्क समालोचना विशेषाङ्क**, २०५५), पृ. ७० ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा** भाग ४, (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. ७ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, (ललितपुर : साझा प्रकाशन, २०६३), पृ. १५७ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध** भाग ३, (काठमाडौँ : पाठ्य सामग्री पसल, २०५६), पृ. १ ।

# परिशिष्ट : क
# अन्तर्वार्ता

सम्प्रेषण पत्रिकाका सम्बन्धमा विभिन्न साहित्यिक व्यक्तित्वहरूसँग लिइएको लिखित अन्तर्वार्ता यसप्रकार छ :

**१ - डी.आर. पोखरेलका अनुसार :**

**प्रश्नहरू :**

**क) चितवनका साहित्यिक पत्रपत्रिकाहरूमध्ये 'सम्प्रेषण' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर: पहिलाका भन्दा धेरै राम्रा हुँदै आएका छन् । सबै विधालाई समेटेको छ । प्रेस काउन्सिलबाट पुरस्कृत छ । मानक पत्रिकाको रूपमा देखिएको छ । संस्थागत भएर पनि संस्थागत हुन सकिरहेको छैन । रामबाबु घिमिरे, धनराज गिरी, तिलकराज शर्मा, केशवराज आमोदी इत्यादिहरूको व्यक्तिगत प्रयासले पत्रिका निस्केको छ । संस्थाको खर्चमा निस्के राम्रोसँग अगाडि बढ्ने थियो ।

**ख) 'सम्प्रेषण'मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर: स्थानीय लेखकहरू बढी भएको हुनाले मिश्रित प्रकारका रचनाहरू प्रकाशित भएको देखिन्छ । ख्यातिप्राप्त साहित्यकार र नवसर्जकहरूको दोहोरो समष्टिले गर्दा स्तर एउटै छैन ।

**ग) 'सम्प्रेषण' प्रकाशनमा नियमितता नहुनुको कारण के होला ?**

उत्तर: मोफसलबाट निस्कने प्रत्येक पत्रपत्रिकाहरूको कार्यकारी व्यक्तित्वहरू पेशागत हुनु, सरकारी सहयोग नहुनु जस्ता कारणहरूले चल्नु र टिक्नु नै ठूलो कुरा भएको छ ।

**घ) 'सम्प्रेषण'मा गजल विधालाई मात्र स्थान दिइन्छ भन्ने गरिन्छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर: त्यसो त होइन ! पत्रिका निकाल्न मुस्किल छ । गजलको क्षेत्रलाई नहेर्ने हो भने पत्रिका बिक्न छाड्छ । गजलमात्र रचना गरिएको छैनन सबै विधाका रचनाहरू छन् ।

देश परिवेश सुहाउँदो रचना गरिनुपर्ने हो । समाजको आवश्यकता र परिवेशलाई ध्यान दिएर निकाले राम्रो हुन्थ्यो ।

२- **पूर्णप्रसाद अधिकारीका अनुसार :**

**प्रश्नहरू :**

क) **चितवनका साहित्यिक पत्रपत्रिकाहरूमध्ये 'सम्प्रेषण' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर: **सम्प्रेषण** पूर्वी चितवनबाट प्रकाशित रामबाबु घिमिरेद्वारा सम्पादित छुट्टै पहिचान बोकेको पत्रिका हो । बहुदलीय प्रजातन्त्रको उपलब्धिसँगै नवीनतम् चिन्तन र दिशाबोध गर्ने अभिप्रायबाट यसको जन्म भएको हो । आजको युग सञ्चारको युग भएका कारण आफ्नो कुरा अरू समक्ष पुऱ्याउने अर्थ बहन गर्ने सम्प्रेषण विशुद्ध साहित्यिक पत्रिका हो । सम्पादकको लहडीपना जस्तै हालसम्म मन्द गतिमा अगाडि बढेको पत्रिका हो । निरन्तरता दिन नसक्नु यसको नियति हो भने भविष्यमा यसले नियमितताको गति लिन सकोस् भन्ने कामना गर्नु सार्थक होला ।

ख) **'सम्प्रेषण'मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर: कुनै पनि पत्रिकाको पहिलो अङ्क महत्त्वपूर्ण मानिन्छ । यस पत्रिकामा रहेका पहिलो अङ्कको सामग्रीहरू निबन्धात्मक रूपले विविधताको मसला बन्न गएका छन् । सम्पादक आफू पनि विशिष्ट निबन्धकार भएका कारणबाट यसको स्तरीयतामाथि प्रश्न उठाउने ठाउँ छैन । साजसज्जा र कलेवर राम्रो छ । युगीन दिशावोधलाई प्रतिबिम्बित गर्न स्तरीयताका दृष्टिले लालायित छ ।

ग) **'सम्प्रेषण' प्रकाशनमा नियमितता नहुनुको कारण के होला ?**

उत्तर: साहित्यलाई अनुत्पादक वस्तु ठान्ने हाम्रो सामाजिक चिन्तन र नवसम्भ्रान्तहरूको दृष्टिकोंण छ । राज्यले चलाएका पत्रिका बाहेक नेपालका धेरैजसो साहित्यिक पत्रपत्रिकाहरू जन्मने, हुर्कने र बेलैमा मर्ने नियति बोक्न बाध्य छन् । शारदा जस्तो जेठो पत्रिका त वि.सं. २०२० सालमा बन्द भएर वि.सं. २०६५ मा पुनः जागृत भएको छ तर त्यसको जीवन्ततामाथि प्रश्न उठ्न थालिसकेका छन् भने मोफसलबाट निस्कनु, विज्ञापनका लागि चाडपर्व प्रतिक्षा गर्नुपर्ने स्थिति हुनु यसलाई जीवन्त बनाउने आर्थिक र भौतिक सामर्थ्यताको अभाव हुनु जस्ता कारणले गर्दा यो एक किसिमको मौसमे बन्न गएको छ । रचना प्राप्त भए विज्ञापन पाइँदैन । मान्छेहरू

सुविधाभोगी, पलायनवादी र सांस्कृतिक विचलनले ग्रस्त छन् । साहित्यिक पत्रिका नियमित नहुनुमाथि लगायत अन्य धेरै कारणहरू छन् ।

घ) **'सम्प्रेषण'मा गजललाई मात्र स्थान दिइन्छ भन्ने गरिन्छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर: गजल कविताको गाजल हो । गाजलमा शीतलता र सौन्दर्यको अपेक्षा गरिन्छ । यी दुवै भएन भने गजल बन्न सक्दैन । वि.सं. २०५५ सालपछि स्थानीय गजल रेडियोको रूपमा एफ.एम.हरूको जन्मसँगै गजलमा जेजस्तो बाढी आयो । त्यसको प्रभावबाट सम्प्रेषण पनि अछुतो रहेन । युवापुस्ताको रहर र लहडका रूपमा लेखिएको गजलहरूको प्रकाशनले मात्र सम्प्रेषणको स्तर माथि उठ्दैन । एकदेखि तेह्रसम्मका अङ्कहरू स्तरीय छन् । म आफूले पनि दश अङ्कसम्मको समीक्षा गरेको छु । गजलका लागि गजल नभएर समसामयिक विषयका स्तरीय गजलहरूमा तीनओटै पुस्ता स्थापित, उदीयमान र प्रतिष्ठित गजलकारहरूका रचना राखियो भने स्तरीयतामा कमी आउँदैन ।

**३- तिलकराज शर्माका अनुसार :**

**प्रश्नहरू :**

क) **चितवनका साहित्यिक पत्रपत्रिकाहरूमध्ये 'सम्प्रेषण' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर: चितवनमा प्रकाशित पत्रपत्रिकाहरूको ऐतिहासिकतातर्फ फर्केर हेर्दा वि.सं. २०२७ सालपछि पत्रपत्रिकाहरू प्रकाशन हुने क्रम चल्यो । चितवनका उच्च शैक्षिक संस्थाहरूबाट पनि स्मारिका, मुखपत्रहरू प्रकाशन भए । यसै क्रममा वि.सं. २०४७ सालमा प्रजातन्त्रको पुन:स्थापनापछि वरिष्ठ साहित्यकार एवम् निबन्धकार रामबाबु घिमिरेको प्रधान सम्पादकत्वमा सम्प्रेषणको प्रकाशन हुनथाल्यो र म पनि सो पत्रिकाको संस्थापक सम्पादक भएर काम गर्दै आएको छु । खासगरी चितवनमा निस्केका पत्रिकाहरूभन्दा **सम्प्रेषण** यस अर्थमा फरक देखिन्छ कि यस पत्रिकामा लेख्ने लेखकहरू स्थानीय प्रतिभादेखि राष्ट्रिय स्तरका साहित्यकार लेखकहरूको रचनाहरू समेट्न सकेको छ । विधागत रूपमा भन्नुपर्दा कुनै एक विधालाई मात्र प्रधानता नदिएर भाषा साहित्यतर्फ मात्र नभई गीत, गजल, कविता, मुक्तक, कथा, आलेख तथा साहित्यिक संस्थागत परिचयहरू सम्पादन गरी प्रकाशन गर्न सक्षम छ । यस अर्थमा चितवनका अन्य पत्रपत्रिकाभन्दा **सम्प्रेषणले** छुट्टै अस्तित्व बोकेको छ ।

**ख) 'सम्प्रेषण' मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर: स्थानीय प्रतिभादेखि लिएर सबै वरिष्ठ साहित्यकारहरूको **सम्प्रेषणमा** प्रकाशित रचनाहरू बौद्धिक खुराकका रूपमा रहेका छन् । स्थानीय लेखकहरूका सिर्जनाका रूपमा बढी मात्रामा कविता, गीत, गजल र मुक्तक देख्न सकिन्छ भने सिद्धहस्त लेखकहरूका विभिन्न लेखहरू रहेका छन् ।

**ग) 'सम्प्रेषण' प्रकाशनमा नियमितता नहुनुको कारण के होला ?**

उत्तर: **सम्प्रेषण** प्रकाशनका क्रममा प्राय: नियमितता भएको देखिँदैन । यो महत्त्वपूर्ण प्रश्न सोध्नुभयो । यस प्रसङ्गमा मोफसलमा रहेर प्रकाशन हुने पत्रपत्रिकाहरू राष्ट्रिय स्तरमै स्थापित भएता पनि सहयोग, सद्भाव एवम् आर्थिक दृष्टिले समेत पछाडि परेको अनुभूति गरेको छु । प्रकाशनका क्रममा सम्पादक समूहका केही आफ्नै स्वकारणहरू पनि छन् भने चितवनको त्यो पनि पूर्व चितवनमा रहेर साहित्यिक पत्रपत्रिकाहरूको प्रकाशन गर्नका लागि आर्थिक सहयोगको रूपमा विज्ञापनहरूको समेत अभाव रहेको छ भने अन्य सरकारी तथा स्थानीय निकायको सहयोग पनि हामीले लिन सकेनौँ । त्यसकारणबाट पनि नियमितता नभएको हो भने ख्यातिप्राप्त साहित्यकारहरूको रचना सङ्कलन गर्ने क्रममा पनि केही ढिलाइ भएबाट पनि प्रकाशनमा निरन्तरता नभएको हो ।

**घ) 'सम्प्रेषण'मा गजललाई मात्र स्थान दिइन्छ भन्ने गरिन्छ, यहाँलाई कस्तो लाग्छ ?**

उत्तर: **सम्प्रेषणमा** गजललाई मात्र प्राथमिकता दिइन्छ भन्ने कुरामा म सहमत छैन । **सम्प्रेषणमा** छापिने क्रममा चितवनका स्थानीय प्रतिभाहरूलाई परिचयमा ल्याउने क्रममा केही गजलकारहरूका गजलहरू प्रकाशित भएका हुन सक्छन् । मोतीराम भट्टले गजलको शुरूवात् गरेपश्चात् वि.सं. २०५५ सालदेखि यता गजल साहित्य राष्ट्रभरि नै गजलमय भएको छ । त्यसको पनि **सम्प्रेषणमा** न्यून प्रभाव परेको हुन सक्छ तर, गजललाई मात्र स्थान नदिएर भाषा, साहित्यको विकास, व्याकरणको महत्त्व, ऐतिहासिक लेखहरू, आत्मपरक निबन्धहरू, हास्यव्यङ्ग्य, नियात्रा आदि विधामा धेरै लेखहरू रहेका छन् ।

### ४- धनराज गिरीका अनुसार :

**प्रश्नहरू :**

**क) चितवनका विभिन्न साहित्यिक पत्रिकाहरूमध्ये 'सम्प्रेषण' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर: एउटा छुट्टै इतिहास छ **सम्प्रेषण**को । यो विशिष्ट साहित्यिक पत्रिकालाई निरन्तरता दिनु आफैंमा एउटा चुनौति हो । तमाम अप्ठ्याराहरू पार गर्दै **सम्प्रेषण**ले यात्रा जारी राखेको छ । रामबाबु सरको जाँगरलाई मान्नैपर्दछ । साहित्यप्रतिको उहाँको समर्पण स्तुत्य छ । नेपालभरि नै पढिने यो स्तरीय साहित्यिक पत्रिका हो । नेपाल प्रेस काउन्सिलबाट पुरस्कृत भएको पत्रिका हो ।

**ख) 'सम्प्रेषण'मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर: म पनि **सम्प्रेषण**सित जोडिएको छु । आदिकालदेखि नै यसमा प्रकाशित रचनाहरू स्तरीय छन् । यसमा देशभरिका नाम चलेका सर्जकहरूको सिर्जना छापिन्छ । स्तरीयतामाथि शंका गर्नु पर्दैन ।

**ग) 'सम्प्रेषण' प्रकाशनमा नियमितता नहुनुको कारण के होला ?**

उत्तर: यसका आफ्नै प्रविधिक कारणहरू छन् । विज्ञापन नपाइनु, भनेजस्ता लेख रचना नपाइनु र हामी सम्पादकहरू अन्य काममा अलि व्यस्त रहनुपरेकोले यस्तो भएको हो । ढिलासुस्ती हाम्रो परिचय भइसकेको छ ।

**घ) 'सम्प्रेषण'मा गजललाई मात्र स्थान दिइन्छ भन्ने गरिन्छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर: यो सत्य होइन । हो, वर्तमान गजलमय भएको छ तर **सम्प्रेषण**मा सवै विधाहरूले उचित स्थान पाएका छन् ।

### ५- केदारनाथ खनालका अनुसार :

**प्रश्नहरू :**

**क) चितवनका विभिन्न साहित्यिक पत्रिकाहरूमध्ये 'सम्प्रेषण' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?**

उत्तर: स्तरीय र राम्रो छ । प्रजातन्त्रको पुनर्वहालीपछि निस्केको पत्रिका हो । पहिले पहिलेका कतिपय अङ्कहरूमा स्वयम् आफैं कार्यकारी सम्पादक भएर काम गरें ।

**ख) 'सम्प्रेषण'मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?**

उत्तर: सबै किसिमका रचनाहरू छन् । स्थापित र नवसर्जकहरू मोफसल र केन्द्रका राष्ट्रिय सर्जकहरू दुवैको मिश्रित छ ।

**ग) 'सम्प्रेषण' प्रकाशनमा नियमितता नहुनुको कारण के होला ?**

उत्तर: **सम्प्रेषण** पत्रिकाका प्रधान सम्पादक जस्तै नियमित छैन । स्वतन्त्र र स्वच्छन्दतातर्फ उन्मुख छ ।

**घ) 'सम्प्रेषण'मा गजललाई मात्र स्थान दिइन्छ भन्ने गरिन्छ । यहाँलाई कस्तो लाग्छ ?**

उत्तर: यो भनाइ गलत हो । सबै विधा समावेश गरिन्छ । कतैकतै गजल पनि भेटिन्छन् तर सबै विधालाई उत्तिक्कै महत्त्व दिइएको भेटिन्छ ।

# परिशिष्ट खण्ड

**परिशिष्ट** (क) **अन्तर्वार्ता**

**सम्प्रेषण** साहित्यिक पत्रिकाका सम्बन्धमा विभिन्न साहित्यिक व्यक्तित्वहरूसँग लिइएको लिखित अन्तर्वार्ता यसप्रकार छ :

(१) ............................................ का अनुसार

क) चितवनका साहित्यिक पत्रपत्रिकाहरू मध्ये 'सम्प्रेषण' पत्रिकालाई यहाँले कस्तो मान्नुहुन्छ ?

ख) **सम्प्रेषण**मा कुन स्तरको रचना प्रकाशित भएको पाउनुहुन्छ ?

ग) **सम्प्रेषण** प्रकाशनमा नियमितता नहुनुको कारण के होला ?

घ) **सम्प्रेषण**मा गजल विधालाई मात्र स्थान दिइन्छ भन्ने गरिन्छ । यहाँलाई कस्तो लाग्छ ?

# शोध सार

| | | |
|---|---|---|
| शोध शीर्षक | - | सम्प्रेषण साहित्यिक पत्रिकाको अध्ययन र विश्लेषण । |
| शोध प्रयोजन | - | त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभाग स्नातकोत्तर तहको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि । |
| शोधार्थी | - | प्रतिमा न्यौपाने |
| शैक्षिक सत्र | - | वि.सं. २०६२-०६४ |
| शोध निर्देशक | - | कपिलमणि शर्मा |
| विभाग | - | नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन |

भाषा र साहित्य राष्ट्रलाई गर्वित तुल्याउने विषय हुन् । भाषा र साहित्यलाई अगाडि बढाउने विभिन्न माध्यहरू मध्ये साहित्यिक पत्रपत्रिकाहरूले पनि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । चितवनबाट प्रकाशित हुने विभिन्न साहित्यिक पत्रपत्रिकाहरूले पनि नेपाली साहित्यलाई अगाडि बढाउने काम गरेको देखिन्छ । त्यसमध्ये **सम्प्रेषण** पनि एउटा महत्त्वपूर्ण साहित्यिक पत्रिका हो । जसको शोध हुन नसकेको वस्तुथ्यलाई ध्यानमा राखेर प्रस्तुत शोधपत्र तयार पार्ने काम गरिएको छ ।

प्रस्तुत शोधपत्रको बाह्य संरचनालाई व्यवस्थित रूप दिन निम्न पाँच परिच्छेद र परिशिष्टसहित छ भागमा विभाजन गरिएको छ :

### पहिलो परिच्छेद

परिच्छेद एकमा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको क्षेत्र र सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा रहेका छन् ।

### दोस्रो परिच्छेद

यस परिच्छेदमा चितवन जिल्लाको भौगोलिक परिचयका साथै चितवनबाट प्रकाशन हुने पत्रपत्रिकाहरूमा **सम्प्रेषणको** के कस्तो स्थान रहेको छ सो कुरा जानकारी दिइएको छ ।

### तेस्रो परिच्छेद

तेस्रो परिच्छेदमा **सम्प्रेषण** साहित्यिक पत्रिकाको अङ्क एकदेखि अङ्क अठारसम्म प्रकाशित भएका कविता, मुक्तक, गीत, गजल, कथा, निबन्ध, समालोचना, समीक्षा, अन्तर्वार्ता र विविध स्तम्भहरूलाई विधागत वर्गीकरण गरी लेखकको नाम, रचनाको शीर्षक, अङ्क प्रकाशन वर्ष र पृष्ठसङ्ख्या समेत राखेर देखाइएको छ ।

**चौथो परिच्छेद**

परिच्छेद चारमा **सम्प्रेषण** साहित्यिक पत्रिकाको अङ्क एकदेखि अठारसम्मका विविध रचनाहरूको विधागतरूपमा विश्लेषण गरिएको छ ।

**पाँचौं परिच्छेद**

यस परिच्छेदमा शोधपत्रको उपसंहार प्रस्तुत गरिएको छ । यसरी अध्ययनका सन्दर्भमा शोधपत्रको अग्रभाग तथा सन्दर्भग्रन्थसूची, परिशिष्टाङ्क सहित अन्तिम भाग समावेश गरेर सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिशिष्ट

परिशिष्टमा निम्न कुराहरू समावेश गरिएका छन् :

१) अन्तर्वार्ता

शोधकार्यका क्रममा **सम्प्रेषण** पत्रिकासँग सम्बन्धित विभिन्न व्यक्तित्वसँग लिइएको अन्तर्वार्ता रहेको छ ।

२) आवरण पृष्ठ

**सम्प्रेषण** साहित्यिक पत्रिकाको एकदेखि अठारौं अङ्कसम्मका आवरण पृष्ठलाई अङ्क क्रमअनुसार प्रस्तुत गरिएको छ ।

# परिशिष्ट : ख

## सम्प्रेषणको आवरण पृष्ठ (अङ्कक्रमअनुसार)

